# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ४० पूर्णाङ्क ४६६ | २०८३ वैशाख ७ गते सोमबार | Monday 20 April, 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।–


## मोहन वैद्य रचित दार्शनिक कृति ‘हिमाली दर्शन’बारे चितवनमा विवेचना




चितवन । बीसको दशकदेखि नेपाली कम्युनिस्ट आन्दोलनमा अनवरत लाग्दै आउनुभएका अग्रणि एवम् क्रान्तिकारी नेता मोहन वैद्य किरणले बाँकी ६ पेजमा

### अमेरिकी साम्राज्यवादको कठ्पुतली बालेन सरकार :

# जनघात र राष्ट्रघातको चाङ लाउँदै

काठमाडौं । विभिन्न अध्ययन र घटनाक्रमले साबित गरेको छ कि बालेन्द्र शाहलाई सन् २०१५ देखि नै अमेरिकी साम्राज्यवादले हर्काउन र बढाउन सुरु गरेको थियो । सन् २०२२ मा काठमाडौंको मेयर बनाइएका उनी २०२५ सेप्टेम्बरको जेनजी विद्रोहसँगै शक्तिको केन्द्रमा स्थापित गरियो । र, २०२६ मार्च ५ को प्रायोजित निर्वाचनबाट उनी र उनी सम्बद्ध पार्टीलाई करिब दुई तिहाइको मत दिलाइयो । सार्वजनिक रूपमा स्थापित भाष्यजस्तै एकातिर अमेरिका, आर्मी र अल्गोरिद्म, अर्कोतिर डायस्पोरा, डिजिटल र डेमोग्राफीको रणनीतिक प्रयोगबाट यो शक्तिलाई सत्तासिन गराइयो । यो सबै विकसित घटनाक्रम नेपालबाट ‘कम्युनिस्ट आन्दोलन’को अस्तित्व मेटाउने, नेपालमा चिनियाँ प्रभावलाई निषेध गर्ने र रणनीतिक रूपमा चीन र भारत दुवैलाई साइजमा राख्न नेपालको भूमि, यहाँको कच्चा पदार्थ र यहाँको सस्तो श्रमलाई दुरूपयोग गर्ने उद्देश्यबाट परिलक्षित छन् । मार्च २७ मा सत्ता सम्हालेयता बालेन्द्र शाहले पहिलो क्याबिनेटबाट पारित गरेका १०० बुँदे कार्ययोजना, शासकीय सुधारका लागि भनेर सार्वजनिक गरिएका १८ बुँदे राष्ट्रिय प्रतिबद्धता पत्र, माथिल्लो मुस्ताङको युरेनियम खोज अनुसन्धानका लागि अमेरिकी र अष्ट्रेलियाली वैज्ञानिकहरूलाई दिने फागुन २४ को निर्णय, बिनाविकल्प सुकुम्बासी बस्तीमा जोडर लगाएर गरेको उठिबास, दक्षिण एशियामै सबैभन्दा धेरै पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि, अनि प्रधानमन्त्री बालेन्द्र शाहको विरोधमा भिडियो बनाएको आरोपमा नागरिकहरूमाथि धरपकड गर्ने, जेल हाल्ने तथा राज्यआतंक सिर्जना गर्ने लगायतका गतिविधिले बालेन्द्र सरकारले राष्ट्रघात र जनघातमा विगतका दलाल सरकारहरूलाई प्रारम्भमै माथ गर्न थालेको देखिएको छ ।

बालेन सरकारको राष्ट्रघात

एक स्रोतको दावी अनुसार सुशिला कार्की नेतृत्वको अन्तरिम सरकारले जाँदाजाँदै निर्वाचन सकिएको तीनदिनपछि फागुन २४ गते राती ८ बजे सरकारले मुस्ताङमा रहेको युरेनियम अमेरिकी र अष्ट्रेलियन वैज्ञानिकहरूलाई दिने सम्झौता गरिसकेको छ । अपर मुस्ताङको लोमान्थाङमा रहेको भनिएको युरोनियम प्रशोधनको जिम्मा नेपाली सेनाको रोहवरमा अमेरिका-अष्ट्रेलियाको प्राविधिक टिमलाई संयुक्त रूपले दिने सम्झौता भएमुताविक बालेन सरकारले अब कार्यान्वयनको तयारी गरेको छ ।

सरकारले युरेनियम भण्डारण रहेको भनिएको अपर मुस्ताङको लोमान्थाङमा ३० वर्ग किलोमिटर क्षेत्रलाई ‘मुस्ताङ स्पेशल जोन(एमएसजेड)का रूपमा घोषणा गर्नेछ । प्रस्ताव अनुसार उच्च सुरक्षा अनुसन्धान क्षेत्रका रूपमा अघि सार्दै सो खण्डमा नेपाली सेना र अष्ट्रेलियन-युएस टेक्निकल टिमलाई विशेष पहुँच दिने भनिएको छ ।

रेअर अर्थ र क्रिटिकल मिनरल्स (युरेनियमसहित) मा रहेको चिनियाँ वर्चस्व कम गर्न अमेरिकाको नेतृत्वमा प्याक्स सिलिका गठन गरिएको छ । सोहि संगठन मार्फत मुस्ताङको युरेनियम सहित अन्य रेअर अर्थ मिनरल्स उत्खनन् गर्ने बारे तयारी भएको स्रोतहरूको दावी छ ।

मुस्ताङमा रहेको युरेनियम उत्खननका लागि आवश्यक पर्ने विद्युत एमसिसि परियोजनाबाट ल्याउने भनिएको छ । यसले एमसीसी अन्तर्गत बनाइने प्रसारण लाइनहरूलाई पहाडी क्षेत्रमा निर्माण हुने नयाँ एड्ज एआई डाटा सेन्टरहरूको ऊर्जा आवश्यकतासँग प्रत्यक्ष रूपमा जोड्छ भनिएको छ ।

नेपालसँग भएको भनिएको सम्झौता “हिमालयन रिसोर्स एण्ड डिजिटल सेक्युरिटी एनेक्स” अन्तर्गत गरिएको हो । फेब्रुअरी २०, २०२६ मा भारतको नयाँ दिल्लीमा भएको ग्लोबल एआई इम्प्याक्ट समिटमा भारतले प्याक्स सिलिकामा सहभागिता जनाएको छ । यसले नेपाललाई पनि क्षेत्रीय सिलिकन स्टेक क्षष्ठिअयल क्तबअप मा सहभागी हुन सजिलो भएको सम्झौतामा दाबी गरिएको छ ।

निर्वाचनको रात (मार्च ५, २०२६) चुनावको रात रास्वपाको पक्षमा नतिजा आउन थालेपछि, संचार मन्त्रालय र प्याक्स सिलिकाका प्राविधिक सल्लाहकारबीच “डिजिटल ह्यास” सुरक्षित राख्न प्रारम्भिक सहमति गरिएको दाबी स्रोतले गरेको छ ।

मुस्ताङ स्पेशल जोन (ःगकतबलन क्उभअर्ष्बा श्यलभ (ःक्श) लोमान्थाङको ३० वर्ग किलोमिटर युरेनियम भण्डारलाई “उच्च सुरक्षा अनुसन्धान क्षेत्र” घोषणा गरिएको छ, जहाँ नेपाली सेना र अष्ट्रेलिया-अमेरिकी प्राविधिक टोलीलाई विशेष पहुँच दिइएको छ । नबिकक द्ययह सुरक्षा नियमहरू लागू गरिनेछन्, जसले सीमामा फाइबर-अप्टिक ट्राफिक निगरानी गरेर सुरक्षा सतर्कता बढाइने उल्लेख छ । एमसीसी परियोजनालाई डाटा सेन्टरहरूको ऊर्जा आवश्यकतासँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

प्याक्स सिलिका डिसेम्बर २०२५ मा संयुक्त राज्य अमेरिकाद्वारा सुरु गरिएको एक रणनीतिक पहल हो । जसले एआई युगका लागि आधारभूत प्रविधिहरू–जस्तै सिलिकन, सेमिकन्डक्टर, उन्नत कम्प्युटिङ, महत्वपूर्ण खनिजहरू, र एआई पूर्वाधार–का लागि सुरक्षित, लचिलो बाँकी ७ पेजमा

## मुस्ताङमा युरेनियम उत्खनन् गर्न अनुमति दिने राष्ट्रघाती कदम रोक्न जोडदार माग

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले मुस्ताङमा युरेनियम उत्खनन् गर्न अनुमति दिने राष्ट्रघाती कदम रोक्न सरकारसँग जोडदार माग गरेको छ । पार्टीका प्रवक्ता सुदर्शनले जारी गरेको प्रेस वक्तव्यमा नेपालको मुस्ताङ जिल्ला अन्तर्गत उपल्लो मुस्ताङको लोमान्थाङमा नेपाली सेनाको रोहबरमा अमेरिका र अस्ट्रेलियाको संयुक्त प्राविधिक टोलीलाई सरकारले युरेनियम उत्खनन् गर्ने अनुमति दिँदैछ भन्ने समाचारले पार्टीको गम्भीर ध्यानाकर्षण उल्लेख गर्दै यस प्रकारका राष्ट्रघाती कदम रोक्न कठपुतली बालेन्द्र सरकारसँग जोडदार माग गरिएको हो ।

वक्तव्यमा भनिएको छ, २०८३ वैशाख ३ गते प्रकाशित एक अनलाइन पत्रिकाका अनुसार यसबारे विस्तृत जानकारी दिँदै अमेरिकी नेतृत्वको “प्याक्स सिलिका”नामक बाँकी ७ पेजमा

### क्रान्तिकारी ट्रेड यूनियन महासंघको मई दिवसको पर्चा सार्वजनिक :

# ‘लोकतान्त्रिक अधिकार कुण्ठित गर्ने सरकारी षड्यन्त्रको बिरोध गरौं !’

काठमाडौं । क्रान्तिकारी ट्रेड युनियन महासंघले मई दिवसलाई लक्षित गरी पर्चा तथा अपील सार्वजनिक गरेको छ । ‘लोकतान्त्रिक अधिकार कुण्ठित गर्ने सरकारी षड्यन्त्रको बिरोध गरौं !’ शीर्षकमा सार्वजनिक पर्चामा वर्तमान बोलन्द्र शाहले संविधान र कानुनले दिएका मौलिक अधिकारलाई समेत कुण्ठित गरेर मजदुर-विद्यार्थी संघ संगठनमाथि प्रतिबन्ध लगाउने योजना सार्वजनिक भएको भन्दै सरकारको विरोध गरिएको छ । र, छन । लगानी मैत्री व्यवस्था र कानुन बनाउने नाममा श्रमिकवर्गले उपभोग गरेका सिमित अधिकार समेत वलात खोस्ने प्रयत्न हुँदै छ ।




अपीलमा भनिएको छ, “चर्को मुल्य वृद्धि,रोजगारीको अभाव,लोकतान्त्रिक अधिकार कटौतीको सरकारी योजानको बिरोधसहित हामी १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा बैशाख १ गते देखि कारखाना, श्रम प्रतिष्ठानहरूमा मजदुरहरूका मुद्दाहरूमा छलफल र जागरण कार्यक्रम सहित अभियान सन्चालन गर्दै बैशाख १८ गते देशका मुख्य सहरमा समापन सभा गर्ने छौं । निर्धारित कार्यक्रममा सक्रिय सहभागी भएर मई दिवसको गौरवशाली परम्परा कायम गर्दै जनगणतान्त्रिक ब्यबस्था स्थापना गर्ने उद्देश्यलाई आधार बनाएर एकताबद्द हुन देशभक्त,वामपन्थी,लोकतान्त्रिक,क्रान्तिकारी शक्तिहरूलाइ हार्दिक अपील गर्दछौं ।”

अपीलमा १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस जिन्दावाद, संसारका मजदुर तथा उपिडित जनसमुदाय एक हौं, बढ्दो महङ्गी नियन्त्रण गर, संघ संगठनमाथि अङ्कुश लगाउने निति खारेज गर, मजदुरहरूको तलब, ज्याला १०० प्रतिशत वृद्धि गर, मजदुरहरूलाई स्थायी रोजगारी सुनिश्चित गर, मजदुरहरूलाई सामाजिक सुरक्षा सुनिश्चित गर, अस्थायी,करार,ठेकेदारी,ज्यालादारी प्रणाली खारेज गर, संगठित हुने, मागहरू राख्ने एवं हडतालको अधिकार सुनिश्चित गर, हायर एण्ड फायर,नो वर्क नो पे नीति खारेज गर’ लगायतका नाराहरू प्रस्तुत गरिएको छ ।

***यस्तो अपीलको पूर्ण पाठ :***

**“लोकतान्त्रिक अधिकार कुण्ठित गर्ने सरकारी षड्यन्त्रको बिरोध गरौं !**

***आदरणीय मजदुर साथीहरू,***

यही २०८३ बैशाख १८ गते तदनुसार मई १ तारिक १३७ औं बाँकी ७ पृष्ठमा

## केन्द्रीय संयुक्त संघर्ष समितिले वैशाख ११ गते गोष्ठी गर्ने

काठमाडौं । केन्द्रीय संयुक्त सङ्घर्ष समितिले वैशाख ११ गते गोष्ठी गर्ने भएको छ । केन्द्रीय संयुक्त सङ्घर्ष समितिका संयोजक गौरवले २०८३ वैशाख ४ गते जारी गरेको प्रेस वक्तव्यमा सो जानकारी गराइएको छ ।

***प्रेस वक्तव्य***

“२०८३ वैशाख ४ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल र नेपाल कम्युनिस्ट पार्टीका बीच गठित केन्द्रीय संयुक्त सङ्घर्ष समितिको बैठक समितिका संयोजक क. गौरवको अध्यक्षतामा बस्यो । वैठकले समसामयिक राजनीतिक परिस्थितिको बारेमा समीक्षा गरी यही वैशाख ११ गते “वर्तमान राजनीतिक परिस्थिति र आगामी बाटो” शीर्षकमा विचार गोष्ठी गर्ने निर्णय गरेको छ । गोष्ठीको समय र स्थानबारे पछि जानकारी गराइने छ ।”

## बिनाविकल्प सुकुम्बासी बस्तीमा डोजर लगाएर उठिबास

काठमाडौं, सुनसरी, बुटवल र रौतहटमा डोजर लगाएर बालेन सरकारले गरिब सुकुम्बासीलाई उठिबास लगाएको छ । काठमाडौंको टोखा, पशुपति क्षेत्र, सुनसरी, बुटवल र रौतहटका विभिन्न स्थानमा सुकुम्बासी बस्तीमा डोजर लगाएर उठिबास लगाइएको छ । गरिब, निमुखा जनतामाथि बालेन सरकारले निर्मम, बाँकी २ पृष्ठमा

## पेट्रोलियम पदार्थको मूल्यवृद्धि र महंगीका विरुद्ध संयुक्त विद्यार्थी संगठनको प्रदर्शन



काठमाण्डौ । संयुक्त विद्यार्थी संगठनको आयोजनामा काठमाण्डौको माइतीघरमा विद्यार्थीहरूले प्रदर्शन गरेका छन् । पछिल्लो समय सरकारले पेट्रोलियम पदार्थमा अस्वाभाविक बाँकी ७ पृष्ठमा

## नेपालमा नवउपनिवेशवाद र अदृश्य शक्ति संरचना



● सुरेश श्रेष्ठ ●

***भूमिका***

दोस्रो विश्वयुद्धको अन्त्यसँगै प्रत्यक्ष औपनिवेशिक शासनको युग समाप्त भए पनि शक्तिशाली राष्ट्रहरूले आफ्नो प्रभाव विस्तार गर्ने नयाँ, सूक्ष्म र अप्रत्यक्ष उपायहरू विकास गर्दै आएको छ । यसै प्रक्रियालाई नवउपनिवेशवाद (Neocolonialism) भनिन्छ । नवउपनिवेशवादले कुनै पनि राष्ट्रको भौगोलिक स्वतन्त्रता स्वीकार गरे पनि त्यसको आर्थिक, राजनीतिक, सुरक्षा तथा सांस्कृतिक निर्णय प्रक्रियामा बाह्य प्रभाव कायम राख्ने गर्छ ।

घाना का पहिलो राष्ट्रपति तथा नवउपनिवेशवादी सिद्धान्तका व्याख्याता क्वामे न्क्रुमा (Kwame Nkrumah) का अनुसार “राजनीतिक स्वतन्त्रता प्राप्त भए पनि आर्थिक नियन्त्रण बाह्य शक्तिको हातमा रह्यो भने त्यो वास्तविक स्वतन्त्रता होइन ।” नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि यो अवधारणा विशेष रूपमा सान्दर्भिक छ, किनभने यहाँ विकास, सहायता र सुरक्षा सहकार्यका नाममा बाह्य प्रभाव क्रमशः विस्तार हुँदै गएको देखिन्छ ।

***१. आर्थिक नियन्त्रण र ऋणको निर्भरता***

नवउपनिवेशवादको सबैभन्दा प्रभावकारी माध्यम आर्थिक निर्भरता हो । विकासका लागि लिइने ऋणले दीर्घकालमा नीतिगत स्वतन्त्रतालाई सीमित गर्न सक्छ । नेपालको सार्वजनिक ऋण हाल न्मए को करिव ४०-४५% पुगेको छ । विश्व बैंक, एशियाली विकास बैंक र अन्य दातृ संस्थाबाट प्राप्त ऋणले पूर्वाधार विकासमा सहयोग पुऱ्याए पनि भविष्यमा बजेटको ठूलो हिस्सा ऋण सेवा (Debt बाँकी ७ पृष्ठमा

## सम्पादकीय

# बालेन सरकारको फासिवादी कदम र जनप्रतिरोधको खाँचो

बालेन सरकारले आफ्नो वर्गचरित्र प्रदर्शन गरेको छ । र, आफैले साबित गरिरहेको छ कि यो सरकार गरिब, निमुखा, सुकुम्बासीको होइन, धनाढ्य, विदेशी दलाल पुँजीपतिवर्गको हो । सुकुम्बासी, सडक अतिक्रमण हटाउने र व्यवस्थित गराउने नाममा गरिब, निमुखामाथि बालेन सरकारले राज्यआतंक सिर्जना गरेको छ । गरिबका टिनका छाप्राहरुमा डोजर चलाएर उठिबास लगाइरहेको छ । कमजोर, निरीह नागरिकमाथि राज्यले क्रूर दमन गरेका दृश्यहरु दिनदिनै सार्वजनिक भइरहेका छन् । प्रहरी टोलीले महिला, जेष्ठ नागरिक, साना बालबालिका तथा सुत्केरी महिलालाई समेत लछारपछार पार्दै गरेको दृश्य सामाजिक सञ्जालमा भाइरल भइरहेका छन् ।

नगर प्रहरीको टोलीले सुनसरीको दुहवीमा सुकुम्बासी बस्तीमा रहेको आफ्नो टहरो जोगाउदै गरेकी महिलालाई एउटा रुखमा हात पछाडि पारेर घाँटी झ्याकेको दृश्यले सामाजिक सञ्जालमा खुबै चर्चा र आलोचना बटुलिरहेको छ । त्यस्तै, अर्को सुत्केरी महिला आफ्नो दुधे बालक लिएर कहाँ जाउँ ? भनेर रुदै सरकारसँग याचना गरेकी छिन् । उनी भन्छिन्, 'यो सानो बच्चा लिएर म कहाँ जाउँ ? अर्को पनि मेरो बच्चा छ । यिनीहरु लिएर म कहाँ जाउँ ?'

त्यसैगरी, अर्का दुई नाबालिक बालिकाहरु अभिभावक नहुँदाको अवस्थामा घर भत्काइँदा अत्तालिएका छन् । उनीहरुले रुँदै गुहार मागेका छन्, 'बुवा कहाँ हुनुहुन्छ ? हामीलाई लिन आउनुहोस् ।'

सडक विस्तारकै क्रममा पनि नगर प्रहरीले व्यवसायीहरुको सामान जफत गरेको देखिएको छ । व्यवसायीका कतिपय सामान सडकमै लथालिङ छाडिएको छ । भाँडाकुडा, लत्ताकपडा, व्यागजस्ता सामान नगर प्रहरीले लुटपाट गरेको देखिन्छ । यसबाट सानो लगानीमा व्यवसाय गरिरहेका व्यापारीहरु आतङ्कित बनेका छन् । नगरपालिका गुण्डागर्दी शैलीमा आफूहरुमाथि आक्रमणमा उत्रिएको बुटवलका व्यवसायीहरुको आरोप छ । पसलको पेटीमा राखेका सामानहरु उठाएर भित्र हाल्छु भन्दा पनि नगर प्रहरीले नमानेर सामान लुटपाट गरेका दृश्यहरु सामाजिक सञ्जालमा भाइरल छन् । यस्ता मानवता हराएका दृश्यहरुले राज्यको फासिवादी चरित्रलाई उदांगो पारेको छ ।

राज्यको फासिवादी दमन, अपराध र अत्याचारले छोटै अवधिमा सीमा नाघ्न थालेको छ । जनताले रास्वपा र बालेन सरकारको राष्ट्रघाती र जनघाती चरित्रलाई विस्तारै बुझ्दै गएका छन् । भ्रमका पर्दाहरु च्यातिदै गएका छन् । षड्यन्त्रहरुको पर्दाफास हुँदैछ । जेनजी आन्दोलनका हाइज्याकरहरु को थिए ? बिचौलिया, माफिया र विदेशी दलालहरुले कसरी देशको सत्ता कब्जा गर्ने स्थिति पैदा भयो ? र, नेपाली जनतालाई प्रविधिको प्रयोग गरेर कसरी एकहोरो बनाइयो र उनीहरुको वास्तविक अनुहार के हो ? भन्ने कुरा दिनदिनै उजार भइरहेका छन् । माफिया गिरोहका मतियार सुदन गुरुङ कसरी जेनजी आन्दोलनका मुख्य नाइके बनाइएका रहेछन् भन्ने कुरा पनि नेपाली जनताले छाटै अवधिमा बुझ्दैछन् । उनले कसरी अकूत सम्पत्ति जोडेका रहेछन् भन्ने कुरा पनि जनसर्वसाधारणले थाहा पाउँदै गएका छन् । रास्वपा र बालेन सरकारका मन्त्रिहरु छोटै अवधिमा स्खलित हुँदै गएका छन् । उनीहरुको गैरराजनीतिक चरित्र र गैरकानुनी धन्दाको पर्दाफाससँगै गृहमन्त्री स्वम् अब जेल जाने स्थितिमा पुगेका छन् । सुदन गुरुङको हतियार माफिया दिपक भट्टसँगको नेक्ससले उनीको माफियागिरीको पर्दाफास भएको छ । जेनजी विद्रोहमा राज्यका विध्वंश मच्चाउनेहरुको नाइकेको रुपमा परिचित सुदन गुरुङलाई तत्काल बर्खास्त गरेर पक्राउ गर्नुपर्ने माग जेनजीहरुले नै उठाउन थालेका छन् । अतिले खती निम्त्याउँछ भनेझैं अब बालेन सरकार र रास्वपामाथि प्रश्नैप्रश्नहरुको चाङ लाग्न थालेको छ । र, रास्वपालाई मत दिने जनताले पुर्पुरोमा हात राखेर पछुताउन थालेका छन् ।

बर्षौदेखि राजनीतिक रुपमा सचेत, संगठित र संघर्षबाट स्थापित संघ संस्थाहरुलाई खारेज गरेर साम्राज्यवादी डिजाइनमा जे जस्तो प्लटिङ गरेर नेपाललाई भूराजनीतिक द्वन्द्वमा फसाउन खोजिएको छ । हरेक नागरिक, राजनीतिक समाज, सञ्चार जगत र यो देशका सच्चा देशभक्त, कम्युनिस्ट क्रान्तिकारी, वामपन्थी, सच्चा लोकतन्त्र तथा गणतन्त्रवादीहरु एकजुट भएर राज्यको फासिवादी चरित्र, राष्ट्रघाती र जनघाती कदमको सशक्त भण्डाफोरसहित प्रतिरोध आन्दोलन अगाडि बढाउन जरुरी छ । संघर्षबाट स्थापित जनअधिकारको रक्षा गर्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा आन्दोलनलाई संगठित गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# नेपालमा बढ्दो विदेशी चासो र वर्तमान सरकार



● डा. केशव देवकोटा ●

**नेपालमा हाल आवश्यकताभन्दा बढी चासो दिनेकरूपमा चीन, भारत र अमेरिकालाई लिइन्छ । नेपालमा हाल सत्ता र शक्तिमा रहेकाहरू दलहरूका बीचमा द्वन्द शुरु गराएर आन्तरिक एकतालाई कमजोर बनाउने प्रयासमा लागेका छन्भने अर्कातिर आफू बलियो देखाउनका लागि विदेशी पक्षधरता लिनेगरेको पनि देखिएको छ । नेपालको आन्तरिक एकता बलियो बनाउन बारम्बार राजनीतिक सम्मेलन र बिद्यमान राजनीतिक ब्यवस्थामा जनपक्षीय सुधार हुनुपर्छ ।**

नेपालमा गत चैत १३ गते नयाँ सरकार गठन हुनासाथ एकाएक विदेशी चासो बढेको देखिएको छ । संसद र सरकार दुबैले पूर्णता पाउनासाथ गतसाता नेपालका लागि चीनका राजदूत चाड माओमिङबिचले गृहमन्त्री सुधन गुरुङलाई भेटेर चिनियाँ चासो ब्यक्त गरेको देखिएको थियो । सो भेटमा गृहमन्त्री गुरुङले राजदूतका कुरा सुनिसकेपछि नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहेको बताउँदै नेपालको भूमिमा चीनविरुद्ध कुनै गतिविधि हुननदिने प्रतिबद्धता दोहोऱ्याउनु परेको थियो । उहाँले नेपालको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षागर्न सरकार सधैं सचेत रहेको पनि बताउनुभएको भनिएको थियो । त्यसक्रममा मन्त्री गुरुङले नेपालमा भिसा नवीकरण नगरी अवैध रूपमा बसेका चिनियाँ नागरिकलाई स्वदेश फिर्तागर्ने, चीनको सहयोगमा सञ्चालित आयोजना समयमै सम्पन्नगर्ने, नेपाल-चीन रेलमार्ग निर्माण अघिबढाउन तथा द्विपक्षीय व्यापार सहजीकरणमा थप पहलगर्ने बिषय उठान गर्नुभएको भनिएको थियो । त्यतिबेला चिनियाँ पक्षले नेपालको सुरक्षा निकायको क्षमता अभिवृद्धिमा सहयोगगर्न तत्पर रहेको जनाएको थियो । झण्डै सोही समयमा हिन्द महासागरीय सम्मेलनमा सहभागी हुन मौरिससको पोर्ट लुई पुग्नुभएका नेपालका परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय विदेशमन्त्रि डा. एस जयशंकरबीच भेटवार्ता भएको थियो । त्यतिबेला दुई नेताबीच नेपाल र भारतबीचको दीर्घकालीन र बहुआयामिक सम्बन्धबारे समीक्षा गरिएको भनिएको थियो । दुवै पक्षले दुई देशबीचको सहकार्यलाई अझ सुदृढ बनाउने साझा प्रतिबद्धता जनाएको भनिएको थियो । त्यसपछि केही समय नेपालका नयाँ प्रधानमन्त्रिको पहिलो विदेश भ्रमण भारतबाटै हुने चर्चा चल्योभने सो भ्रमणको प्रबन्धका लागि भारतीय विदेश सचिव बिक्रम मिश्री नेपाल आउने तयारी भएका टिकाटिप्पणीहरू पनि भए । यसैबीचमा एकाएक अमेरिकाको दक्षिण तथा मध्य एशिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर तीनदिने नेपाल भ्रमणका निम्ति यही वैशाख सातगते काठमाडौं आउने समाचार बाहिर आएको छ । नेपाल भ्रमणमा रहँदा कपुरले उच्चस्तरीय भेटवार्तागर्ने कार्यक्रम रहेको भनिए पनि खास कार्यतालिका र भेटको तालिका सार्बजनिक गरिएको छैन । उहाँ आगामी नौगते स्वदेश फर्कने भ्रमणतालिका भने सार्बजनिक भैसकेको छ ।

गत फागुन २१ गतेको निर्वाचनबाट झण्डै दुईतिहाइ सिट जितेको रास्वपा नेतृत्वको सरकारसँग सम्बन्ध सुधारगर्न अमेरिकी सहायक विदेशमन्त्री नेपाल आउन लाग्नुभएको भनिएको छ । भनिन्छ कपुरले नेपाल भ्रमणकाक्रममा सरकारका प्राथमिकताहरू सुन्ने र त्यसमा वाशिंटनले के कसरी सहकार्यगर्न चाहन्छभन्ने सन्देश प्रवाहगर्ने भनिएको छ । भ्रमणकाक्रममा सहायक विदेशमन्त्री कपुरले अर्थमन्त्री स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल र नेपाल-अमेरिका उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यलगायतलाई भेट्ने कार्यक्रमभने तयभैसकेको भनिएको छ । यसरी अमेरिकी सहायक विदेशमन्त्रि नेपाल आउँदैगर्दा अर्थमन्त्रि वाग्लेलेभने आफूहरू ०७२ को संविधानप्रति प्रतिबद्ध रहेको प्रतिक्रिया दिनुभएको छ । गत फेब्रुअरीमा बंगलादेशमा नयाँ सरकार बनेलगत्तै कपुरले त्यहाँको पनि भ्रमण गर्नुभएको थियो । त्यसक्रममा उहाँले बंगलादेशको सरकारका विदेशमन्त्री खलिलुर रहमान र राज्यमन्त्री शमा ओबेद इस्लामलगायतका उच्च अधिकारीहरूलाई भेट्नु भएको समाचार बाहिर आएको थियो । यसरी एकातिर नेपालमा नयाँ सरकार गठनसँगै विदेशी चासो बढिरहेको देखिएको छभने अर्कातिर अन्तराष्ट्रिय राजनीतिक सन्तुलन नमिलेका कारण गतिरोधको अवस्था पनि सिर्जना भएको ब्याख्या र बिश्लेषणगर्न थालिएको छ । कुनैपनि देशको आन्तरिक एकता कमजोर भएपछि विदेशी चासो र हस्तक्षेप बढ्ने गर्दछ । नेपालमा भएको पनि त्यहीनै हो ।

नेपालमा हाल आवश्यकताभन्दा बढी चासो दिनेकरूपमा चीन, भारत र अमेरिकालाई लिइन्छ । नेपालमा हाल सत्ता र शक्तिमा रहेकाहरू दलहरूका बीचमा द्वन्द शुरु गराएर आन्तरिक एकतालाई कमजोर बनाउने प्रयासमा लागेका छन्भने अर्कातिर आफू बलियो देखाउनका लागि विदेशी पक्षधरता लिनेगरेको पनि देखिएको छ । नेपालको आन्तरिक एकता बलियो बनाउन बारम्बार राजनीतिक सम्मेलन र बिद्यमान राजनीतिक ब्यवस्थामा जनपक्षीय सुधार हुनुपर्छ । त्यसैगरी अन्तराष्ट्रिय सन्तुलन मिलाउनका लागि ततष्टताको सिद्धान्तलाई ब्यवहारिकरूपमा नै अपनाइएको हुनुपर्दछ । नेपालले परनिर्भरताको बाटो छाडेर आत्मनिर्भरताको बाटो अवलम्बनगर्ने होभने आन्तरिक र बाह्य दुबै सन्तुलन हुनसक्छ । नेपालमा विदेशी शक्तिकेन्द्रको कहिले सुषुप्त र कहिले प्रत्यक्ष चासो तथा हस्तक्षेप हुँदैआएको छ । इतिहासको कुनै कालखण्डमा दुवै छिमेकीसँग नेपालले प्रत्यक्ष लडाईं लडेको इतिहास पनि छ । तर हाल त्यो स्थिति रहेको छैन । राष्ट्रिय राजनीतिको आन्तरिक व्यवस्थापन ठीक ढंगबाट नहुँदा र आर्थिक उन्नति प्राप्तगर्न नसक्दा कुनै न कुनै प्रकारका स्वार्थप्रेरित प्रभावबाट नेपाल मुक्त हुन नसकिरहेको स्पष्ट छ । ००७ सालको परिवर्तनदेखि ०१७, ०४६ र ०६३ सालको पटक, पटकको राजनीतिक परिवर्तनमा विदेशी संलग्नताहरू देखिएका छन् । देश आज पनि त्यो अवस्थाबाट मुक्त हुनसकेको छैन । पछिल्लो समयमा भारत, चीन, अमेरिका र युरोपियन यूनियनलगायतको नेपालमा प्रभाव विस्तारगर्ने होडबाजीले नेपालको भूराजनीतिक संवेदनशीलतालाई थप सतहमा ल्याइदिएको अवस्था छ ।

केही हदसम्म भारत र बढीमात्रामा अमेरिकाको प्रमुख आर्थिक तथा प्राविधिक प्रतिद्वन्दी चीन हो । कुनैबेला सैन्य प्रतिद्वन्दी बन्नसक्ने संकेतहरू पनि देखिएका छन् । अमेरिकाको नेतृत्वमा ठूला औद्योगिक राष्ट्रहरूको आर्थिक समूह जी सेभेन बन्नु, चीन र रुसलगायतका देशहरू सम्मिलित ब्रिक्स निर्माण हुनु र आफ्नो बैंक निर्माणगरी छुट्टै ब्रिक्स मुद्रा सञ्चालनमा ल्याउने तयारीगर्नुजस्ता विषयहरूले खतरालाई थप बढाउने काम गरेका छन् । नेपालजस्तो सानो तर भूराजनीतिकरूपमा अत्यन्तै संवेदनशील देशमा ठूला शक्तिहरूको चासो बढ्नु स्वाभाविक नै हो । विशेषगरी चीन, भारत र अमेरिका बीचको प्रतिस्पर्धा अहिले नेपालमा स्पष्टरूपमा देखिन थालेको छ । उपरोक्त कुरालाई बुझ्न सर्बप्रथम यहाँको भूराजनीतिक अवस्थितिको ख्यालगर्नु आवश्यक छ । नेपाल दुई ठूला शक्ति भारत र चीनबीच अवस्थित छ । नेपालको भूराजनीतिक अवस्थिति दक्षिण एशियाका सन्दर्भमा निकै महत्वपूर्ण, तर जटिल पनि छ । जसको मुख्यकारण यसको भौगोलिक स्थान, छिमेकी शक्तिहरूसँगको सम्बन्ध, र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा यसको भूमिका हो । उत्तरतर्फ हिमालय पर्वत श्रृंखला, जसले चीनसँग प्राकृतिक सीमाना बनाउँछ, र दक्षिण, पूर्व, पश्चिमतर्फ भारतसँग खुला सीमाना छ । यसले नेपाललाई व्यापार, सुरक्षा, र कूटनीतिक सन्तुलनका हिसाबले अत्यन्त संवेदनशील बनाएको छ । नेपाल र भारतबीच ऐतिहासिक, सांस्कृतिक, धार्मिक, र आर्थिक सम्बन्ध छ । खुला सीमाना, जनस्तरको आवत-जावत, र व्यापारिक निर्भरता नेपालका लागि महत्वपूर्ण पक्ष रहेका छन् । नेपालले पछिल्ला वर्षहरूमा चीनसँगको सम्बन्ध पनि विस्तार गरेको छ ।

विशेषगरी पूर्वाधारको विकास, लगानी, र व्यापारिक सहकार्य बढेको देखिएको छ । चीनसँगको सम्बन्धले नेपाललाई विकल्प दिन्छ, तर सँगसँगै कूटनीतिक सन्तुलन कायमगर्न चुनौती पनि दिएको छ । त्यसैगरी अमेरिकाले नेपाललाई मुख्यत लोकतन्त्र र सुशासन प्रवर्द्धनका नाममा हस्तक्षेप गरेको देखिएको छ । जसका लागि उसले नेपालमा एमसीसी, संघीय शासनमा लगानी गरेको छभने एसपिपिमा लगानीगर्ने प्रयास जारीराखेको छ । त्यसैगरी उसले नेपालमा इन्डोप्यासिफिक रणनीतिको कार्यान्वयन पनि गर्ने/गराउने प्रयास गरिरहेको देखिएको छ । अमेरिका यस क्षेत्रमा प्रत्यक्ष भौगोलिक प्रतिस्पर्धामा नभए पनि रणनीतिकरूपमा क्षेत्रीय प्रभाव सन्तुलनगर्न सक्रिय रहेको छ । नेपालप्रति अमेरिकी चासो बहुआयामिक छ, र यसलाई केवल एउटा कारणले व्याख्यागर्न सकिँदैन । मुख्यतः भूराजनीति, विकास सहयोग, सुरक्षा, र आर्थिक अवसरहरू उसको केन्द्रमा रहेका छन्।

नेपालको राजनीतिक अस्थिरतामा खेलेर राजनीतिक शक्तिहरूलाई प्रभावित पारी आफू अनुकूल निर्णय गराउन खोज्ने, जनताको आर्थिक विपन्नतामा खेलेर धार्मिक आस्था परिवर्तन र विस्तारगर्ने, शर्तसहितको अनुदान र सहयोगमा आधारित परियोजनाहरू कार्यान्वयनगर्ने नाममा नीतिगत तहमा हुनेगरेका हस्तक्षेपहरूले यहाँ एक प्रकारको स्थायी अस्थिरताको निर्माण भएको छ । राजनीतिक अस्थिरता, भौगोलिक स्थान, सामाजिक र सांस्कृतिक सम्पर्क, श्रोतसाधन, आर्थिक विकासको अवसर तथा सुरक्षा र रणनीतिक चासोहरूकै कारणनै नेपालले शक्तिराष्ट्रहरूको ध्यान खिचिराखेको स्पष्ट छ । यस्तो अवस्थामा नेपालको बर्तमान सरकारले पुरानै संसदवादी पार्टीहरूसँग मात्र भरनगरी क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका पार्टीहरूसँग पनि छलफल गरेर नेपाल र नेपालीको उन्नयनका लागि प्रयासगर्नु पर्दछ । शुरुबाटै आन्तरिक र बाह्य सन्तुलन ठीक ढंगले ब्यवस्थापन गर्न/गराउन नसक्ने होभने बर्तमान सरकारको हबिगत पनि नेकां, एमाले र तत्कालीन माओवादी केन्द्र नेतृत्वका सरकारहरूकैजस्तो हुने निश्चित छ । त्यसैले बर्तमान सरकारले आन्तरिक सन्तुलनका माध्यमबाट अन्तराष्ट्रिय र छिमेकी बीचको सन्तुलन मिलाउने प्रयासगर्नु आवश्यक छ ।

## बिनाविकल्प...

क्रूर र अमानवीय दमन गरेको छ । न्यनतम मानवीय संवेदना पनि देखाएको छैन । जसको सर्वत्र विरोध भइरहेको छ ।

यसैबिच, बुटवल उपमहानगरपालिकाले केही दिन यता फुटपाथ अतिक्रमण हटाउने नाममा व्यापक लुटपाट मच्चाएको छ । नगर प्रहरीले व्यवसायीमाथि बल प्रयोग गर्ने, हातपात गर्ने र सामान जफत गरेका भिडियोहरू सार्वजनिक भइरहेका छन् ।

नगर प्रहरीले पसल सञ्चालकहरूमाथि बल प्रयोग गरेको, सामान उठाएर लैजाने क्रममा धकेलाकेल हुँदा आफूमाथि मुक्का प्रहार भएको र औंलासमेत भाँचिएको व्यवसायीले बताएका छन् । मापदण्डबारे स्पष्ट नपारी अनुचित बल प्रयोग, हातपात र विना अभिलेख सामान जफत गरिएको व्यवसायीको आरोप छ ।

बुटवलमा फुटपाथ खाली गराउने अभियानका क्रममा व्यावसायिक प्रतिष्ठानमा बलपूर्वक सामान हटाइएको प्रति बुटवलका चार प्रमुख व्यवसायिक संस्थाले ध्यानाकर्षण भएको जनाएका छन् ।

रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली र उद्योग व्यापार संघ बुटवलका अध्यक्ष लोकनाथ पन्थीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उपमहानगरले व्यावसायिक संस्थाहरूसँग भएको सहमतिविपरीत पसलहरूमा पसेर व्यवसायीमाथि बल प्रयोग र विना अभिलेख सामान जफत गरेको भन्दै विरोध जनाएका हुन् ।

सडक पेटी खाली गरी कार्यान्वयन गर्ने सन्दर्भमा अमरपथ, बीपी चोक, राममन्दिर लाइन लगायतका क्षेत्रमा उपमहानगरपालिकाले केही व्यावसायिक प्रतिष्ठानमा गरेको बल प्रयोगप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

सडक पेटी तथा अस्थायी पाली (सनसेट) को स्पष्ट मापदण्ड तयार गर्न र सटर परिसरबाट लगिएका सम्पूर्ण सामान सम्बन्धित व्यवसायीलाई अविलम्ब फिर्ता गर्न चार संस्थाले उपमहानगरसँग माग गरेका छन् ।

यसैबिच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले आफ्नो दस्तावेजमा भनेको छ, ' यही चैत्र १३ गतेको बालेन्द्र साहको नेतृत्वमा गठित मन्त्री परिषदको बैठकले तत्काल सरकारले गर्नु पर्ने भनी १०० ओटा कामहरूको सूची तयार गरी त्यसलाई १४ गते सार्वजनिक गरेको छ । त्यो सूचीमा सरकारी काम छिटो छरितो गर्न प्रविधिको प्रयोग अर्थात् डिजिटलाइजेशनलाई निकै जोड दिएको छ । कामको २१औं नम्बरको सुचीमा "राष्ट्रिय परिचय पत्रलाई अनिवार्य एकल परिचय प्रणालीका रूपमा प्रयोग गर्ने तथा सबै सेवा प्रक्रियालाई फेसलेस, टाइम-बाउण्ड र ट्र्याकिङ् योग्य बनाउने ।" भनी उल्लेख गरिएको छ । यो नेपाली नागरिकताको प्रमाणपत्रलाई विस्थापित गर्ने, नेपाली नागरिक हुनुको राष्ट्रिय गौरवलाई कमजोर पार्ने र राष्ट्रिय परिचयपत्रलाई ट्र्याकिङ् योग्य बनाउने सरकारको निकै खतरनाक निर्णय हो । यसले नेपाली नागरिकलाई नेपाली पहिचानबाट विमुख पार्ने र हरेक नेपालीलाई राष्ट्रिय परिचयपत्र मार्फत् साम्राज्यवादको सूचना प्रणाली भित्र पारी उनीहरूका दैनिक गतिविधिको निगरानी गर्ने एउटा वैधानिक बाटो खोलिदिएको प्रस्ट छ । यसले अन्ततः नेपालको राष्ट्रिय सुरक्षा तथा नेपाली राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई साम्राज्यवादको नियन्त्रणमा पुऱ्याउने काम गरेको छ ।

यस सूचीमा उल्लिखित ६० नम्बरको काममा सरकारले "निजी क्षेत्र संरक्षण तथा प्रवर्धन रणनीति" तयार गरी त्यसलाई लागु गर्ने भनेको छ । यो बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालको प्रचूर प्राकृतिक सम्पदा तथा सस्तो श्रम लुट्न साम्राज्यवादका लागि निर्वाध बाटो खोल्ने नीति हो । यसले राष्ट्रिय अर्थतन्त्रलाई ध्वस्त पार्ने र देशलाई झन पराधीन बनाउने कुरा स्पष्ट छ । यसरी बालेन नेतृत्वको सरकार गठन र त्यसले अगाडि सारेको १०० बुँदे कार्यक्रमले यो मुख्यतः अमेरिकी साम्राज्यवादको इसारामा चल्ने राष्ट्रघाती सरकार हो र यसबाट नेपालको राष्ट्रिय स्वाधीनता माथिको खतरा प्रधान भएको तथ्यलाई पुनः पुष्टि गरेको छ ।'

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दामा सच्चा देशभक्त, कम्युनिस्ट, वामपन्थी, लोकतान्त्रिक तथा गणतान्त्रिक शक्तिहरूबिच वृहत कार्यगत एकता कायम गरी संघर्षको मोर्चालाई अझ सशक्त र व्यापक बनाउनुपर्ने आवश्यकतामाथि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले जोड दिएको छ र यसै विकसित परिस्थितिलाई मध्येनजर गर्दै बैशाख ११ गते काठमाडौंमा चार कम्युनिस्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले विचारगोष्ठीको आयोजना गरेको छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको पछिल्लो राजनीतिक प्रतिवेदन :

# बालेन नेतृत्वको सरकार अमेरिकी साम्राज्यवादको कठपुतली

**क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको २०८२ चैत्र १७-१९ मा सम्पन्न केस बैठकमा महासचिव सीपी गजुरेल गौरवद्वारा प्रस्तुत एवम् पारित राजनीतिक प्रतिवेदन प्राप्त भएको छ । यो प्रतिवेदनमा बालेन्द्र नेतृत्वको सरकारलाई अमेरिकी साम्राज्यवादका कठपुतली सरकार भएको निष्कर्ष निकालिएको छ । यस्तो निष्कर्ष निकाल्नुका पछाडि रहेका कारणहरूलाई प्रतिवेदनमा मिहीन रूपमा विश्लेषण गरिएको छ ।**

यस्तो छ राजनीतिक प्रतिवेदनको पूरा रुप–

*राजनीतिक प्रतिवेदन*

*(२०८२ चैत्र १७-१९ मा सम्पन्न के. स. बैठकमा महासचिव क. गौरवद्वारा प्रस्तुत एवम् पारित)*

*प्रिय कमरेडहरू,*

*क्रान्तिकारी अभिवादन !*

हामी आज पार्टीको केन्द्रीय समितिको पूर्ण बैठकमा उपस्थित भएका छौं । यस अवसरमा सर्वप्रथम म विभिन्न कालखण्डमा नेपालमा भएका जनआन्दोलन, जनसङ्घर्ष, जनयुद्ध र विभिन्न प्रकारका न्यायपूर्ण सङ्घर्ष तथा विश्व सर्वहारा क्रान्ति एवम् राष्ट्रिय मुक्ति आन्दोलनका क्रममा सहादत प्राप्तगर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु, घाइते तथा अपाङ्ग योद्धाहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, सहिद तथा बेपत्ता परिवारजनमा समवेदना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल मात्र होइन पुरा विश्व नै एउटा भयावह स्थितिबाट गुज्रिरहेको अवस्थामा केन्द्रीय समितिको यो बैठक हुन गइरहेको छ । यतिबेला हाम्रा सामु गम्भीर चुनौतीहरू सहित महान् सम्भावना रहेका छन् । सर्वप्रथम म यो विशिष्ट स्थितिले पैदागरेका अन्तर्विरोधहरूको गहिरो अध्ययन गर्न र तदनुसार पार्टीको कार्यदिशा, कार्यनीति तथा सङ्घर्षका योजनाहरूको विन्यास गरी चुनौतीहरूको सामना गर्न सम्पूर्ण कमरेडहरूलाई विशेष अनुरोध गर्दछु ।

गत वर्ष मङ्सिरमा आयोजित हाम्रो पार्टीको राष्ट्रिय एकता महाधिवेशनमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिको समग्र विश्लेषण गरिएको थियो । ०८२ असोजको अन्त्यमा सम्पन्न केन्द्रीय समितिको बैठकमा महाधिवेशन पछि विकसित परिस्थितिबारे थप विश्लेषण गरिएको छ । यस बैठकमा मुख्यतः त्यसयता विकसित परिस्थितिका खास खास विशेषताबारे मात्र उल्लेख गरिनेछ ।

***अन्तर्राष्ट्रिय परिस्थिति :***

डोनाल्ड ट्रम्प संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिमा दोस्रोपटक निर्वाचित भएपछि पतनोन्मुख अवस्थामा रहेको अमेरिकी साम्राज्यवादले आफ्नो विश्वव्यापी प्रभुत्व जोगाइराख्न आक्रामक नीतिहरू अवलम्बन गर्दै आएको छ । यो प्रक्रियामा ट्रम्प प्रशासनले २०८२ पौष १९ गते "अपरेसन अब्सोल्युट रिजल्भ"को नाममा एउटा सार्वभौमसत्ता सम्पन्न ल्याटिन अमेरिकी देश भेनेज्वेलामाथि आफ्नो कुख्यात "डेल्टा फोर्स" प्रयोग गरी सशस्त्र सैन्य आक्रमण गर्‍यो । आक्रमण पछि राष्ट्रपति निकोलास मदुरो र उनकी श्रीमति सिलिया फ्लोरेसलाई अपहरण गरी लागु औषधि कारोबारको कथित आरोपमा अमेरिका ल्याएर अदालतमा मुद्दा चलाइएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूलाई भेनेज्वेलाको अन्तरिम राष्ट्रपति घोषणा गरेका छन् । उनले कोलम्बिया तथा क्युबालाई यसपछिको निशानामा पारेका छन् र अरु देशहरू पनि निशानामा थपिँदै जाने धम्की आउन रोकिएको छैन ।

यही पुषको अन्त्यतिर डेनमार्कको अधीनस्थ रहेको ग्रिनल्याण्ड अमेरिकालाई सुम्पिनु पर्ने र डेनमार्कले अस्वीकार गरे सैन्यबल प्रयोग गरेर भएपनि अमेरिकाले त्यसलाई लिइछाड्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीपछि अमेरिका र नेटोमा सम्बद्ध युरोपका देशहरूका बीचको अन्तर्विरोध निकै चर्किन गयो । जर्मन, फ्रान्स, नेदरल्याण्ड, स्वेडेन, फिनल्याण्ड, युके लगायतका प्रमुख युरोपेली देशहरूले अमेरिकी धम्कीका विरुद्ध ग्रीनल्याण्डको रक्षाका लागि त्यहाँ आफ्ना सेना समेत उतारे । अमेरिकाले ग्रिनल्याण्डमाथि सैन्य आक्रमण गरेमा रुसले त्यसको प्रतिकार गर्ने चुनौती दिएपछि डोनाल्ड ट्रम्प त्यसबाट पछि हट्न बाध्य भए । ट्रम्पले कूटनीतिक माध्यमबाट त्यसलाई अमेरिकामा गाभ्ने आफ्नो योजना यथावत राख्ने तर अहिले नै ग्रिनल्याण्डमाथि सैन्य आक्रमण नगर्ने भनेपछि यतिबेला नेटोमा आबद्ध युरोपका देशहरू र अमेरिकाका बीचको ग्रिनल्याण्ड केन्द्रित अन्तर्विरोध केही मत्थर भएको देखिएको छ । तर, यो अन्तर्विरोध पुनः चर्किने खतरा टरेको छैन ।

सामान्यतः गत सालको अक्टोबरदेखि र विशेषतः गत फेब्रुअरीको अन्त्यदेखि पाकिस्तान र अफगानिस्तानका बीच युद्ध चलिआएको छ । अफगानिस्तानको तालिबानी सरकारले पाकिस्तानी तालिबान (टीटीपी) लाई सैन्य सहयोग गरेर पाकिस्तानका विरुद्ध उक्साएको भन्ने आरोपका आधारमा पाकिस्तानले गत अक्टोबरमा काबुलमाथि हवाइ आक्रमण गरेपछि यी दुइदेश बीच अहिले युद्ध चलिरहेको छ । यो समस्याको समाधान युद्धद्वारा होइन वार्ता तथा सम्वादको प्रक्रियाबाट गरिनु पर्दछ ।

अमेरिकी साम्राज्यवादले मध्यपूर्वमा आफ्नो हैकम स्थापित गर्न र त्यहाँको प्राकृतिक तेल तथा ग्यासको भण्डारलाई कब्जा गर्न त्यस क्षेत्रमा सैन्य अखडाहरू निर्माण गर्दै आएको र त्यसको निगरानीका लागि इजरायललाई क्षेत्रीय पहरेदारका




रूपमा प्रयोग गरेको कुरा स्पष्ट छ । आयातोल्लाह खोमेनीको नेतृत्वमा सम्पन्न १९७९को इस्लामिक गणतन्त्रको स्थापना भएपछि इरानको शासन सत्ताले इजरायलको अस्तित्व नै स्वीकारेको छैन भने अर्कोतिर यसले यस क्षेत्रमा अमेरिकी तथा इजरायली हस्तक्षेपको विरोध गर्दै आणविक शक्ति सम्पन्न राष्ट्र बन्ने उद्देश्यले कामगर्दै आएको छ । इरानको इजरायल तथा अमेरिकाससँगको सम्बन्ध दुश्मनीपूर्ण रहँदै आउनुको कारण यसैभित्र रहेको छ ।

यही सम्बन्धका पृष्ठभूमिमा एउटा सार्वभौम सत्ता सम्पन्न देश इरानका आणविक भट्टीहरू ध्वस्तपार्ने र त्यहाँको शासन सत्ता परिवर्तन गर्ने घोषणा सहित गत असार ८ गते राति अमेरिकाले "अपरेशन मिडनाइट ह्यामर" को नाममा बी-२ बम्बरबाट बङ्कर बस्टर बम्ब प्रहार गरी फोर्डो, नातान र इस्फहानमा भीषण आक्रमण गरेपछि इजरायल-अमेरिका र इरानका बीच १२ दिनसम्म घमासान युद्ध भएको थियो । बीचमा वार्ता चलेको स्थितिमा युद्ध केही मत्थर हुन गएपनि दुवैथरिले सैन्य तयारी बढाउँदै लगे । इरानको आणविक क्षमतालाई ध्वस्त पार्ने र शासन सत्ता परिवर्तन गर्ने घोषणा सहित गत फागुन १६ गते पुनः अमेरिकाले "अपरेसन एपिक फ्युरी" र इजरायले "अपरेशन रोअरिङ् लायन"का नाममा इरानमाथि संयुक्त सैन्य आक्रमण गरे । उक्त आक्रमणमा सबैभन्दा पहिला देशको राजनीतिक नेतृत्वलाई निशानामा पारियो । युद्धको पहिलो दिनमा नै इरानका सर्वोच्च धार्मिक नेता अलि खामिनेइ सहित दर्जनौ नेताहरू मारिए । छात्राहरूको विद्यालयमाथि गरिएको क्षेप्यास्त्र आक्रमणमा परी १६८ जना बालिकाहरूको मृत्यु भयो । अहिले इरान र अमेरिका-इजरायलका बीचको यो युद्ध क्षेत्रीय युद्धका रूपमा विकसित भएको छ । मध्यपूर्व र वरिपरिका दर्जन बढी देशहरू यस युद्धको समर्थन वा विरोधमा उभिइसकेका छन् र यो सङ्ख्या थपिने क्रम जारी छ । शक्तिराष्ट्रहरू लगायत विभिन्न देशहरू यस युद्धको पक्ष र विपक्षमा उभिएका छन् ।

अमेरिकासँग टक्कर लिँदै आएका रुस, चीन तथा उत्तर कोरिया जस्ता देशहरू अहिलेसम्म युद्ध मैदानमा प्रत्यक्ष ओर्लिएका छैनन् । तर, उनीहरूले इरानको पक्षमा खडाभई सुचना-सञ्चारमा सहयोग र प्रविधि तथा गुणस्तरीय हातहतियारको आपूर्ति गर्दै आएका छन् । स्पेनका प्रधानमन्त्री पेड्रो सन्चेज यस युद्धमा अमेरिका-इजरायलका विरुद्ध उभिएका छन् र आफ्नो देशका एयरपोर्ट तथा अमेरिकी सैन्य बेसहरू इरानका विरुद्ध प्रयोगगर्न दिएका छैनन् । अहिलेसम्म युके, जर्मनी, इटली तथा फ्रान्स समेतका युरोपेली देशहरू सहित क्यानडा, टर्की पनि इरानमाथि थोपरिएको युद्धलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भनी त्यसको कडा आलोचक रहेका छन् । इरानमाथि गरिने आक्रामक कार्बाहीका लागि बेलायतले सिरियाको आफ्नो सैन्य बेस प्रयोगगर्न दिन अस्वीकार गरेको छ । यस युद्धमा नेटोमा आवद्ध कतिपय देशहरू इरानमाथि गरिएको सैन्य आक्रमणका कडा आलोचक रहेका छन् र अमेरिकी साम्राज्यवाद र नेटोमा रहेका अन्य राष्ट्रहरूका बीचको एकता कमजोर बन्दै गएको छ । आजभन्दा पहिला अमेरिकी खेमामा रहेका थुप्रै देशहरू इरानको पक्षमा देखिएका छन् । भारतीय विस्तारवादी मोदी सरकारले यो युद्धका सन्दर्भमा आफूलाई केही समय बीचमा रहेको देखाउन खोजे पनि यो अन्ततः अमेरिका तथा इजरायलको पक्षमा उभिन पुगेको छ ।

युद्धको कूटनीतिक समाधान गर्ने भनी अमेरिकाले वार्ताको कुरा गर्दा इरानले आणविक प्रविधिमाथि आफ्नो नैशर्गिक एवम् सार्वभौम अधिकारको सुनिश्चितता, अमेरिकी-इजरायली आक्रमणबाट भएको नोक्सानीको क्षतिपुर्ति र भोलि आक्रमण हुने छैन भन्ने ग्यारेन्टी भएमात्र वार्तामा बस्न सक्ने कुरा बताएको छ । ट्रम्पले युद्धबाट पन्छिने विभिन्न उपायहरू खोजेको भए पनि आजसम्मको स्थितिमा अमेरिका इरानका यी शर्त स्वीकार गरेर वार्तामा बस्ने देखिँदैन । यसरी इरानले आफ्नो शर्तमा मात्र वार्ता हुनसक्छ भन्ने र अमेरिका पनि पछि नहट्ने स्थितिमा यो अन्तर्विरोध अरु चर्किने र विश्व थप ध्रुवीकरणतिर जाने देखिन्छ । अर्कोतिर, चालु आर्थिक वर्षका लागि करिव ९ खरव डलर रक्षाबजेट छुट्याइएको अमेरिकामा ट्रम्पले आगामी वर्षका लागि त्यसलाई बढाएर १५ खरव डलर पुर्‍याउने घोषणा गरेका छन् । नेटोमा आबद्ध अन्य देशहरू र रुस, चीन लगायतका विकसित पुँजीवादी मुलुकहरू सबैले रक्षा बजेट बढाएका छन् । यसले पनि अन्तर-साम्राज्यवादी अन्तर्विरोध चर्किँदै गएको र साम्राज्यवादी देशहरूले भित्रभित्रै युद्धको तयारी गरिरहेको देखिन्छ । यही भूराजनीतिक टकरावका बीच नेटो अन्तर्गतका देशहरू अमेरिकाको पक्षबाट युद्धमा सहभागी हुने स्थिति बनेमा रुस, चीन तथा उत्तर कोरिया जस्ता आणविक शक्ति सम्पन्न देशहरू पनि युद्धमा सामेल हुने र त्यसले विश्वयुद्धको रूपलिने खतरा बढेर गएको छ ।

इरानले अमेरिकी आक्रमणको सशक्त प्रतिकार गर्दै आएको छ । सर्वोच्च नेताको हत्या र त्यसपछि अमेरिकाद्वारा उक्साइएको कथित जनविद्रोहको बलमा सहजै शासन सत्ता परिवर्तन गरी इरानका पूर्व युवराज तथा अमेरिकी दलाल रेजा पहलवीलाई सत्तारोहण गराउने अमेरिकी नव-उपनिवेशवादी योजना आजसम्म सफल हुन सकेको छैन । बरु यसको उल्टो, इरानले अमेरिका र इजरायललाई आफ्नो राष्ट्रिय स्वाधीनताको रक्षाका लागि अन्तसम्म लड्ने र यो युद्धलाई आफ्नो शर्तमा टुङ्ग्याउने चुनौती दिँदै आएको छ । अमेरिकी साम्राज्यवादले थोपरेको अन्यायपूर्ण युद्धको इरानले प्रतिरोध गरेको छ, र यो प्रतिरोध न्यायपूर्ण छ । पार्टीले राष्ट्रिय स्वाधीनताका लागि साम्राज्यवादी सैन्य आक्रमणको प्रतिरोध गर्ने इरानी जनतासँग ऐक्यवद्धता जाहेर गर्दै इरानमाथि अमेरिका तथा इजरायलद्वारा थोपरिएको अन्यायपूर्ण युद्धको निशर्त अन्त्यका लागि सङ्घर्ष अगाडि बढाउन जोड दिनु पर्दछ ।

यहाँनेर बुझ्नु पर्ने कुरा के हो भने, यो साम्राज्यवादी युद्धमा इरानले विजय हासिल गरेपनि इरानको विद्यमान सत्ताबाट त्यहाँका मजदुर, किसान, महिला लगायत आम उत्पीडित जनताको मुक्ति सम्भव छैन । अर्कोतिर, इरानका पूर्व युवराज रेजा पहलवीलाई इरानी सत्तामा पुनर्स्थापना गर्न अमेरिकाको उक्साहटमा गरिन खोजिएको कथित जनविद्रोह र शासन सत्तामा गरिने प्रतिक्रियावादी वर्गका प्रतिनिधिको फेरबदलबाट पनि त्यहाँका उत्पीडित जनताको मुक्ति सम्भव छैन । यसको एकमात्र विकल्प सर्वहारा क्रान्ति हो ।

अमेरिका-इरान युद्धको पछिल्लो स्थितिमा विश्वको करिब २० प्रतिशत कच्चा तेलको व्यापारमार्ग हर्मुज जलडमरु क्षेत्र साम्राज्यवादी शक्ति केन्द्रहरूको अन्तर्विरोधको केद्र बनेको छ । डलरमा भुक्तानी गरिएका इन्धन बोक्ने जहाजहरूमाथि नाकाबन्दी लगाउने र चिनिया मुद्रा आरएमबीमा खरिद गरिएको कच्चातेल बोकेका जहाजलाई छुटदिने इरानी अडानले यस क्षेत्रबाट हुने इन्धन व्यापारमा अमेरिकी डलरको एकछत्र वर्चश्वलाई गम्भीर चुनौती दिएको छ । ट्रम्पले हर्मुज जलडमरुमा इरानको नाकाबन्दी खोल्न अन्तर्राष्ट्रिय सैन्य हस्तक्षेप गर्ने प्रस्ताव गरेका छन् तर यो प्रस्ताव पारित हुने संभावना अत्यन्त न्यून रहेको छ । यो नाकाबन्दी नखुलेको अवस्थामा अमेरिकी अर्थतन्त्र गहिरो सङ्कटमा फस्ने र उसको वैश्विक साम्राज्यवादी हैसियत समेत कमजोर हुने कुरा अनिवार्य छ । अर्कोतिर, इरानमाथि थोपरिएको वर्तमान अमेरिकी युद्धका विरुद्ध अमेरिका भरि दशौं लाख अमेरिकी जनता सडकमा उत्रिएका छन् । "राजाहरू चाहिँदैन", "युद्धको अन्त्यगर" र "मूल्यवृद्धि नियन्त्रण गर" भन्ने नाराहरू अमेरिकी सडकहरूमा घन्काइएका छन् । विपक्षी डेमोक्रेटिक पार्टीका नेताहरू मात्र होइन, रिपब्लिकन पार्टीका कतिपय नेताहरू र सेनाका केही प्रमुख अधिकारीहरू समेत यो युद्धका विरुद्ध उभिएका छन् । यसरी अमेरिका आर्थिक मात्र होइन गम्भीर राजनीतिक सङ्कट तर्फ धकेलिँदै आएको छ ।

विज्ञान तथा प्रविधिको अभूतपूर्व विकासका कारण विश्वभर औद्योगिक मजदुरहरूको सङ्ख्या घट्दो र सेवा क्षेत्रका मजदुरहरूको सङ्ख्या बढ्दो अवस्थामा छ । रोजगार प्राप्त मजदुरहरू समेत स्वरोजगार मजदुरका रूपमा सडकतर्फ धकेलिइरहेका छन् । आजको सर्वहारा क्रान्तिको कार्यदिशा समृद्ध गर्ने सन्दर्भमा यो विकसित परिस्थितिलाई ध्यान दिनु पर्दछ । गत माघमा स्वीट्जरल्याण्डको डेभोसमा सम्पन्न विश्व आर्थिक मन्च (ध्यचमि भ्अयलयmष्अ ँयचगm) को ५६औं वार्षिक बैठकमा अन्तर्राष्ट्रिय मुद्राकोषकी प्रमुख क्रिस्टालिना जर्जिएभाले आगामी केही वर्षभित्र श्रम बजारमा एआईको सुनामी आउने र त्यसले विकसित देशमा ६० प्रतिशत र विश्वभर ४० प्रतिशत श्रमिकहरूका रोजगारी बढार्ने बताएकी छिन् । पुँजीवादी वर्गको हातमा सत्ता रहुन्जेल प्रविधिले गर्नेकाम यस्तै हो ।

उपरोक्त सङ्क्षिप्त विश्लेषणले वर्तमान विश्व भयावह चौतर्फी सङ्कट तर्फ उन्मुख भएको देखाउँछ । यतिबेला विश्वका तीनओटै आधारभूत अन्तर्विरोधहरू – साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध; साम्राज्यवादी शक्तिहरूका बीचको आपसी अन्तर्विरोध र श्रम तथा पुँजीका बीचको अन्तर्विरोध – सबै विस्फोटक बन्दै गएका छन् । आजसम्म साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध नै प्रधान रहेको भएपनि जुनसुकै बेला अन्तर-साम्राज्यवादी अन्तर्विरोध प्रधान बन्ने र तेस्रो विश्वयुद्ध भड्किने खतरा विद्यमान छ । यो सबै विश्व सर्वहारा क्रान्तिका लागि अनुकूल परिस्थितिको द्योतक हो । तर, सबै अनुकूल परिस्थिति क्रान्तिमा बदलिँदैनन् । यसका निम्ति क्रान्तिकारी कम्युनिस्टहरूको सचेत प्रयत्न आवश्यक छ । यतिबेला दक्षिणपन्थी संशोधनवाद प्रमुख खतरा रहेको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा क्रान्तिको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादलाई एकरूपतामा बुझ्ने, क्रान्तिकारी पार्टीको निर्माण गर्ने, नवउदारवादी अर्थप्रणाली तथा नव-उपनिवेशवादको गहन विश्लेषणका आधारमा पार्टीको राजनीतिक एवम् सामरिक कार्यदिशा समृद्ध गर्ने र वर्ग सङ्घर्षको उठान गर्ने अहिलेका गम्भीर चुनौतीहरू हुन् ।

साम्राज्यवादले वैश्विक रूपमै आफ्नो प्रभूत्व कायम गरेको स्थितिमा सर्वहारा वर्गले पनि विभिन्न प्रकारका सङ्घर्षका मोर्चाहरू खडागरी साम्राज्यवादका विरुद्ध वैश्विक रूपमै प्रतिरोध गर्न आवश्यक छ । यसका लागि मार्क्सवाद-लेनिनवाद-माओवादमा आधारित सहमतिमा चल्ने एउटा अन्तर्राष्ट्रिय मञ्च निर्माणको उद्देश्य राखी क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले एकीकृत अन्तर्राष्ट्रिय सम्मेलनको तयारी अगाडि बढाइरहेका छन् । साथै, यो प्रक्रियामा साम्राज्यवादका विरुद्ध उभिने विभिन्न कम्युनिस्ट पार्टी, सङ्गठन, व्यक्तित्व र राष्ट्रिय मुक्ति आन्दोलन समेतलाई समेटेर साम्राज्यवाद तथा साम्राज्यवादी युद्धविरोधी अन्तर्राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर्ने कामलाई पनि अगाडि सारिएको छ । यसका अतिरिक्त, हाम्रो पार्टीको नेतृत्वमा गठित क्रान्तिकारी संयुक्त मोर्चा नेपाल "क्रान्तिकारी पार्टी तथा सङ्गठनहरूको अन्तर्राष्ट्रिय समन्वय" (क्ष्ऋइच) र "फासीवाद, युद्ध र वातावरणीय विनाश विरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद विरोधी संयुक्त मोर्चा" मा सहभागी हुँदै आएको छ । विद्यमान परिस्थितिमा पार्टीले यी चारओटै मोर्चाका तर्फबाट आफ्नो अन्तर्राष्ट्रिय कामलाई विशेष जोड दिएर अगाडि बढाउनु पर्दछ ।

राष्ट्रिय परिस्थिति

देशको राष्ट्रिय परिस्थितिबारे गत सालको महाधिवेशन र त्यसपछि पार्टीको गत असोज महिनाको अन्तिम सातामा सम्पन्न केन्द्रीय समिति बैठकमा विश्लेषण गरिएको छ । आजसम्म आइपुग्दा देशको अर्थ-सामाजिक स्थिति, राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्या झन-झन विकराल बन्दै गएका छन् । विभिन्न जनवर्गबाट मूखरित भएका विरोधका स्वरहरूमाथि दमनगर्न सरकारले फासीवादको सहारा लिँदै आएको छ ।


हाम्रो देशको राज्यले नव-उदारवादी आर्थिक सिद्धान्त अपनाउँदै आएको छ । यही नव-उदारवादको परिणाम स्वरूप विभिन्न कालखण्डमा मित्रराष्ट्रहरूले खोलिदिएका उद्योगहरू पनि कौडीको मूल्यमा बेचिएका छन् र देशमा कुनै नयाँ उद्योगहरू खोलिएका छैनन् । यो स्थितिमा देशमा दलाल अर्थतन्त्र फस्टाएको छ र राष्ट्रिय अर्थतन्त्र ध्वस्त भएको छ । ठुलो सङ्ख्यामा नेपाली युवाहरू कामको खोजीमा विदेशजान बाध्य भएका छन् । बाहिर नगए नेपालीको चुलोमा आगो बल्ने स्थिति छैन । अहिलेसम्म विप्रेषणले चलेको नेपाली अर्थतन्त्र पनि हालैको अमेरिका-इरान युद्धले ध्वस्त हुने र मध्यपूर्वका रोजगार युवाहरू अलपत्र हुने स्थिति बन्दै गएको छ । भ्रष्टाचार, महङ्गी, अनियमितता आदि ब्याप्त भएको छ । देशमा जनजीविकाका समस्या भयावह बन्दै गएका छन् । यी यावत समस्याका पछाडि नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र तत्कालीन नेकपा (माके)को नेतृत्वमा बनेका सरकारहरू जिम्मेवार छन् ।

अमेरिकी साम्राज्यवादका लागि चीन प्रमुख प्रतिस्पर्धी बन्दैगएको आजको स्थितिमा अमेरिकाले चीनलाई घेराहाल्न नेपालमा प्रत्यक्ष हैकम बढाउँदै आएको छ । पहिले भारत मार्फत् आउने अमेरिका पछिल्लो चरणमा भारतमा मात्र भरपरेको छैन । एमसीसी जस्तो सैन्य परियोजना मार्फत् अमेरिकाले नेपालमा आफ्नो सिकञ्जा कस्दै लगेको छ । अमेरिकाको पक्षमा जनमत निर्माण गर्न नेपालमा अमेरिकी साम्राज्यवादद्वारा बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेसन, फ्रि तिब्बत स्टुडेन्ट मुभमेन्ट, टिओबी (त्ष्दभतबल इचष्ष्लर्बा द्यियम) र हामी नेपाल जस्ता अनेकौं गैरसरकारी संस्थाहरू सञ्चालन गरिँदै आएका छन् । सैन्य अखडा खडागरी चीनविरोधी गतिविधि अगाडि बढाउन अमेरिकाले नेपाल सरकारसँग एसपीपी सम्झौता अनुमोदन गराउन दवाव दिँदै आएको छ । तत्कालीन नेपाली सेना प्रमुख राजेन्द्र क्षेत्रीले हस्ताक्षर गरी एसपीपीमा सहमति जनाएको भएपनि देशभक्त शक्तिहरूको दवावका कारण तत्कालीन शेर बहादुर देउवा नेतृत्वको सरकारले त्यसलाई अनुमोदन गरेन । यो स्थितिमा नेपाली काङ्ग्रेस लगायत पुराना संसदवादी पार्टीका नेताहरूबाट अमेरिकी स्वार्थ पुरा नहुने देखेपछि अमेरिकालाई नेपाली संसद र सरकारमा नयाँ र भरपर्दो पार्टीको आवश्यकता खड्कियो । यही आवश्यकता पुरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टीलाई अगाडि ल्याइएको हो ।

उपरोक्त पृष्ठभूमिमा भ्रष्टाचारको नियन्त्रण, भ्रष्टहरूमाथि कार्बाही, सुशासनको प्रत्याभूति र सामाजिक सञ्जालमा ओली सरकारले लगाएको प्रतिबन्ध फुकुवा जस्ता जनताका स्वाभाविक र न्यायपूर्ण मागहरूलाई अगाडि सारेर अमेरिकी साम्राज्यवादद्वारा भाद्र २३ गते जेन-जेड "विद्रोह" भडकाइएपछि देश भयावह स्थितिमा प्रवेश गरेको छ । शासन सत्ताको नेतृत्वमा रहेका नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी जस्ता साम्राज्यवादका पुराना दलाल पार्टीहरू समेतलाई बाइपास गरेर नेपालमा अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादको सहमतिमा सुशीला कार्की नेतृत्वको कठपुतली सरकार गठन गरियो । सुशीला कार्की प्रधानमन्त्री भएपछि उनलाई दलाइ लामाले बधाइ दिएको घटनाले भूराजनीतिक मामिलामा विशेष अर्थ राख्दछ । राष्ट्रिय स्वतन्त्र पार्टी जस्तो अमेरिकी साम्राज्यवादको नयाँ दलाललाई शासन सत्तामा पुर्‍याउने योजनामा प्रधानमन्त्री सुशीला कार्कीद्वारा गत फागुन २१को संसदीय निर्वाचन घोषणा गराइएको हो । निर्वाचनका पछाडि रहेको साम्राज्यवादी उद्देश्यको समग्र विश्लेषण सहित पार्टीले गत मङ्सिरमा सम्पन्न केन्द्रीय समितिको बैठकमा "साम्राज्यवादद्वारा प्रायोजित संसदीय निर्वाचन बहिष्कार गरौ ! स्वाधीन संयुक्त सरकार गठन गरौं !" भन्ने कार्यनीतिक नारा निर्धारण गरी फागुन २१ को संसदीय नर्वाचन बहिष्कार गर्ने निर्णय गरेको हो ।

सुशीला कार्की नेतृत्वको सरकारद्वारा गत फागुन २१ गते गराइएको संसदीय निर्वाचन राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा करिब दुई-तिहाई मतपरिणाम सहित सम्पन्न भएको घोषणा गरिएको छ । यस निर्वाचनमा पुराना संसदवादी दलहरू नराम्रोगरी किनारा लगाइएका छन् । यो परिणामका पछाडि मुख्यतः निम्नानुसारका कारणले काम गरेका छन् । ती हुन् : एक, नेपाली काङ्ग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कम्युनिस्ट पार्टी जस्ता पुराना संसदवादी दलहरूप्रति जनताको व्यापक असन्तुष्टि तथा आक्रोश; दुई साम्राज्यवादी मिडियाको एकपक्षीय प्रचारबाजी अर्थात् एल्गोरिदमको प्रयोग र तीन, सरकारी अधिकारी, सैन्य कर्मचारी तथा गुप्तचर एजेन्टहरूको गोप्य सञ्जाल अर्थात् डिप स्टेटको भूमिका । यसरी निर्वाचनमा यो परिणाम आउनुका पछाडिको कारण रास्वपाको नीति तथा राजनीतिक कार्यक्रमप्रति जनताको आकर्षण भएर होइन; नेका, एमाले र नेकपालाई हराउन सक्ने वैकल्पिक शक्तिको खोजी हो । यो निर्वाचनमा एमाले र नेकपाको सर्मनाक हारलाई देखाएर साम्राज्यवादका भरौटेहरूले नेपालबाट कम्युनिस्टहरू पत्तासाफ भएको घोषणा गरेका छन् । यो पराजय वास्तवमा नव-उदारवादलाई सिरानी हालेर नेपालको विशिष्ट सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गरेको बखान गर्ने दक्षिणपन्थी संशोधनवादीहरूलाई जनताले दिएको कठोर सजायको परिणाम हो । यो क्रान्तिकारी कम्युनिस्टहरूको *बाँकी ८ पृष्ठमा*

# संयुक्त मोर्चाको नयाँ आधारको खोजी: एक छलफल



● सन्तबहादुर नेपाली ●

राजनीतिक परिस्थिति बदलिँदै जाँदा संघर्षको स्वरूप पनि बदलिने गर्छ । पंचायतकालमा संघर्षहरूको स्वरूप एक प्रकारको थियो । पंचायत ढले पछि देशमा बहुदलीय सरकार आयो । बदलीय सरकारले पनि जनतामाथि दमन शुरु गर्‍यो । दमनको विरोधमा वामपन्थीहरू एक ठाउँमा उभिनु पर्‍यो । राजा ज्ञानेन्द्रले संकटकाल लगाएपछि राजासँग मेलमिलापको नीति अपनाएको नेपाली कांग्रेस वामपन्थीहरूसित संयुक्त आन्दोलनका लागि तयार भयो । संसदवादीहरूप्रति आक्रमक बनेको तत्कालीन माओवादी पनि ज्ञानेन्द्रको तानाशाही शासनविरुद्ध संसदवादी सित मिलेर जान तयार भयो । संघर्षको स्वरूप बदलियो । सबै राजनीतिक दल तथा आम जनताको आन्दोलनको फलस्वरूप ०६२/६३ को संयुक्त जनआन्दोलन सफल भयो । तत्कालीन राजाको दमनका बाबजुद आन्दोलनले निर्णायक मोड लियो । अन्ततः २४० वर्षसम्म शासन गरेको निरंकुश राजतन्त्रको सदाका लागि अवसान भयो ।

नेपालमा तीन प्रकारका राजनीतिक शक्तिहरू रहेका छन् : सामन्ती प्रतिक्रियावादी, संसदवादी लोकतान्त्रिक र क्रान्तिकारी । यी तीनवटा शक्तिका नजिकका कैयौं समूहरू छन् । दार्शनिक, वैचारिक तथा रणनीतिक हिसाबले सामान्यतः तीन शक्तिहरू एक ठाउँमा उभिने कुनै सम्भावना हुँदैन । तर पंचायतकालदेखि अहिलेसम्म हेर्दा कहिले संसदवादी लोकतान्त्रिक शक्तिका विरुद्ध क्रान्तिकारीहरूले संघर्ष गरेको देखिन्छ भने कहिले संसदवादी लोकतान्त्रिक शक्ति र क्रान्तिकारीहरू मिलेर सामन्ती प्रतिक्रियावादीका विरुद्ध संयुक्त मोर्चा बनाएको र पटकपटक आन्दोलन सफल पनि हुँदै आएको इतिहास छ । जहिले पनि आन्दोलन सफल भएर नयाँ परिस्थिति, नयाँ सरकार, नयाँ संविधान, नया जनप्रतिनिधि बन्ने अवस्था आउँछ, केही समयपछि त्यो शासकवर्ग प्रतिक्रियावादी शासकको रूपमा उदांगो हुन्छ । जनता त्यसका विरुद्ध खडा हुन्छन्, नयाँ शासकहरूको निर्माण गर्छन् । तर देश र जनताको समस्या जहाँको तही हुन्छ । जनताका आधारभूत समस्या समाधान भएको हुँदैन । यो चक्र निरन्तर अगाडि बढेको छ । तर हरेक परिस्थितिले जनतालाई नयाँ चेत पनि दिँदै आएको छ ।

जेनजी "विद्रोह" पछि देशको परिस्थिति बदलिएको छ । प्रथमतः जेनजी "विद्रोह" शुरुमा युवा, विद्यार्थीको स्वतः स्फूर्त विद्रोह जस्तो लागे पनि त्यो क्रमशः अमेरिकी साम्राज्यवादद्वारा प्रायोजित रहेछ भन्ने कुरा पछि प्रष्ट भयो र यो सबै गतिविधि अमेरिकी साम्राज्यवादले एसपीपी र आईपीएस पारित गराउनका लागि गरेको हो भन्ने प्रष्ट भयो र दुई देशका सेनाबीच सहकार्यका नाममा अहिले खुलेआम अमेरिकीहरू सैन्य गतिविधि शुरु गर्न थालेका छन् । उनीहरू उत्तरी बेल्टमा सैन्य बेसक्याम्प राख्ने कुरा छलफल गरिरहेका छन् भन्ने सुन्नमा आएको छ। त्यसका लागि नेपाली सेनाले पनि भूमिका खेलिरहेको देखा परेको छ । अमेरिकी राजदुतावासले अमेरिकी युथ काउन्सिलमा भर्ना गर्न नेपाली युवाहरूलाई आव्हान गर्दै विज्ञापन समेत जारी गरेको छ । द्वितीय, जेनजी "विद्रोह" को सन्दर्भमा गौरी बहादुर कार्कीले भाद्र २३ गतेको घटना मात्र छानवीन गरेर जेनजीहरू "विद्रोह"मा स्वतःस्फूर्त सरिक भएको र राज्य दमनमा उत्रिएको मात्र प्रस्तुत गर्‍यो, त्यसबाट जेनजी "विद्रोह" को वास्तविक तथ्य जनता सामु आएन । तृतीय, निर्वाचन भन्दा पहिले त्यो रिपोर्ट सार्वजनिक गरिएन र "विद्रोह" को बेला क्षति पुर्‍याउनेहरू कार्वाहीबाट मात्र बचेनन्, संसदमा समेत उनीहरूको उपस्थिति रह्यो । चतुर्थ, रास्वपाको दुईतिहाई नजिक बहुमत आउना साथ अमेरिकी दुतावासले मुख खोल्यो "हामी नयाँ सरकारसित नेपालको समृद्धि र सुरक्षा सहकार्य गर्न उत्सुक छौं । " पाँचौं, बालेनको नेतृत्वमा सरकार गठन हुनासाथ पूर्व प्रम केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई कुनै कानुनी प्रक्रिया नै नपुर्‍याई गृहमन्त्रीको निर्देशनमा सीधै गिरफ्तार गरियो । उनीहरू प्रमाणको अभावमा जेलमुक्त भएका छन् । शासकीय सुधार सम्बन्धी १०० बुंदे कार्यसूचीमा उल्लेखित फासिवादी नीतिहरू सार्वजनिक गरिनु, तर एमसीसी र एसपीपीबारे एक शब्द नबोल्नुले सरकार साम्राज्यवादको कठपुतली बनेको प्रष्ट भएको छ । सरकार राष्ट्रिय स्वाधीनताको बारेमा नबोल्नुले भोलिका दिनमा देश अब राष्ट्रिय संकटतर्फ धकेलिँदै छ भन्ने कुरा प्रष्ट छ । पहिले भन्दा परिस्थिति के कुराले पनि संकटपूर्ण छ भने ०१५ सालदेखि जहिले जहिले बहुमतीय सरकार बनेको छ, वा सत्तासीन दुई वा दुई भन्दा बढी दलको गठबन्धन भएको छ, त्यही त्यही बेला नै गम्भीर राष्ट्रघात हुँदै आएका छन् । देश झन पछि झन नव औपनिवेशक फन्दामा कसिँदै गएको छ । अहिलेको संसदमा दुई तिहाई नजिक बहुमत भएका कारण रास्वपाले जुनसुकै बेलामा पनि राष्ट्रिय स्वाधीनतामाथि सौदाबाजी गर्न सक्छ । त्यो कुरा उनीहरू निर्वाचन भन्दा पहिलेदेखि संकेत गर्दै आएका छन् ।

यो परिस्थितिमा प्रत्यक्ष रूपमा साम्राज्यवादी हस्तक्षेप रोक्न साम्राज्यवाद विरोधी शक्तिहरूको संयुक्त आन्दोलन मात्र सम्भावित उपाय हो । तर नेपालको वामपन्थी तथा लोकतान्त्रिक आन्दोलनमा केही संकीर्णता, कट्टरता, असहिष्णुता, पूर्वाग्रह जस्ता दृष्टिकोणहरू हाम्रा अगाडि बाधा बनेर उभिएका छन् । त्यसमा हाम्रा कैयौं व्यवहारिक अनुभवहरू छन् । संयुक्त आन्दोलनमा आफना नीतिहरू अन्यमा लाद्न खोज्ने, गौण महत्वका नीतिमा आफ्नो अडान लिने र मोर्चाबाटै हट्ने, आफ्नो नीतिले स्थान नपाउने भएपछि मोर्चामा नै सामेल हुन इन्कार गर्ने, मोर्चामा आउन सक्नेलाई पनि उनीहरूको विगतको नीतिका आधारमा मूल्यांकन गरी ल्याउन नचाहाने, जस्ता कैयौं विचारहरू प्रकट भएको पाइन्छ । हामीले संयुक्त मोर्चाको कुरा गर्दा प्रायः माओले जापानी साम्राज्यवादी आक्रमणका विरुद्ध कोमिन्ताङसित संयुक्त मोर्चा गरेको कुराको उदाहरण दिने गर्छौं । तर व्यवहारमा भने त्यसप्रकारको मोर्चा निर्माण गर्ने प्रश्नमा संकीर्णताको नीति अपनाएका हुन्छौं ।

यो पनि सत्य हो कि कुनै दलले कुनै दलसित मिलेर संघर्ष गर्दा सम्बन्धित दलको पृष्ठभूमि, नीति, कार्यनीति र रणनीति तथा उसको चरित्र समेतको अध्ययन हुनु पर्छ । जसको जुन प्रकारको नीति र राजनीतिक अस्तित्व छ, उसित त्यही प्रकारको र त्यहीस्तरको राजनीतिक सम्बन्ध हुन्छ । कहिलेकांही अपवादको रूपमा प्रतिक्रियावादी दलसित पनि मिलेर जानुपर्ने आवश्यकता हुन्छ । त्यस्तो एकतालाई हामी कार्यगत एकताको सीमासम्म मात्र लैजान सकिन्छ । उदाहरणका लागि यदि महंगीको विरोध गर्नु छ भने त्यतिबेला प्रतिक्रियावादी दलहरूसित पनि कार्यगत एकता वा तालमेल गर्न सकिन्छ । तर त्यही दलले आफू सत्तामा जानका लागि संयुक्त आन्दोलनमा मिलेर जानका लागि बोलाउँछ भने सत्तामा जाने नीति नभएका दलहरू मोर्चामा जान सक्दैनन् । त्यसकारण संयुक्त आन्दोलनको एजेण्डा जनताको हकहित तथा राष्ट्रको स्वाधीनता, सार्वभौमिकता र अखण्डता बनेको अवस्थामा त्यसमा सामेल हुन सबैको कर्तव्य नै हुनुपर्छ । त्यसमा भाग्नुको अर्थ अमुक दल देश र जनताप्रति इमान्दार नरहेको ठहर्छ ।

अहिले देशको सर्वाधिक महत्वको कुरा राष्ट्रिय स्वाधीनता बनेको छ । हामीले एमसीसी पारित हुने ताकदेखि नै राष्ट्रिय स्वाधीनताबारे आवाज उठाउँदै आएका छौं । त्यो भन्दा अगाडि पनि सामान्य रूपमा भारतीय विस्तारवादको हस्तक्षेप र अमेरिकी साम्राज्यवादले नेपालमा खेलेको नवउपनिवेशवादी भूमिकाको बारेमा हामी आवाज उठाउँदै आएका छौं । तर त्यसमा एमाले, माओवादी लगायतका दलहरू सहमत भएनन् । तत्कालीन माओवादी केन्द्रले त आफू सत्तामा भएको बेला संसदमा भएका अन्य दलको समेत समर्थनमा राष्ट्रघाती एमसीसी परियोजना नै पारित गरिदियो । यद्यपि त्यहाँ कैयौंले आफ्नो असहमति जनाए । एमाले र तत्कालीन माओवादी केन्द्रले राष्ट्रघात गरेको हुनाले देशका अन्य कम्युनिस्ट घटकहरू उनीहरूका कुनै पनि आन्दोलनमा संयुक्त हुने वातावरण बनेन । आज पनि त्यो अवस्था कायमै छ । सत्तामा टिकीरहनका लागि विदेशी साम्राज्यवाद तथा विस्तारवादको सेवा उनीहरूको प्राथमिकतामा पर्‍यो । आज आएर साम्राज्यवाद र विस्तारवादले उनीहरूलाई किनारा लगायो र नयाँ दलालहरू चयन गर्‍यो । यो एउटा परिवर्तन हो । परिवर्तित अवस्थामा हिजोका सत्तासीन एमाले वा माओवादीहरूले पनि आफ्नो नीतिमा परिवर्तन गर्न सकेमा देशमा साम्राज्यवाद विरोधी ठूलो संयुक्त मोर्चा बन्न सक्छ । यति बेला हामी कसैले पनि हिजो कसले के भूमिका खेलेको थियो भन्ने आधारमा होइन, आज उसले साम्राज्यवादप्रति के नीति अपनाएको छ भन्ने आधारमा संयुक्त मोर्चाको आधार खोज्नु पर्छ । एमसीसी पारित गर्नेहरू पनि यदि एसपीपीलाई रोक्न चाहन्छन् भने त्यो पनि सकारात्मक कुरा हो । साम्राज्यवादले नेपाललाई सामरिक प्वाइन्ट बनाउन लागिरहेको बेला कार्यगत एकता मात्र पर्याप्त हुँदैन, सापेक्षित रूपमा संयुक्त मोर्चा दीर्घकालीन प्रकारको पनि हुन सक्छ । त्यसका लागि बृहत प्रकारको छलफल आवश्यक छ । सत्तासीन भएका बेला एमाले तथा तत्कालीन माओवादीले साम्राज्यवादसित जुन सम्झौतापरस्त नीति अपनाए, त्यो नीति नै उनीहरूका लागि प्रत्युत्पादक बन्यो । साम्राज्यवादीहरूको स्वार्थ पूरा नभएपछि उनीहरू आफ्नो संयन्त्रलाई प्रयोग गरेर एमाले र माओवादीहरूलाई उनीहरूकै विभिन्न काण्डहरू उठाएर जनता बीच उनीहरूप्रति वितृष्णा पैदा गरे । उनीहरूको विगत इतिहासलाई नै मेटाउने प्रयास गरेका छन् । यस्तो हुँदाहुँदै पनि उनीहरूलाई फेरि सत्तामा जानका लागि भऱ्याङ चाहिएको छ भने देशभक्त तथा क्रान्तिकारी शक्तिहरूलाई साम्राज्यवाद मुक्त देश चाहिएको छ । साम्राज्यवाद विरोधी शक्तिहरू संसदवादीहरूको भऱ्याङ बन्न सक्दैनन् । त्यो अन्तरका बीचको अवस्थामा संयुक्त आन्दोलन तयार हुने स्थिति देखिँदैन । तर ती दलहरू सत्तामा जाने रणनीतिलाई अहिले थाती राखेर राष्ट्रिय स्वाधीनताको लडाईमा सामेल हुन सक्छन् भने वृहत संयुक्त आन्दोलन सिर्जना हुन सक्छ । त्यसले साम्राज्यवादी हस्तक्षेपलाई सदाको लागि अन्त गर्न सक्छ । त्यसैले देशभक्त, लोकतान्त्रिक तथा क्रान्तिकारी वामपन्थी शक्तिहरूबीच साझा विषय के हुन सक्छन् ? त्यसको पनि सबैले खोजी गर्नुपर्ने आवश्यकता छ ।

अहिले रास्वपाले दुई तिहाई नजिक सिट ल्याए पनि उ साम्राज्यवादको दलाल भएर प्रकट भएको हुनाले संसदमा पनि उ एक्लै छ । उसलाई समर्थन र सहकार्य गर्नुको अर्थ अमेरिकी साम्राज्यवादलाई समर्थन गर्नु हुनेछ । उनीहरू सत्तामा एक्कासी पुग्नुको पछाडि कुनै विचार, सिद्धान्त, संगठन नभएर अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवाद कै सहयोग हो । त्यसकारण आज ऊ सत्तामा भएर पनि उ आज एक्लै छ । शुरुमा नै उसले प्रमुख दलहरूमाथि आक्रमण गरेको हुनाले प्रतिपक्षबाट पाउने सहयोगको आशा पनि झिनो रहेको छ । यसप्रकारको सरकार साम्राज्यवाद र विस्तारवादको आडमा कति दिन टिक्ला ? उसको नैतिक धरातल पनि निकै कमजोर बन्दै गएको छ । त्यसैले रास्वपा साम्राज्यवादी आडमा फासिवादी नीति अपनाएको छ । यतिबेला हामी साम्राज्यवाद विरोधी शक्तिहरूले "सरकारको फासिवादी नीतिको विरोध गरौं ! जनअधिकारको रक्षा गरौं !" भन्ने नीति अन्तर्गत एक जुट हुने प्रयास गर्नु उचित हुनेछ । सरकारले एसपीपी पारित गर्न गृहकार्य गरेको बुझिन्छ । साम्राज्यवाद तथा फासिवाद विरोधी शक्तिहरू त्यसलाई रोक्ने कुरालाई साझा एजेण्डा बनाउन पनि सकिन्छ । तत्कालका निम्ति त्यो नै मुख्य काम हो ।

अब परिस्थिति बदलिएको छ । बदलिएको परिस्थितिमा मोर्चाको स्वरूप पनि बदलिएर जान्छ । हिजो कम्युनिस्ट घटकहरूभित्र सैद्धान्तिक, वैचारिक, राजनैतिक तथा व्यवहारिक प्रकारका ठूला मतभेद थिए । ती मतभेदहरू आज पनि यथावत कायम छन् । तर जब देशको राष्ट्रियताको समस्या प्रमुख बनेर आउँछ, ती मतभेदहरू गौण बन्न जान्छन् । हामी पुरानै प्रकारको आरोप प्रत्यारोपमा अल्झियौं भने साम्राज्यवादले, जसरी आज निर्वाचनमार्फत् वैधानिकता पाएको छ, आफ्नो भूमिकालाई बलियो बनाउँदै जानेछ । उ आफ्नो लक्ष्यमा सफल भइसकेपछिको त्यसको विरोधले कुनै अर्थ राख्दैन । उसलाई हरेक क्षेत्रमा नाकाम पार्ने प्रकारले संयुक्त आन्दोलन सिर्जना गर्नुपर्छ । अबको संयुक्त आन्दोलन निर्माण गर्न कुनै एक दलले मात्र सम्भव छैन, साम्राज्यवाद विरोधी सबै शक्ति तथा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरू आफ्नो आफ्नो स्थानबाट संयुक्त आन्दोलन निर्माणका लागि प्रयास गर्नुपर्छ ।

*२०८३ वैशाख १ गते*

---

## उत्पीडनको...

थियो ।सत्ताले उच्च जातिहरूलाई नै साथ सहयोग समर्थन जनायो । दलितहरूको नत राज्य रह्यो नत समाज । अपहेति तिरस्कृत जीवन जिउँदै जीवन कटाउन यो समाजले यो राज्यले बाध्य पार्‍यो । उनीहरूको हातको खाना चल्दैन । अहिले पनि छोएको खान आनाकानी गर्ने आमाबुबाहरू मस्तै हुनुहुन्छ । उनीहरूले छोएको उनीहरूको केही नचलेर दुःख पाएका छन् । उनीहरूको पुर्खौं पूर्खाले यो धर्तीमा रगत पसिना पोखे पनि रगत पसिनाले यो धर्तीलाई सिन्चिए पनि दलित भनेर स्कुल जान नपाउने,कुनै पढ्न,लेख्न नपाउने,ज्ञान गुनका कुरा सुन्न नदिने, सुनेमा तामा वा पित्तल पगालेर कानमा हालिदिनु,बोलेमा जिभ्रो काटिदिनु,उनीहरूले राम्रो लुगा लगाउन नहुने, उनीहरूले राम्रो बनेर हिँडेमा समेत ठूलाबडाको ठूला जातको कुसाइत हुने वा दलितले बाटोमा हिँड्दा समेत माथिल्लो बाटो हिँड्न नहुने भनेर गरिएका उत्पीडनहरू कम दर्दनाक छैनन् । एउटा पन्डित पुजारीको स्वर्ग पुर्‍याउने सपनामा जिन्दगी चलेको हुन्छ । एउटा दलितको गुजाराको माध्यम केही गर्न पनि अछुत बनाइएका कारण हुन सकेको हुँदैन ।

आज पनि समाजले बनाएको कथित तल्लो जाति भएकै कारण मान्छेहरूको हेराइमा फरक हुन्छ । अहिले पनि बाटोघाटो हिँड्दा डुल्दा हत्त न पत्त थर सोध्नेहरूको कमी छैन । थर सोधेपछि समाजले तल्लो जाति बनाएको जाति कामी,दमै, सार्की, वादी,मुसहर ,डोम,चमार वा यस्तै भनेर भन्ने वित्तिकै मन मनमा लुकेर बसेको विभेदको रूप अनुहारमा अभिव्यक्त भइसकेको हुन्छ र अनुहारमा नै परिवर्तन भएको हुन्छ । त्यही थर समाजमा माथिल्लो जाति हो भन्ने वित्तिकै सरर हँसिलो रसिलो मुहार भइहाल्ने हाम्रो समाज छ । यस्तो हुनुको कारण समाजमा व्याप्त जातीय विभेद नै हो ।

दलित जातिमाथि भएको उत्पीडन त्यो अरु कुनै जातिले सहनु परेको भए उनीहरूले अहिले सम्म के के गरिसक्ने थिए । तर दलितमाथि यो वा त्यो बहाना गरेर उत्पीडन कायमै छ । दलित भएकै कारणले प्रेम हुन सक्दैन । दलित जाति भएकै कारण अन्तरजातीय प्रेमीहरूले छुट्टिनु परको छ । तल्लो जाति भएकै कारणले उत्पीडित समुदायका छोरी चेली बलत्कार भै मारिनु परेको छ ,बलात्कृत हुनु परेको छ । अन्तरजातीय विवाह वा प्रेमलाई सहर्ष स्वीकार नगर्ने, अन्तरजातीय विहाहितहरूले अहिले पनि समाजबाट बहिस्कृत हुनु परेको छ । अन्तरजातीय विवाह गर्नेहरूको घर,परिवारबाट बहिस्कृत हुनु परेको छ । अन्तरजातीय प्रेम गरेकै कारण रुकुमका नवराज विक सहित ६ जनाले अनाहकमा ज्यान गुमाउनु पर्‍यो । सबै कुरा घोषित रूपमा नै हुन्छन् भन्ने कुरा होइन,उनीहरूलाई अघोषित रूपमा नै बहिस्कार गर्ने अधिकार छ । घर जान नदिने,घरमा बस्ने वातावरण नै नदिने, छोरा बुहारी रहेछन् भने उनीहरूलाई कुनै वास्ता नै नगर्ने,परिवारमा नस्वीकार्ने, छोएको नखाने,पाखा पाखा पार्ने,परिवारको महत्वपूर्ण कार्यहरूमा जानकारी नदिने, जीवित भए पनि मरेसरी व्यवहार गर्ने, परिवारका सदस्यको रूपमा वास्ता नगर्ने चलन हराउन सकेको छैन । अहिले कुल, घराना,प्रथा परम्पराहरू संरक्षण गर्ने अभियान तीव्र रूपमा चलेको छ । यो अभियानमा संस्कार जोगाउने ,कुल देवताको पूजाआजा गर्ने,त्यो पूजाआजामा कुनै कुल विनाको बुहारी रहेछ वा तल्लो जातको बुहारी रहेछ वा अर्को जातको ज्वाइँ रहेछ भने उसलाई वास्ता नगर्ने जानकारी नदिने वा परम्परा जोगाउने नाममा विभेद गर्ने चलन हराउन सकेको छैन ।

आर्थिक रूपमा भन्ने हो भने दलित समुदायको आफ्नै नामको जग्गा जमिन हुन सकेन । उनीहरूको जग्गा जमिन कही कतै भए पनि ठूला जातिहरूले लिन छोडेका,उत्पादन नहुने जग्गा जमिनमा बस्नु पर्ने बनाइयो । ठूला जातिको सेवा गर्नु भने पछि उनीहरूले निःशुल्क सेवा गर्नु पर्ने नियम बनाए पछि उही कार्य गर्दा नै सबै जीवन गुज्रियो । कुनै पेसा व्यवसाय हुन पाएन । पेसा व्यवसाय गरे पनि पेसा व्यवसाय नचल्ने ,उनीहरूको पानी सम्म नचल्ने बनाए पछि अब के हुनु थियो र? केही हुन सकेन । पछिल्लो समयमा दलित जातिहरू वैदेशिक रोजगारीमा जान थाले पछि मात्रै उनीहरूको आर्थिक अवस्था केही सुधारोन्मुख हुन सकेको देखिन्छ । पछिल्लो लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलन पछि दलित समुदायले राज्यमा समावेशी सिद्धान्त अनुसार केही उपस्थिति जनाउन सफल भएका छन् तर समावेशिताको पनि दलित समुदायले मात्रै सुविधा लिएको जसरी विरोध हुने गरेको छ ।समावेशिताको सिद्धान्तमा राज्यमा पहुँच सबै जात जातिलाई जनसंख्याको आधारमा बनाइएको छ तर दलितको कोटाको मात्रै निकै विरोध हुने गर्दछ र योग्यताको विषय अगाडि सारेर दलित समुदायलाई अयोग्य छन् भन्दै झनै होच्याउने जस्तो गरिन्छ ।

उत्पीडित समुदाय भनेको देशमा जुनसुकै शासन व्यवस्था आए पनि सक्नु पछाडि पारिएको समुदाय हो । ठूला जातिको निःशुल्क सेवा गरेर समाजलाई योगदान दिँदै आएको समुदाय हो । यो जातिले गरेको योगदानको नत समाजले नत राज्यले कुनै चर्चा गर्न जानेको छ । दलित जाति प्राविधिक हुन् । उनीहरूको श्रम,सीप विज्ञान थियो । उनीहरूको श्रम सीपलाई राज्यले वेवास्ता गर्दै आयो । उनीहरूको श्रम सीपको मूल्य थाहा पाउन सक्ने दिमाग भएको भए अहिले राज्यले कसैका अगाडि हात थापेर हिँड्नु पर्ने थिएन ।फलामका खानीहरू चिनेका,तामाका खानी,सुनखानी चिनेका, लुगा लत्ता बनाउन जानेका, काठको काम सबै जानेको अहिलेका इञ्जिनियरले भन्दा राम्रो भवन निर्माण कला जानेका, बाजागाजा बनाउन ,गीत बनाउन, सबै जानेका, कलाका पारखी,खेतीपाती गर्न जानेका उत्पीडनमा पारिएका समुदाय थिए । तर राज्यले उनीहरूको दिमाग र कलालाई चिन्न नजानेका कारण उनीहरूको पेसा लोप हुँदै गयो । उनीहरू वेवास्तामा पर्दै गए । जो जसले गरे पनि राज्यकोलागि काम गर्न जानेको हो भनेर सम्मान सत्कार र सुरक्षा दिन सकेको भएमा उनीहरूले सबै कुरा जोगाएर राख्न सक्थे । राज्य स्वर्ग नर्क पढाउन लाग्यो,स्वर्ग नर्कको कुरा गर्ने दिमागहरूलाई बचाउन थाल्यो तर विज्ञानलाई वास्ता गरेन । त्यही कारण अहिले राज्यले दुःख भोगिरहेको छ । खानीको परिक्षण गर्न विदेशी प्राविधिकलाई निम्ताउन सरकार बाध्य भएको छ । दलितहरूको अहिलेको अवस्थामा शैक्षिक रूपमा नयाँ विद्यार्थीहरू पढ्ने लेख्ने गर्न खोजेका छन् । तर पनि दलितहरूको उच्च शिक्षा हासिल गर्न निकै गाह्रो भइरहेको छ । उच्च शिक्षा नभए पछि राज्यमा पहुँच पुर्‍याउने सक्ने कुरा भएन । सानोतिनो पदमा जागिरमा जान पनि अनेक झण्झटहरू भोग्नु परेको छ । दलितका छोराछोरी शिक्षाको लागि भन्दा पनि वैदेशिक रोजगारीको खोजीमा भौंतारिनु परेको छ । राज्यमा बस्ने टिक्ने उपाय नभेटे पछि दलित युवाहरू विदेशिन बाध्य हुनु परेको छ । हुन त ठूला जातिहरू गएका छैनन् भन्ने होइन तर दलित बनाइएका जातिको व्यवसाय सबै चौपट छ । पानी सम्म नचल्ने भए पछि होटेल व्यवसाय,सानातिना,चियापसल केही चल्ने कुरा भएन । अहिले पुराना ज्ञान सीप सिक्न समेत दलित समुदायका युवाहरू उत्सुक छैनन् किनकि पहिलो कुरा जुन पुराना पेसाहरू थिए त्यो अपनाए कै आधारमा विभेद भएको छ । विभेद सहेर कोही पनि पेसा गरिरहन रुचाउँदैन । अर्को कुरा दलितहरूको उत्पादनलाई कुनै बजारको व्यवस्था नै छैन । बजार जति विदेशी कम्पनीका समानहरूले भरिएका छन् । विदेशी सामानले भरिए पछि स्वदेशी उत्पादनले बजार पाउने कुरा भएन । दलितहरूको पेसा चल्ने कुरा भएन । यस्तो अवस्थामा दलितका पेसाहरू लोप हुने अवस्थामा छन् । नयाँ पिँढी सो पेसाप्रति आकर्षित छैन । दलित समुदायको पेसालाई राज्यले प्रोत्साहन गर्ने कुरा छैन ।जसोतसो गरेर उत्पादन गर्‍यो बजार छैन ।

यस्तो अवस्था दलित समुदायले भोगिरहँदा कुनै पार्टीको नेताले संसदमा माफीको आधारमा नै वाह भन्ने अवस्था छैन ।माफी मात्रै मागेर दलित समुदायको समग्र विकास हुन सक्दैन । अहिले मागिएको माफीले राज्यमा विभेद छ भन्ने कुरा त दर्साउँछ तर गाउँ टोलमा कसले माफी माग्ने ? गाउँ टोल समाजमा माफी प्रति जिम्मेवार को बन्ने ? हामीलाई थाहा छ २०६३ जेठ २१ गते देशलाई जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको थियो । छुवाछुत मुक्त राष्ट्र घोषणा गरेकै कारण देशमा तल्ला बनाइएका जातिहरूले छुवाछुत विभेद भोग्नु नपर्ने भएन । मन मनमा रहेको छुवछुत हट्न सकेन । व्यवहारमा छुवाछुत हट्न सकेन । त्यो बेला आन्दोलनको राप र ताप थियो । दलित समुदायले पनि जनआन्दोलन र जनयुद्धमा अतुलनीय योगदान पुर्‍याएको थियो । त्यसबेला छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको भए पनि आज सम्म समाजमा रहेको छुवाछुत विभेद हट्न सकेको छैन ।

जातीय विभेद अन्त्यकोलागि देशमा विभिन्न संघर्षहरू भए । नेपालको इतिहासमा दलित जातिको विभेद अन्त्यको लागि राजनैतिक वा व्यक्तिगत रूपले दलित तथा गैरदलित नेताहरूले निकै कठोर संघर्षहरू गरेका छन् । भोकै प्यासै हिँडेर, हिरासत यातना, गाउँ निकाला हुनु परेको छ । सँगै बसेर खाएकै कारण गैरदलितहरू दलित बनाइएका छन् । अहिले उत्पीडित समुदायसँग माफी माग्दैमा दलितमाथि सबै शोषणको अन्त्य हुँदैन । झण्डै एक सय वर्षको दलित आन्दोलनको त्याग तपस्या र लगानीको इतिहास छ । कठोर संघर्ष गर्दा पनि जातीय विभेद सुल्झिन सकेको छैन । माफीले सुध्रिन्छ भनेर दलित समुदायले आशा र विश्वास गरेर ताली मार्न सकिँदैन ।

माफीले मात्रै दलितले अधिकार प्राप्त गर्न सक्दैनन् । देशमा क्रान्तिकारी आन्दोलन कमजोर भएको अवस्था छ । क्रान्तिकारी शक्तिहरू बलियो भएको बेलामा हो,उत्पीडित उपेक्षित समुदाय,क्षेत्र ,लिंगले अधिकारको अनुभूति गर्न सक्ने । अहिले क्रान्तिकारी शक्तिहरू कमजोर भएका छन् । यो अवस्थामा दलितलाई झुक्याउने हिसाबमा वा भनौं भन्नका लागि भनिदिउँ न त भने जसरी माफी मागेर समस्या समाधान हुँदैन । दलित समुदायका लागि माफीले काफी हुँदैन । दलित समुदायको वास्तविक मुक्तिको लागि समतामूलक समाजको खाँचो छ ।

तत्काललाई दलितका समस्या समाधान गर्न निम्न कुराहरूमा ध्यान दिनु पर्छ

१. समाजमा दलित गैर दलितबीचको छुवाछुतलाई तत्काल हटाउनु पर्छ । जातीय विभेद गर्नेमाथि कडा कानुनी कारवाही हुनु पर्छ । दलितहरू आफु जस्तै मान्छे हुन् भनेर स्वीकार गर्न मानसिक रूपमा तयार पार्ने शिक्षा दिनु पर्छ । समाज रूपान्तरणको अभियान राज्यबाट नै चलाउनु पर्छ ।

२. दलितहरूको आर्थिक अवस्थामाथि उठाउन भूमिहीन दलितहरूलाई जमिनमा अधिकार दिनु पर्छ ।

३. आर्थिक उपार्जनमा राज्यले सहयोग गर्नु पर्छ ।

४. दलितको परम्परागत पेसालाई जोगाउन राज्यले लगानी गर्नु पर्छ ।

५. नयाँ पिँढीलाई पेसामा लाग्न राज्यले प्रोत्साहन गर्नु पर्छ ।

६. राज्यका निकायहरूमा दलितको पहुँच विस्तार गर्न विशेष सुविधा दिनु पर्छ ।


७.अन्तरजातीय विवाहलाई पूर्ण रूपमा प्रोत्साहित गर्नुपर्छ । उनीहरूलाई घरमा बस्ने वातावरण मिलाउन सरकारले ध्यान दिनु पर्छ । विवाह गर्नेहरूलाई संरक्षण गर्ने नीति लिनु पर्छ ,आवश्यक परे आर्थिक सहयोग पनि गर्नु पर्छ । उनीहरूको अन्तरजातीय विवाहितका सन्तानलाई पोषण भत्ताको व्यवस्था गर्नुपर्छ । उच्च शिक्षासम्म निःशुल्क हुने व्यवस्था गर्नुपर्छ ।

८.विदेशी सामानहरूलाई निरुत्साहित र स्वदेशी सामानलाई प्रोत्साहित गर्नु पर्छ ।

९. राजनैतिक पार्टीहरूमा दलितलाई प्रयोग गर्ने मात्रै होइन वास्तविक नेतृत्व स्वीकार गर्न तयार हुनु पर्छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सम्भावना र चुनौतीहरू



● इन्द्रमोहन सिग्देल ●

***विषयको प्रस्तुति***

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन पुँजीवाद र विभिन्न रूपका प्रतिक्रियावादी सत्ताकाविरुद्ध विश्व सर्वहारा वर्ग तथा आम उत्पीडित जनताको एउटा युगान्तकारी अन्तर्राष्ट्रिय अभियान हो। यो अभियान महान् सम्भावना सहित गम्भीर चुनौतीहरूको सामना गर्दै अगाडि बढिरहेको छ। सम्भावना विशेषतः पुँजीवादका अन्तर्निहित विशेषता तथा अन्तर्विरोधहरू अर्थात् पुँजीवादी समाजको वस्तुगत पक्ष र चुनौती विचार तथा सङ्गठन अर्थात् मुख्यतः कम्युनिस्ट आन्दोलनको आत्मगत पक्षसित सम्बन्धित हुन्छन् । यो सङ्क्षिप्त लेख यसैको सेरोफेरोमा रही तयार पारिएको छ ।

***पुँजीवादका विशेषताहरू***

पुँजीवाद श्रम र ज्यालाको सम्बन्धमा आधारित मालको उत्पादन तथा वितरण गर्ने आर्थिक प्रणाली हो । पुँजीवादी व्यवस्थामा उत्पादनका साधन र उत्पादित मालमाथिको स्वामित्व सीमित पुँजीपतिहरूको हातमा रहन्छ। मालको उत्पादन निजी मुनाफालाई हेरेर गरिन्छ, समाजको आवश्यकतालाई होइन । मालको मोल निर्धारण गर्ने काममा राज्यको कुनै भूमिका हुँदैन, यो बजारद्वारा निर्धारित हुन्छ । उत्पादनमा संलग्न हुने श्रमजीवि वर्ग माग र आपूर्तिका आधारमा मोल निर्धारित हुने बजारिया माल बन्न जान्छ। पुँजीवादको सार भनेको यही श्रमिक वर्गको अतिरिक्त श्रमको शोषण हो, यसैबाट पुँजीपतिले अत्यधिक नाफा कमाउँछ। फलतः समाजमा धनी र गरिबका बीचको आर्थिक खाडल झन् झन् फराकिलो बन्दै जान्छ। छोटोमा पुँजीवादको विशेषता यही हो ।

***पुँजीवादका अन्तर्विरोधहरू***

पुँजीवाद कुनै स्थिर र साश्वत आर्थिक प्रणाली होइन, यो परिवर्तनशील छ । यसमा अर्न्तनिहित अन्तर्विरोधहरूका कारण यो विभिन्न रूप र सारमा परिवर्तन भइरहन्छ र हुँदै आएको छ। ती अन्तर्विरोधहरू निम्नानुसार छन् ।

पहिलो, निजी स्वामित्व र सामूहिक उत्पादन पुँजीवादको प्रमुख अन्तर्विरोध हो । पुँजीपति र सर्वहारावर्गका स्वार्थ ठीक विपरीत हुने हुनाले तिनका बीचमा निरन्तर सङ्घर्ष चलिरहन्छ। यसैलाई वर्गसङ्घर्ष भनिन्छ। यही नै पुँजीवादी प्रणालीको चालक शक्ति हो । पुँजीवादी देशमा उत्पादनका साधन तथा उत्पादित मालमाथिको निजी स्वामित्वलाई त्यहाँको राज्यसत्ता र कानुनले संरक्षण गरेको हुन्छ । निजी स्वामित्वको विरोधगर्नेहरू कानूनद्वारा दण्डित हुन्छन् ।

दोस्रो, मालको उत्पादन समाजको आवश्यकतालाई हेरी गरिन्न, नाफालाई केन्द्रमा राखेर गरिन्छ । नाफाको खोजीमा पुँजीपतिहरूले स्वनिर्णयमा धेरैतिर पुँजी लगानी गर्छन् र यसले बारम्बार अति उत्पादनको समस्या पैदा गर्दछ। फलतः पुँजीवाद आर्थिक सङ्कटमा फसिरहन्छ । हरेक सङ्कटपछि पुँजीपति वर्गले मजदुरको थप अतिरिक्त श्रमको शोषणबाट आफ्नो घाटा पूर्ति गर्दछ ।

तेस्रो, पुँजीपति वर्गले हरेक उत्पादन पछि नाफाको एउटा हिस्सालाई पुँजीमा रूपान्तरण गर्दछ र यो क्रममा उसको सम्पत्ति बढिरहन्छ। तर कहिल्यै पनि मजदुरले सञ्चय गर्न पुग्नेगरी ज्याला पाउँदैन। फलतः पुँजीपति र श्रमिक वर्गका बीचको आर्थिक खाडल फराकिलो हुँदै जान्छ ।

चौथो, पुँजीपति सधैँ सामानको मूल्य बढाउँदा माल नबिक्ने तर नाफा बढाउनै पर्ने चापमा हुन्छ। त्यसका निम्ति उसले लागत मूल्य घटाउने उपाय खोज्छ। त्यो भनेको प्रविधिको प्रयोग हो । पुँजीपतिले अस्थिर पुँजी (ज्याला) मा हुने खर्च घटाउन प्रविधि अर्थात् मेसिनहरूको प्रयोग गर्छ। तर, यसले पुँजीपतिको नाफा मात्र बढाउँदैन देशमा बेरोजगारहरूको सङ्ख्या पनि बढाउँछ। अर्कोतिर, मूल्यमा सन्तुलन कायम राखी धेरै नाफा कमाउन उद्योगपतिले धेरैतिर लगानी गर्छ । यसबाट फेरि अति उत्पादनको समस्या पैदा हुन्छ ।

पाँचौं, पुँजीवादी व्यवस्थामा हुने उपरोक्त अन्तर्विरोधहरू उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीचको अन्तर्विरोध हो । उत्पादक शक्तिको विकास एउटा निश्चित बिन्दुमा पुगेपछि त्यसलाई विद्यमान उत्पादन सम्बन्धले थेम्न सक्दैन र त्यो उत्पादन सम्बन्ध उत्पादक शक्तिको विकासको बाधक हुन जान्छ। यही प्रक्रियामा उत्पादन सम्बन्धहरू फेरिन जान्छन् र समाजको आर्थिक प्रणाली बदलिन्छ। सामाजिक क्रान्तिको प्रक्रिया यही हो।

उपरोक्त विशेषता तथा अन्तर्विरोधहरूका कारण पुँजीवादी व्यवस्थामा गम्भीर आर्थिक सङ्कटहरू आइरहन्छन् । पुँजीपति वर्गले सधैं पुँजीवादको स्वरूपमा आंशिक सुधार गरी ती आर्थिक सङ्कट केही समय पर धकेल्ने कोशिस गर्दछ। अर्कोतिर, कतिपय अवस्थामा ती आर्थिक सङ्कटहरू राजनीतिक सङ्कटमा बदलिन्छन् । यीनै सङ्कटमा सर्वहारा क्रान्तिका सम्भावना लुकेका हुन्छन् । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन पुँजीवादका अन्तर्विरोध समाधान गर्दै साम्यवाद तर्फको यात्रामा अगाडि बढ्छ ।

विश्वमा पुँजीवादको इतिहास करिब ५०० वर्ष पुरानो छ र औद्योगिक क्रान्तिपछि विकसित आधुनिक पुँजीवादको इतिहासले पनि ३०० वर्ष पार गरिसकेको छ । यस बीच पुँजीवादमा थुप्रै आर्थिक सङ्कटहरू आएका छन् । ती सङ्कट टार्न पुँजीपति वर्गले विभिन्न स्वरूपका पुँजीवादी प्रणालीको अभ्यास गर्दै आएको छ । ती व्यापारिक पुँजीवाद, शास्त्रीय पुँजीवाद, एकाधिकारी पुँजीवाद, कल्याणकारी पुँजीवाद र नवउदारवादी पुँजीवादको रूपमा व्यक्त भएका छन् । यिनीहरूका बीचमा केही रूपगत तथा आंशिक भिन्नताहरू रहेका छन्, तर सारमा तात्विक अन्तर छैन । सबैको सार थप अतिरिक्त मुल्य कुम्ल्याएर पुँजी बृद्धि र सम्पत्ति सञ्चय गर्नु हो ।

मार्क्सले १९औं शताब्दीको मध्यतिर शास्त्रीय अर्थात् उदार पुँजीवादको गहन विश्लेषण गरी सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्वमा अभिव्यक्त हुने वैज्ञानिक समाजवाद हुँदै वर्गविहीन साम्यवादलाई सबै प्रकारका शोषण तथा उत्पीडनबाट मुक्त हुने मानव जातिको एकमात्र बाटोको रूपमा अगाडि सार्नुभयो । मार्क्सले शास्त्रीय पुँजीवादका विशेषता र अन्तर्विरोधहरूको विश्लेषणका आधारमा एउटैमात्र देशमा समाजवादी क्रान्ति हुन सक्दैन, धेरै विकसित पुँजीवादी देशहरूमा एकैचोटी क्रान्ति सफल हुने कुरा बताउनु भएको थियो । उहाँले पहिलो अन्तर्राष्ट्रियमा प्रभावशाली रहेका ब्लाङ्की, बाकुनिन तथा प्रुधोको अराजकतावाद र लासाल लगायत थुप्रै सुधारवादीहरूका विरुद्ध भीषण विचारधारात्मक सङ्घर्ष चलाएर मार्क्सवादको विकास गर्नु भएको हो। परन्तु, मार्क्सलाई पेरिस कम्युनका अनुभवहरूको संश्लेषण गर्ने बाहेक समाजवादी क्रान्तिको प्रत्यक्ष नेतृत्व गर्ने अवसर प्राप्त भएन ।

***साम्राज्यवादको विकास***

समय बित्दै जाँदा पुँजीवादका आफ्नै विशेषता अनुसार विकसित देशहरूमा एकातिर पुँजीको अत्यधिक केन्द्रीकरण भयो भने अर्कोतिर कच्चा माल तथा बजारको अभाव हुन गयो । केन्द्रित पुँजी लगानी गर्न र कच्चा माल तथा बजारको अभाव टार्न पुँजीवादी शासकहरूले अल्पविकसित तथा अविकसित देशहरूमा राजनीतिक एवम् सैन्य हस्तक्षेप बढाउन थाले । यो प्रक्रियामा ती देशहरू उपनिवेश तथा अर्ध-उपनिवेशमा बदलिए। लेनिनले साम्राज्यवाद : पुँजीवादको उच्चतम चरण भन्ने आफ्नो महत्वपूर्ण कृतिमा यो प्रक्रियाको गहन विश्लेषण गर्नु भएको छ। उहाँका अनुसार साम्राज्यवाद भनेको मरणासन्न पुँजीवाद हो, वैज्ञानिक समाजवादको पूर्वसन्ध्या हो। साथै, उहाँले एकाधिकारी पुँजीको विस्तार नै साम्राज्यवादको सार हो भन्नु भएको छ ।

***साम्राज्यवादका सङ्कट र सर्वहारा क्रान्ति***

पुँजीवादले एकाधिकारी पुँजीको विस्तार र उपनिवेशहरूको शोषणबाट आफ्नो आर्थिक सङ्कटको क्षणिक समाधान त गर्न सक्यो, तर लामो समय टिक्न सक्थेन, सकेन। पुँजीवादका आफ्नै विशेषता अनुसार केन्द्रित पुँजीको विस्तार, उत्पादित मालका लागि बजार तथा कच्चा पदार्थको खोजीमा भूगोलको विभाजन र पुनर्विभाजनका लागि पुँजीवादी शासकहरूका बीचको प्रतिस्पर्धा चर्किएर त्यो दुश्मनीपूर्ण अन्तर-साम्राज्यवादी अन्तर्विरोधका रूपमा विकसित भयो । अर्कोतिर, यही अन्तर्विरोधका बीच विश्वमा १९१४ देखि सुरुभएको आर्थिक सङ्कट १९२३ सम्म लम्बियो। १९१४ देखि १९१८ सम्म चलेको प्रथम विश्वयुद्ध त्यही आर्थिक सङ्कट र अन्तर-साम्राज्यवादी अन्तर्विरोधको परिणाम थियो। करिब ३० भन्दा बढी देशहरू संलग्न भएको यो विश्वयुद्धमा सेना र सर्वसाधारण गरी दुई करोड मानिस मारिएको अनुमान छ ।

लेनिनको साम्राज्यवाद : पुँजीवादको उच्चतम चरण भन्ने कृति पहिलो विश्वयुद्धकै बीच १९१६ मा तयार भएको हो । एउटै मात्र पुँजीवादी देशमा समाजवादी क्रान्ति हुन सक्दैन भन्ने मार्क्सको निष्कर्ष रहेको पृष्ठभूमिमा, उहाँले साम्राज्यवादको कडी कमजोर भएको एउटै देशमा पनि समाजवादी क्रान्ति सम्भव छ भन्ने निष्कर्ष निकाल्नु भयो। मार्क्सको मान्यतासँग बाझिने गरी निष्कर्ष निकाल्ने र त्यसलाई क्रान्तिकारीहरूका बीच स्थापित गर्ने काम लेनिनका लागि कम चुनौतीपूर्ण थिएन । तर, क्रान्तिको विकासका लागि भिन्न परिस्थितिको वस्तुनिष्ठ अध्ययन गरी कार्यदिशाको विकास गर्नु अनिवार्य थियो । लेनिन त्यसमा सफल हुनु भयो ।

लेनिनले दोस्रो अन्तर्राष्ट्रियका स्थापित नेता कार्ल काउत्स्की एवम् आफ्नै पार्टीभित्रका मेन्सेभिकहरूको दक्षिणपन्थी अवसरवादका विरुद्धको भीषण विचारधारात्मक सङ्घर्षका बीचबाट क्रान्तिकारी पार्टी निर्माण र रुसी समाजवादी क्रान्तिको राजनीतिक तथा सैन्य कार्यदिशाको विकास गर्न सफल हुनु भएको हो। विश्वयुद्धका कारण साम्राज्यवाद क्षतविक्षत भएको समयमा, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा नै पहिलो, रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो । बदलिँदो परिस्थितिमा विकसित अन्तर्विरोधहरूको गहन अध्ययनबाट मार्क्सवादी सिद्धान्तको थप विकास भएको, पार्टीले ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा क्रान्तिकारी कार्यदिशाको विकास गरेको र त्यसलाई सिर्जनात्मक ढङ्गले व्यवहारमा उतारेको हुनाले नै रुसमा समाजवादी क्रान्ति सम्पन्न भएको हो । यो समग्र प्रक्रियामा मार्क्सवाद, यसको दोस्रो चरण, मार्क्सवाद-लेनिनवादमा विकास भयो र विश्व सर्वहारा वर्गको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद बन्न गयो। स्तालिनले लेनिनवाद भनेको साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो भन्नु भएको छ ।

विश्वयुद्ध रोकिए पछि साम्राज्यवादी देशहरूले आन्तरिक रूपमा भग्न संरचनाहरूको पुनर्निर्माण, उत्पादन बृद्धि र उपनिवेशहरूमा एकाधिकारी पुँजीको विस्तारमा जोड दिए । युद्धबाट ध्वस्त भएका देशहरू छोटै समयमा करिब पुरानै हैसियतमा फर्किए। तर, करिब एक दशकपछि परिस्थिति फेरि उल्टियो । १९२९मा शेयर बजारमा गिरावट आयो, अतिउत्पादन र न्यून उपभोगको समस्याले बजार अस्तव्यस्त भयो, भन्सार शुल्कमा बृद्धि तथा मौद्रिक नीतिका समस्याको कारण अर्थतन्त्र डामाडोल भयो। फलतः १९२९ देखि एक दशकसम्म संसारलाई फेरि अर्को महामन्दीले लपेट्यो ।

सोभियत सङ्घको उपस्थिति र त्यसप्रति जनताको आकर्षण साम्राज्यवादीहरूका लागि ठुलो चुनौती भएको थियो । जर्मनीका हिटलर, इटलीका मुसोलिनी र जापानका हिदेकी लगायतका फासीवादी शासकहरू मुख्यतः सोभियत सङ्घलाई ध्वस्त पार्ने र विश्व कब्जा गर्ने अभियानमा लागे। १९३९ देखि दोस्रो विश्वयुद्ध सुरुभयो। उपरोक्त तीन देशले १९४० मा परस्पर राजनीतिक तथा सैन्य सहयोग गर्ने त्रीदेशीय सम्झौता गरे। अर्कोतिर, १९४१ मा जर्मनीले रुसमाथि र जापानले १९४१ को अन्त्यतिर अमेरिकाको पर्ल हार्वरमा आक्रमण गरेपछि विश्वयुद्धले अर्को मोड लियो । फलतः रुस, अमेरिका र बेलायतका बीचमा फासीवाद विरोधी मोर्चा बन्यो। करिब ६ वर्षको भीषण युद्धपछि १९४५ सम्म आइपुग्दा इटली, जर्मनी र जापानले आत्मसमर्पण गरे। दोस्रो विश्वयुद्धमा फासीवाद विरोधी मोर्चा विजयी भयो । यसका पछाडि विश्व सर्वहारावर्गका नेता स्तालिनको अग्रणी भूमिका रहेको छ। यो युद्धमा सेना र आम नागरिक गरी करिब ८ करोड मानिस हताहत भएको अनुमान छ ।

अर्कोतिर, चीनमा १९२१ मा कम्युनिस्ट पार्टी स्थापना भएदेखि नै सशस्त्र सङ्घर्ष चल्दै आएको थियो । १९३५को चुनै बैठकपछि पार्टीको नीति निर्माणमा माओको भूमिका निर्णायक हुन थाल्यो र अर्ध-सामन्ती तथा औपनिवेशिक अवस्थाको चीनमा, माओले त्यहाँको अर्थ-सामाजिक विशेषता अनुसार श्रमजीवी सर्वहारा वर्ग र आम उत्पीडित जनताको एकतामा आधारित नयाँ जनवादी क्रान्तिको राजनीतिक र दीर्घकालीन जनयुद्धको सामरिक कार्यदिशा अगाडि सार्नुभयो । यो रुसको यान्त्रिक नक्कल थिएन बरु मार्क्सवाद-लेनिनवादको चिनियाँ विशेषतामा सिर्जनात्मक प्रयोग थियो । नयाँ जनवादी क्रान्तिका दुईथरि दुश्मन जापानी साम्राज्यवाद र घरेलु प्रतिक्रियावाद थिए। १९४५ मा दोस्रो विश्वयुद्धमा जापानी साम्राज्यवाद पराजित भएपछि चीनमा घरेलु प्रतिक्रियावादका विरुद्ध गृहयुद्ध सुरु भयो र त्यसको करिब ४ वर्षपछि १९४९मा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । यसका साथै, दोस्रो विश्वयुद्धमा सोभियत सङ्घको विजय पछि पूर्वी युरोपका आठओटा देशहरूमा समाजवाद स्थापना भयो । त्यस पछि विश्वभरि नै समाजवाद आक्रामक र पुँजीवाद रक्षात्मक हुन गयो ।

दोस्रो विश्वयुद्ध पछि समाजवादको विस्तार र त्यसको वैश्विक प्रभाव साम्राज्यवादीहरूका लागि गम्भीर चुनौती बन्नु स्वाभाविक थियो। समाजवाद प्रतिको आकर्षणलाई निस्तेज पार्ने, दोस्रो विश्वयुद्धबाट ध्वस्त भएका भौतिक पूर्वाधारहरूको पुनर्निर्माण गर्ने, औद्योगिक उत्पादन बढाउने, विश्वमा आर्थिक स्थायित्व ल्याउने र साम्राज्यवादको वर्चश्वलाई पुनर्स्थापित गर्ने उद्देश्य राखी युद्धबाट क्षतविक्षत भएका देशहरूमा आर्थिक सहयोग गर्न अमेरिकाले मार्शल योजना अगाडि सार्‍यो। त्यो योजनाबाट लाभान्वित भएका युरोपका देशहरू र जापानले छोटै समयमा औद्योगिक उत्पादन निकै बढाए। उत्पादनमा यति धेरै वृद्धि भयो कि त्यसबाट पुनः अति उत्पादनको समस्या पैदा भयो। यसबाट साम्राज्यवादी देशहरू अर्को सङ्कटमा फँसे ।

यसै बीच, १९५६ मा आयोजित रुसी कम्युनिस्ट पार्टीको २० औं महाधिवेशनमा ख्रुश्चेभले शान्तिपूर्ण सहअस्तित्व, शान्तिपूर्ण सङ्क्रमण र सम्पूर्ण जनताको राज्यको मान्यता अगाडि सारे। यो वस्तुतः सर्वहारा अधिनायकत्वका ठाउँमा बुर्जुवा अधिनायकत्वको प्रतिस्थापन थियो। यसरी सोभियत सङ्घमा प्रतिक्रान्ति भयो। प्रतिक्रान्ति पछि सोभियत सङ्घ सामाजिक साम्राज्यवादमा पतन भयो । सोभियत सङ्घ र अमेरिका पुनः आ-आफ्नो साम्राज्यवादी प्रभुत्व विस्तारमा लागे। रुस तथा अमेरिकाका बीच हातहतियारको होडबाजी र अन्तर-साम्राज्यवादी अन्तर्विरोधले शीतयुद्धको रूप लियो । यही शीतयुद्धका बीचमा भियतनाम, उत्तर कोरिया तथा क्युवा जस्ता देशहरू साम्राज्यवादी चङ्गुलबाट मुक्त भए ।

चीनमा तेङ सियाओ पिङ, ल्युशाओ ची जस्ता दक्षिणपन्थी संशोधनवादीहरूका विरुद्धको दुई-लाइन सङ्घर्षका बीचबाट समाजवादको निर्माण भइरहेको थियो भने माओले ख्रुश्चेभी आधुनिक संशोधनवाद विरोधी सङ्घर्षलाई पनि साथै अगाडि बढाइरहनु भएको थियो। रुसी प्रतिक्रान्ति र आफ्नै देशको दुई-लाइन सङ्घर्षका अनुभवको आधारमा माओले सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त अनुसार सञ्चालित चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्तिको नेतृत्व गर्नु भयो । ख्रुश्चेवी आधुनिक संशोधनवाद विरोधी सङ्घर्ष र महान् सर्वहारा सांस्कृतिक क्रान्ति समकालीन कम्युनिस्ट आन्दोलनका महत्वपूर्ण कोसे ढुङ्गा रहे। यिनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई बलियो विचारधारात्मक हतियार प्रदान गरेका छन् । यहाँसम्म आइपुग्दा मार्क्सवाद-लेनिनवादले मार्क्सवादको तेस्रो चरण मार्क्सवाद-लेनिनवाद-माओवादमा फड्का मार्‍यो ।

पुँजीवादको अर्को नाम सङ्कट हो। इन्धनको मूल्यमा ४ गुनासम्म वृद्धि भएका कारण १९७०को दशकको उर्जा सङ्कट अर्को गम्भीर आर्थिक सङ्कटमा बदलियो। यो सङ्कट टार्न साम्राज्यवादी शासकहरूले नवउदारवादको आर्थिक मोडेल पेश गरे । यो वस्तुतः उत्पीडित देशको सस्तो श्रम तथा कच्चामाल कब्जा गर्ने, साम्राज्यवादी पुँजी लगानीको निर्बाध बाटो खोल्ने र उत्पादित माल तिनै उत्पीडित देशहरूमा बेचेर अकूत मुनाफा आर्जन गर्ने मोडेल हो । यसका लागि साम्राज्यवादी शासकहरूले निजीकरण, भुमण्डलीकरण र उदारीकरणको प्याकेज अगाडि सारे। १९८० को दशकको सुरुदेखि अविकसित तथा अल्पविकसित देशहरूमाथि नवउदारवादी आर्थिक नीति लादियो। फलतः ती देशका राष्ट्रिय उद्योगहरू ध्वस्त भए, शासकहरू बहुराष्ट्रिय कम्पनीका कारिन्दा सरह भए र राज्यका प्रमुख तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका सबै साम्राज्यवादी नीति लागु गराउने संयन्त्र र सेना तथा प्रहरी बहुराष्ट्रिय कम्पनीको रक्षागर्ने सेक्युरिटी गार्ड बने। यसरी उत्पीडित देशहरू साम्राज्यवादी नीति तथा योजना अनुसार चल्ने नयाँ प्रकारका उपनिवेश अर्थात् नव-उपनिवेशमा बदलिए । यो प्रक्रियामा उत्पीडित देशका सत्ताधारीहरू आफ्नै देशमा साम्राज्यवादका नीति र योजना अनुसार चल्ने गोटी बन्न गएका छन् ।

१९७६मा चीनमा प्रतिक्रान्ति भयो। चीनमा सर्वहारा अधिनायकत्व बुर्जुवा अधिनायकत्वमा बदलियो। यसपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले गम्भीर धक्का खायो। अर्कोतिर, १९९० को सुरुमै सामाजिक साम्राज्यवादी सोभियत सङ्घ पनि विघटित हुन पुग्यो। यी घटनापछि फुकोयामा जस्ता साम्राज्यवादका भरौटेहरूले इतिहासको अन्त्य भएको, मार्क्सवाद असफल भएको र पुँजीवाद निर्विकल्प भएको भन्ने हौवा पिटे । चीनमा समेत प्रतिक्रान्ति भएको र कम्युनिस्ट पार्टी कुनै पनि देशको केन्द्रीय सत्तामा नरहेको स्थितिमा क्रान्तिकारी कम्युनिस्टहरूका लागि आन्दोलनको रक्षा र विकासको प्रश्न ठुलो चुनौती बन्यो। चीनको प्रतिक्रान्तिको नकारात्मक प्रभाव र कम्युनिस्ट आन्दोलनमा जवर्जस्त जरा गाडेर बसेका आधुनिक संशोधनवाद, दक्षिणपन्थी संशोधनवाद, नवसंशोधनवाद सहित विभिन्न रूप र सारका अवसरवादले दिने भ्रम यसका अन्तर्निहित कारण रहे। क्रान्तिकारीहरूको स्थिति रक्षात्मक बन्न गयो ।

तर यस्तो प्रतिकूल अवस्थामा पनि क्रान्तिकारीहरू हारमानेर बसेनन् । १९८४ मा क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (रिम) को गठन भयो। यो एउटा महत्वपूर्ण उपलब्धि थियो। पेरु, नेपाल, भारत, टर्की, बाङ्ग्लादेश, फिलिपिन्स लगायतका देशहरूमा सञ्चालित जनयुद्धहरू एउटा स्तरसम्म विकास भए । तर, ती जनयुद्धले पनि गुणात्मक छलाङ मार्न सकेनन् । यसका पछाडिको एउटा महत्वपूर्ण कारण त्यतिबेलाका कम्युनिस्ट पार्टीहरूले नव-औपनिवेशिक उत्पीडनका विशेषताको गहन अध्ययन र त्यसले पैदागर्ने अन्तर्विरोधहरूको सटिक संश्लेषण गरी तदनुसारको राजनीतिक तथा सामरिक कार्यदिशा विकास गर्न असमर्थ रहनु हो। यस बीचमा तत्कालीन नेकपा (माओवादी) का नेता प्रचण्ड साम्राज्यवादका भरपर्दा दलालमा परिणत भए भने अर्का नेता बब अभाकियन नयाँ संश्लेषणका नाममा उत्तर-मार्क्सवादका पक्षपोषक बने। कतिपय देशमा जनयुद्ध अहिले पनि जारी छ, तर त्यसले अपेक्षित विकास गर्न सकेको छैन । यतिबेला अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको छ ।

साम्राज्यवादको पछिल्लो सङ्कट

बीच बीचमा केही मत्थर भएपनि गत १९७० को दशकको उर्जा सङ्कट, २००७-२००९ को महामन्दी, २०१९-२०२३ को कोभिड-१९ सङ्कटको श्रृङ्खला अहिलेसम्म पनि टुटेको छैन । यतिबेला ५ सय प्रतिशतसम्म भन्सार महसुल लगाउने होडबाजीले व्यापार युद्ध उत्कर्षमा छ। सप्लाइ चेनहरू तहसनहस भएका छन्, विश्वभरि आर्थिक मन्दी छाएको छ र बेरोजगारको सङ्ख्यामा व्यापक वृद्धि हुँदै गएको छ। प्रविधिको अनियन्त्रित प्रयोगका कारण रोजगार प्राप्त व्यक्तिहरू समेत बेरोजगार भएर स्वरोजगार मजदुरका रूपमा सडकमा धकेलिँदै गएका छन्। अन्तर्राष्ट्रिय मुद्राकोषकी प्रमुख क्रिस्टालिना जर्जिएभाले आगामी केही वर्षभित्र श्रम बजारमा एआइको सुनामी आउने र त्यसले विकसित देशमा ६० प्रतिशत र विश्वभर ४० प्रतिशत श्रमिकहरूका रोजगारी बढार्ने बताएकी छिन् । यो उनले हालै स्विट्जरल्याण्डको डेभोसमा आयोजित विश्व आर्थिक मन्च (ध्यचमि भ्अयलयmष्अ ँयचगm) को ५६औ वार्षिक बैठकमा बताएकी हुन् । यो एउटा असाधारण सङ्कटको द्योतक हो ।

विश्वमा धनी र गरिबका बीचको आर्थिक खाडल झन-झन गहिरिँदै गएको छ । विश्वका सबैभन्दा धनी १० प्रतिशत व्यक्तिले वैश्विक सम्पत्तिको ७६ प्रतिशत हिस्सा ओगटेका छन् भने पिँधका ५० प्रतिशत जनतासँग जम्मा २ प्रतिशत मात्र सम्पत्ति छ । फोर्ब्सका अनुसार यो लेख तयार पार्ने दिनसम्म विश्वका सबैभन्दा धनी एलन मस्कको सम्पत्ति ८ खरव ५२ अरव डलर पुगेको छ । यो विश्वको पिँधमा रहेका १७५ ओटा जति अति गरिब देशको वार्षिक कुल गार्हस्थ उत्पादन (न्ए) भन्दा पनि धेरै हो । गएको २०२५ मा विश्वका २२ ओटा मात्र देशको कुल वार्षिक गार्हस्थ उत्पादन एलन मस्कको आजको सम्पत्ति भन्दा बढी थियो ।

अमेरिकी साम्राज्यवादको संरक्षकत्वमा प्यालेस्तिनी भूभाग गाजा क्षेत्रमाथि इजरायली अतिक्रमण, इरानमाथि इजरायली तथा अमेरिकी सैन्य आक्रमण, भेनेज्वेलामाथि अमेरिकी सैन्य हस्तक्षेप र राष्ट्रपति मदुरो तथा उनकी श्रीमति सिलिया फ्लोरेसको अपहरण, उनीहरूमाथि अमेरिकामा चलाइएको मुद्दा र ट्रम्पले आफूलाई भेनेज्वेलाको राष्ट्रपतिमा गरेको स्वघोषणा आदिले अमेरिकी साम्राज्यवादको दादागिरीको पछिल्लो चित्र पस्तुत गर्दछ। साथै, श्रीलङ्का, बाङ्ग्लादेश, नेपाल लगायतका देशमा अमेरिकाद्वारा गराइएका शासन सत्ता परिवर्तन, ग्रीनल्याण्डमाथि अमेरिकी सैन्य आक्रमणको तयारी र कोलम्बिया, क्युवा, इरान लगायतका देशको शासनसत्ता परिवर्तन गर्ने धम्की आदिले कमजोर तथा उत्पीडित देशहरूको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा मडारिएको छ। २०२२ देखि युक्रेनमाथि रुसी साम्राज्यवादको सैन्य आक्रमण जारी छ । आउने दिनमा कति देश संसारबाट गायब हुने हुन् र कति देशका नक्सा बदलिने हुन् भन्न सकिने स्थिति छैन ।

अमेरिका, रुस, चीन लगायतका विकसित पुँजीवादी देशहरूले सैन्य बजेट एक्कासी बढाउँदै आएका छन् । चालु आर्थिक वर्षका लागि करिव ९ खरव डलर रक्षा बजेट छुट्याइएको अमेरिकामा ट्रम्पले त्यसलाई बढाएर आगामी वर्षका निमित्त १५ खरव डलर पुर्‍याउने घोषणा गरेका छन् ।

*क्रमशः...*

# स्मृतिको एक कुनामा मिना चेपाङ 'आस्था'



● अम्बिका मुठभरी ●

अँध्यारो विरुद्ध उज्यालोको खोजी, पुरातनका विरुद्ध नवीन आभाको जिजिविषा, भोक र तिर्खा विरुद्ध श्रम श्रृजनाको खोजले घोर निराशा र तुफानको बिचमा धिपधिपे दियो पनि मशाल बनाउने उर्जा भरिदिने गर्दछ। गरिबी, अशिक्षा, न्यून चेतना, सामाजिक सांस्कृतिक विभेद र कुरिती, पितृसत्ताका उत्पीडनबाट थिचिएका भुइँमान्छे समेतको दिल दिमागमा तरङ्ग पैदा गर्ने दावानल बन्दै थियो ती दिनहरू। महान् जनयुद्धको विकाससँगै महिलाहरूमा देखिएको जागरण र सहभागिता नेपाली इतिहासकै ठुलो परिघटना थियो। यसको प्रभाव सहरका चोक गल्ली होस् वा दूरदराजका ग्रामिण बस्तिहरू हुन्, युवा जनशक्ति होस् वा वृद्ध आमाबुबा सबैलाई परिरहेकै थियो। कथित ब्राह्मण जाति हुन् वा अल्पसङ्ख्यक र सिमान्तकृत जाति जनजातिहरू सबैतिर डढेलो सल्केझैँ बिस्तार भैरहेको थियो। मानिस चेतनशील प्राणी भएको कारण गति र अग्रगमनप्रति विश्वास राख्ने हुँदा क्रान्तिको लागि वस्तुगत परिस्थिति झन् पछि झन् सुदृढ बन्दै गैरहेको थियो। यिनै बस्तुगत आधारमा नेपालको कुल जनसङ्ख्याको करिब पौनेलाख र केही सीमित जिल्लामा मात्र बसोबास गर्ने, गरिबी, अशिक्षा, अवचेतन बस्तिहरूलाई पनि झक्झकाउन पुग्यो क्रान्तिको उभार। यसै क्रान्ति र मुक्तिको तुफानी यात्राको यात्री बनिन् मिना चेपाङ। मुक्तिको अभिलाषा बोकेर पारिवारिक घेरा तोडी स्थानीय पार्टीको माध्यमबाट पूर्णकालीन बनिन मिना।

आफ्नो आमाबुबाको आठ सन्तान मध्येका छैटौं सन्तान मिनाको जन्म कविलास गाविसको भार्लाङमा भएको हो। पूर्व पश्चिम राजमार्गबाट खासै टाढा नभए पनि राज्यको कोपभाजनको कारण घर नजिकै रहेको झिक्राले बारेर बनाएको स्कुलमा तीन कक्षासम्म अध्ययन गरेकी मिनाको आन्दोलनमा सरिक हुने प्रेरणा स्थानीय पार्टी कार्यकर्ता, महान् सहिद गोबिन्द पौडेल 'सुदिप', सहिद रामबहादुर गुरुङ 'रमेश' र उहाँको छोरी मिनाको बालसखा अनिता गुरुङ थिइन्। केही महिना अघि नै पार्टी सम्पर्कमा गैसकेकी अनितासँग मिना घर छाडेर हिँडेको दिन कोराकको चात्राङमा भेट भएको सुखद क्षण सम्झदै भावुक बन्नुहुन्छ अनिता। मिनासँग अत्यन्तै घनिष्ठ बालपनको स्मरणले कहिले रोमाञ्चक बन्दै एक रात पनि छुट्न नमान्ने, गोठालो जाँदा, घाँस दाउरा लगायत सधैं सँगै बिताएका पल र मुक्ति वा मृत्युको बाटोमा आफ्नो बुबा र सबैभन्दा प्रिय साथी गुमाउदाको पिडाले आहात बनाउँछ उनलाई। पार्टी आन्दोलन कहाँ कति चुनौती हुन्छ भन्दा पनि आफ्नो बालसखा साथै हुने लोभलाग्दो मिठासले मिनालाई तानेर पूर्णकालीन बनायो होला भन्नुहुन्छ अनिता। अभाव, अशिक्षा, गरिबी, अज्ञानता, अन्धबिश्वास आदि कारण घरदेखि करिब एक घन्टाको बाटोमा अर्को स्कुल भए पनि औपचारिक अध्ययन अघि बढाउन त पाएनन् तर यिनीहरू एउटै वर्ष, एउटै महिना जन्मेकाले पनि होला, एक दिन पनि छुटेनन्। केही गरी छुटिहाले भने दुधे बालखले आमा देखेर झम्टिए झैँ गर्थे एकअर्कालाई। मिना तीन वर्षको भएदेखि शायदै यिनीहरू छुट्टै सुते होलान् भनेर छोरीहरूको बालापन सम्झेर भक्कानिनु भयो अनिताको आमा मनमति गुरुङ। यति धेरै घनिष्ठ सम्बन्ध देखेर मिनाको बुबाआमाले समेत दुबैलाई रम्न दिएका होलान्।

अनिता आफू पूर्णकालीन भएर हिँडेको केही समयमा बुबा पनि पूर्णकालीन बनिसकेको सुनेकी थिइन् तर भेट भने भएको थिएन। परिवारसँग पुग्ने वा परिवारबाट आउने सुचना सञ्चारको माध्यम पत्राचार र पार्टी च्यानल थियो। यस्तै दैनिकीका बिच

अनिताको टोली लोथरको चात्राङमा ठुलो पैमानामा बारुद बनाउँदै थिए। गोधुली साँझ पर्न लाग्दा आज केही साथीहरू थपिने भनेर मेसमा सुचना आयो। को, कुन जिल्लाको टोली थाहा हुने कुरै भएन। भोलिपल्ट उनीहरूले यो सेल्टर छाड्ने योजना थियो। त्यही भएर काम सक्ने हतारो थियो। एक्कसी उनको अगाडि कुदेर एउटा आकृती टक्क उभियो। सपना हो कि बिपना छुट्टाउनु गाह्रो भयो। अनिताको कल्पना भन्दा बाहिरको त्यो मान्छे को हो भनेर अलमल्ल भयो। आफ्नो बिरानो पनि छुट्टाउनु नसकिनेझैं अँध्यारो भइसकेको थियो। को हो भनेर मुख खोल्नै थाल्दा गम्लङ्ग अँगालो हाल्नै आइपुग्यो। त्यसरी अँगालो मारेर भक्कानिदै रुने अरू कोही नभएर अनिताको प्रिय साथी मिना थिइन्। त्यो दिन हिजोझैं लाग्छ अनितालाई। भिडमा हराएको बालकले आमा भेट्दा जस्तो भएको देखेर कमान्डर अभिषेकले जिस्काएपछि बल्ल आँसु रोकिएको थियो। त्यो क्षण सम्झेर आज पनि उनको आँखाबाट उसैगरी आँसु बगिरहेको थियो। आफ्नो प्रिय साथी र लामो समयपछि घर परिवारको सुचना लिएर आफुसँग आइपुगेको दिन अनितालाई उनको बालापन फिर्ता भएको झैं सबैभन्दा सुखद क्षण लाग्छ। स्मृतिको त्यो सुखद क्षणमा पुग्दा अनिताको अनुहार मिना आडैमा, सँगै छन् झैं प्रज्ज्वलित भएको थियो।

पार्टीको नीति कार्यक्रम, पार्टीमा हिड्नुको उद्देश्य, सेना निर्माणको आवश्यकता, जनसम्बन्ध बिस्तार, हरेक सदस्यको भूमिका, गोपनियता, नियमित हुने छलफल अन्तरक्रिया, प्रशिक्षण रोलकाल स्कुलको पाठ्यक्रम जस्तो हुन्थ्यो। जनताको बिचमा जान र सङ्घर्षमा सहभागिता होमवर्कझैं दैनिक प्रयोगमा जाने र केही न केही पढलेख गर्नैपर्ने अनिवार्यताले हरेक कार्यकर्ताको चेतनास्तर छिटो विकास हुन्थ्यो। अनिता सैन्य फाँटमा थिइन्, मिनालाई जनसङ्गठनमा राख्ने छलफल चलेको थाहा पाएपछि उनले आफ्नो कमान्डर अभिषेकलाई केही समय आफुहरू दुवैलाई एउटै फर्मेसनमा रहेर लड्न दिनुहोस् भनेर अनुरोध गरिन्। त्यसपछि करिब एक डेढ महिना उनीहरू सँगै भए। चितवनका पहाडी बस्तीहरू हाम्रा आधारक्षेत्र जस्तै थिए। नेतृत्व र कार्यकर्ताको केन्द्रीकरण, जनमुक्ति सेनाको शारीरिक र प्राविधिक तालिम, भेला र प्रशिक्षण नियमित जस्तै चलिरहन्थे। सुरक्षा प्रबन्धको लागि सेन्ट्री बस्नु अनिवार्य थियो। दुई दुई घण्टाको पालो पर्दथ्यो, उनीहरू भने पुरै चार घण्टा दुवैजना बस्दथे। त्यो विषय पार्टीभित्र अनुशासनको विषय बन्दथ्यो, उनीहरू आलोचना सहन्थे र फेरि त्यही गरिरहन्थे। वर्गसङ्घर्ष तीब्र गतिमा अघि बढिरहेको थियो। मात्राबाट गुणमा र ससाना फौजी कार्वाहीबाट जिल्ला सदरमुकाम कब्जासम्मको फौजी कार्वाहीले देशैभरि तरङ्गित गरिरहेको थियो। त्यही बेलामा चितवनबाट कमरेड शैलेषको कमाण्डमा एक प्लाटुन जनमुक्ति सेनाको टुकडी चितवनबाट अन्य जिल्लामा स्थानान्तरण हुने योजना बन्यो। अनिता पनि बाहिर जाने त्यो टोलिमा परेपछि मिनासँग छुट्टिनुपर्ने भयो।

दैनिकजसो हुने सैन्य कार्वाही र भिडन्तको स्थितिले जीवन र मृत्युबिच कपालको रौंभन्दा पातलो सिमाना थियो। सरकारी सुरक्षा फौजले गिरफ्तार गरेर दोहोरो मुठभेडको नाममा हत्या गर्ने सम्भावना पनि उत्तिकै थियो। अझ महिलामाथि त वलात्कार वा उस्तै खालको शारीरिक यातनाको खतरा झन् धेरै हुन्थ्यो। जस्तोसुकै परिस्थितिमा पनि क्रान्तिप्रति गद्दारी नगर्ने कसम खाए। बलिदानको कोटा जसले चुकाउनु परे पनि बाँचेकोले क्रान्तिको झण्डा उठाइरहने प्रतिबद्धताका दह्रो हात मिलाएर उनीहरू छुट्टिए। छुट्ने बेलामा मिनाले अनितालाई 'म जनसङ्गठनमा जनताको बिच हुन्छु, तिमी जनमुक्ति सेनामा छौ, तिमी पहिला सहिद हुन्छ्यौ होला' भनेर बेस्सरी रोइन्। अनिता गण्डक ब्युरोमा गएपछि कैयौं सैन्य कार्वाहीमा सहभागी भइन्। बिचमा एकपटक घर आएको बेलामा मिनासँग पनि भेट भयो। मिनाको बुबाको निधन भइसकेको कुरा मिनालाई थाहै रहेनछ। अनिताले अकमकाउँदै त्यो खबर सुनाइन्। मिना रुने पो होकि भनेर उनलाई बेस्सरी डर लागिरहेको थियो। 'वर्गसङ्घर्षको यो उत्कर्षमा हजारौं साथीहरू ढलेका छन्। विवाह भएको केही दिनमै जीवनसाथी गुमाएका योद्धाहरू दृढतापूर्वक लडिरहेका छन्। मेरो बुबाको ढल्दो उमेर थियो, गरिबीको कारण समयमा उपचार नपाएर बित्नु भयो। म यो असमानता बदल्न लड्दै छु। तिमी घर पुग्यौ भने आमालाई नरुनु भन्नू है' भनेर अनिताले सोचे भन्दा उल्टो जवाफ पाइन्। वर्गसङ्घर्षले मिनाको क्रान्तिकारी रूपान्तरण गरिरहेको थियो। मिनाको कुरा सुनेर अनिता अवाक भइन्। साथी कति परिपक्व र क्रान्तिप्रति प्रतिबद्ध भइसकेकी रहेछिन् भनेर गर्वले उनको छाती ढक्क फुल्यो। त्यो रात दुवैले अङ्गालोमै बिताए।

मिनाको दाजु यमन चेपाङ पनि जनयुद्धमा सहभागी भए। उनी जनकलाकारको भूमिकामा सक्रिय थिए। उनको निधन भैसकेको कारण परिवारको वास्तविक तथ्याङ्क दिने मान्छे समेत पाउन सकिएन। मिना महिला सङ्गठनमा थिइन्। नचिनेको भूगोलमा उनको सङ्गत भयो जुना ढकालसँग। दुवैजना कोराकको त्यो डाँडामा नयाँ थिए। सिंहबहादुर गोलेले उनीहरूलाई त्यहाँका बस्ती र जनजीवन चिनाउन मदत गरे। तलबाट रासन, सैन्य सामग्री ओसार्नु, नेता र कार्यकर्ता वा जनमुक्ति सेनाको टुकडिको पथपदर्शन गर्नु, घाइते र बिरामीको व्यवस्थापन जस्ता काम पहाडी भूगोलका सङ्गठनको मुख्य काम हुन्थे। प्रायः सबैजसो राजनीतिक, प्राविधिक तयारीका काम पहाडमै हुने हुनाले व्यवस्थापन नै मुख्य काम हुन्थ्यो। जुना र मिना पनि जनताको बिचमा रहेर त्यही काम गरिरहेका थिए। एउटा बाहुन परिवार अनि शिक्षक पृष्ठभूमिको जुना ढकाल र अर्को जम्मा तीन कक्षा पढेकी सिमान्तकृत चेपाङ समुदायबाट आएकी मिना चेपाङ एउटै उद्देश्यले एउटै मोर्चामा लडिरहेका थिए, जनतालाई सङ्गठित गर्दै थिए। युद्धले सामाजिक रूपान्तरणको अनौठो अभ्यास गरिरहेको थियो।

चितवन भौगोलिक बनावटले पहाड र मैदानी क्षेत्र मात्रै हैन जनजीवनका थुप्रै पाटाहरूमा फरक विविधता भएको जिल्ला हो। युद्धको समयमा क्यमोफ्लाइज हुनै गाह्रो भन्नुहुन्थ्यो समर दाइ। हाइवेको वरपर एकखाले गेटअप चाहिने, अलिक तल दक्षिण झर्दा अर्कै चाहिने, उत्तरतर्फ अलिकति पहाड उक्लेर जाँदा अर्कै ठाउँमा पुगेजस्तै हुने फरकफरक विशेषता र मनोविज्ञान बोकेका ठाउँ छन्। आफ्नो उब्जनीले तीन महिना पनि खान नपुगेर जङ्गलबाट गिठा भ्याकुर खोजेर खाने तर काम खोज्न मैदानी इलाकामा नझर्ने चेपाङ जाति र औलो, बाढीले उठिबास लगाउँदा पनि सुरक्षित ठाउँ खोज्दै पहाड नउक्लिने थारु जातिको सांस्कृतिक चिन्तन अचम्मैलाग्दो छ। चितवनको पहाडी भूगोल राज्यको आँखाबाट ओझेल परेको थियो। जुगेडी जुटपानी सङ्घर्षमा मुख्य भूमिका खेलेर बलिदानको समेत नेतृत्व गर्ने जाति चेपाङ, पार्टीको केन्द्रीय समितिमा सुन्दर चेपाङहरूले प्रतिनिधित्व गर्दा समेत यो जातिको मैदानी भागसँग कायमै रहेको दुरी जनयुद्धले साँघुर्‍याउँदै थियो। जनयुद्धका पछिल्ला दिनहरूमा सेना पुलिस युनिफाइड कमान्ड बिना पहाड चढ्ने आँट गर्दैनथे। संयुक्त सुरक्षा फौज चितवन, धादिङ र मकवानपुरको एउटै टोलि बनाएर पहाडी भूगोलमा क्रान्तिकारीहरूलाई कुचो लाएझैं बढार्न भनेर स्विप अभियान चलायो। जुना ढकाल र मिना चेपाङ कोराकको रातमाटेबाट २०५९ जेठ ७ गते युनिफाइड कमान्डको गिरफ्तारीमा परे। गिरफ्तार गरेर उनीहरूलाई चरम यातना सहित नाङ्गै पारेर गाउँ घुमाँउदै पछि भरतपुर ब्यारेक पुर्‍याएछ। भोलिपल्ट जेठ ८ गते त्यही टोलिले लोथर खोलामा गमबहादुर मोक्तानलाई समाएर ढुंगाले हानिहानी डिहिटार पुर्‍याएर बिभत्स हत्या गरी एक जोदाहा योद्धालाई हामीबाट खोसेको छ। वनमा लागेको डढेलोझैं यो खबर फैलियो। म पिप्लेतिर थिएँ। म सुरक्षित स्थान खोज्दै त्यहाँबाट अन्यत्र लागैं। दमन र हत्याको शृङ्खला कहालीलाग्दो लाग्दो थियो। गण्डक ब्युरोका कतिपय महत्वपूर्ण सामग्री सहित हाम्रो जिल्लाको मुख्यालय नै पहाडी इलाकामा भएको कारण ठुलो क्षतिको डर मनमा थियो। श्याम दाइ सहित अरू साथीहरूको चिन्ता लागिरहेको थियो। माथिबाट तल झर्दै आएको त्यो कमाण्डो टोलीले जेठको ९ गते पिप्लेबाट राजन कँडेल, जलकुमार श्रेष्ठ र शान्तबहादुर गुरुङलाई गिरफ्तार गरी अज्ञात स्थलमा लागि हत्या गरी लास समेत बेपत्ता बनायो। उनीहरू तिनैजना पार्टीका सदस्य समेत थिएनन्। पिडा र आक्रोश दुवै सँगसँगै र उत्कर्षमा थिए। जेठ १० गते 'मुठभेडमा दुई जना आतङ्ककारी जुना ढकाल र मिना चेपाङको मृत्यु' भएको झुठो समाचार सञ्चार माध्यमबाट फुक्यो। आफुले गिरफ्तार गरेर तीन दिनसम्म अमानवीय यातना र सामुहिक वलात्कार गर्दासम्म आस्था गलाउन नसकेपछि सेनाले कथित मुठभेडको नाममा क्रान्तिकारीहरूको हत्या गरेर कायरता प्रदर्शन गर्‍यो।

भरतपुर ब्यारेकका ती त्राषदीपूर्ण दिनहरू स्मृति फलकमा बिजुलीको करेन्ट जस्तै दिमागमा अहिलेसम्म पनि तरङ्गित भइरहन्छन्। २०५९ मङ्सिर १ गते दोस्रो पटक गिरफ्तार भएर म भरतपुर ब्यारेक पुर्‍याइएँ। शाही जल्लादहरूको पाशविक यातनाको प्रकृति र गोपनियता भङ्ग गर्न अप्नाउने हत्कण्डाको एक साक्षी समेत हुँ। बाहिर वर्गसङ्घर्षका आँधिमय दिनहरू र दुश्मनका क्याम्पमा दिइने यातना र अपमान ब्योहोरेर मृत्युलाई नजिकबाट चुमेर फर्किएको छु। शोभा दिदी, अस्मिता, शारदा दिदीहरू पनि गिरफ्तार भइसक्नु भएको थियो। मरे बाँचेको कुनै पत्तो थिएन। आँखामा दशपत्रे कालो पट्टि बाँध्ने, पानी भरिएको ड्रममा उँधो मुन्टो पारेर डुबाउने, नाक र मुखमा पानीको मोटर चलाएर फोहोरा हान्ने, नांगो शरीरमा चिनी दलेर चौरमा सुताएर कमिलाले टोकाउने, पुस (माघको जाडोमा पानीमा चोबलेर पंखा चलाएर चिसो भुइँमा सुताउने, अन्धाधुन्ध लाठी र कोर्रा बर्साउने, खुर्सानी डढाएर झ्याल ढोका बन्द गरेर कोठामा थुन्ने, शरीरका संवेदनशील अङ्ग चलाइदिने, अपशब्द बोल्ने लगायत ब्यारेकभित्र माओवादीका नाममा समातिएका बन्दीहरूले भोग्ने यातनाका सामान्य रूपहरू थिए। एकदिन नाम थाहा नभएको निरौला थरको मेजरले 'तँलाई जुना र मिना बनाइदिउँ कि सहयोग गर्छेस्' भनेर एउटा कोठामा लग्यो। उसले मलाई 'यो कस्तो कोठा हो तँलाई थाहा छ ? जसले सहयोग गर्दैन ऊ यही कोठाबाट अन्त्य हुन्छ' भन्दै भुइँमा पछार्‍यो। ठुलै अनिष्टको डरले मुटु काँप्यो। यही कोठामा जुना दिदी र मिनाको रगत बगेको रहेछ भनेर मनमनै सोचेँ। शरीर नचले पनी हातले बिस्तारै भुइँ सुम्सुमाएँ। 'प्रिय कमरेडहरू मेरो शरीरमा एक थोपा रगत रहुञ्जेल दृढतापूर्वक लडिरहने छु' मनमनै कसम खाएँ। मुट्ठी उठाएर लाल सलाम गर्न खोजें, कतिखेर बेहोस भएछु थाहै भएन। होसमा आउँदा एकजना सिपाही मेरो अगाडि थिए। उनले मलाई खाना खान भने। मैले खान नमानेपछि 'तिमीलाई जस्तै कुटेर लास पारेको शारदा त बाँच्यो, तिमी पनि भात खाउ बैनी' भन्दा शारदा दिदी जिवितै रहेको खबरले नचलेको शरीरभरि प्राण भरिएको जस्तो भयो। त्यो अँध्यारो कालो रातको सम्झनाले मन उद्वेलित भइरहन्छ। उनै सिपाहीले एकदिन जुना दिदी र मिनाको प्रसँग सुनाए। 'पहाडतिरबाट ल्याएको दुइजना बैनीहरू साह्रै सोझा थिए। तिमेरु भन्दा जुनियर होलान्। तर साह्रै प्रतिबद्ध थिए। जति नै यातना दिए पनि हामी केही भन्दैनौं मात्रै भन्थे। कमाण्डो टोली यो ब्यारेकको मात्रै हुँदैन। गिरफ्तार गरेकै बेलामा पहाडमा यिनीहरूले मुख खोलेको भए अरू धेरै समातिने थिए। तर साह्रै ज्याद्रा रहेछन्।' उनी अगाडि भन्दै थिए 'उनीहरूले मुख नखोलेपछि बलात्कार गरेर मारे। के गर्नु हामी पनि एक हिसाबले बन्दी नै हौँ। घरपरिवार भेट्न पाइँदैन। आदेस नमाने आफैंले बन्दुकको गोलि खान पनि बेर लाग्दैन।' उनले मलाई शोभा र शारदा जस्तै तर्क गर्नु है नत्र मार्छन् भन्दा उनको वर्गप्रेम छचल्किन्थ्यो। दुश्मनको क्याम्पभित्र पनि वर्ग थियो।

क्रान्ति र मुक्तिको आकाङ्क्षा बोकेर लड्न निस्किएका क्रान्तिकारीहरूको आस्था गलाउन नसकेर जल्लादहरूले चरम यातना र बलात्कार जस्तो जघन्य अपराधको सहारा लिए। गरिबी अशिक्षाले गाँजेको सीमान्तकृत चेपाङ जातिबाट आन्दोलनमा लागेर आत्मसमर्पण गर्नुभन्दा मृत्यु रोज्ने मिना चेपाङहरूको सपना अधुरै छ। कमरेड जुना र मिना, तपाइँहरूको हातबाट खसेको त्यो रातो झण्डा फेरि उठ्नेछ। तानाशाही शासक र दलाल संसदीय व्यवस्था विरुद्ध लडेर जनताको सुन्दर बिहान ल्याउन निरन्तर लडिरहने छौं। तपाईंको रक्तबिजबाट क्रान्तिको नयाँ आभा फेरि उठ्नेछ।

❑ यो साता कविता

## सपना



❑ हिरामणि दुःखी

*उज्यालो रोक्ने याचना गर्दैमा*
*सकिँदैन रात लम्ब्याउन*
*चुटेर ल ले*
*कानूनको*
*या छोपेर बर्कोले*
*संविधानको*
*जति नै ताडना दिएपनि*
*हुँदैन सपनाको मृत्यु,*
*सपना तब मात्र मर्छ*
*जब मर्छ कविताको मथिङ्गल।*

*कविताहरु*
*गर्छन् सपनाको खेती*
*सपना*
*सङ्कल्प हो कविताहरुको*
*सपना पुरा हुन्छ अवश्य*
*छैन उनीहरुलाई कुनै सन्देह*
*र, उदाउँछ झुप्राहरुमा*
*एउटा सुनौलो संसार।*

## मोहन...

लेख्नुभएको दर्शनशास्त्रको पुस्तक 'हिमाली दर्शन'माथि शनिबार भरतपुर चितवनमा एक कार्यक्रमका बिच विवेचना गरिएको छ। उक्त कार्यक्रममा चितवनका प्रगतिवादी कवि पाका लेखक ईश्वरी ओझाद्वारा नेपाली जनयुद्धको उदात्तीकरण गर्दै तयार पारिएको महाकाव्य 'अविश्रान्त अवनी' माथि पनि समीक्षा गरिएको थियो।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवनद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि सोही महासङ्घका केन्द्रीय संयोजक हिरामणि दुःखी हुनुहुन्थ्यो। उहाँले आफ्नो मन्तव्यका क्रममा 'हिमाली दर्शन'ले पूर्वीय दर्शन र भारतीय दर्शनको तथ्यगत रूपमा खण्डन गरेको बताउनुभयो। दुःखीले हिमाली दर्शनको मुख्य विशेषता भनेको पहिलो पूर्वीय तथा भारतीय दर्शनको प्रामाणिक एवम् तर्कसङ्गत खण्डन गर्नु र वेद, पुराण, उपनिषद, गीता आदि कृतिहरू भित्र रहेको भौतिकवादी तथा द्वन्द्ववादी तथ्यको उजागर गर्नु हो भने दोस्रो हिमवतखण्ड मध्य हालको नेपाली भूगोलभित्रबाट जन्मिएका दार्शनिकहरूको स्वामित्व दावि गर्नु हो भनुभयो। प्रमुख अतिथि दुःखीले हिमाली दर्शनको मर्म र अर्थ सही र गहिरो गरी बुझन संस्कृत साहित्यको राम्रो अध्ययन गर्नुपर्ने बताउनुभयो। यस सम्बन्धमा चर्चा गर्दै दुःखीले 'विगतमा हामीले संस्कृत भाषाको विरोध गर्‍यौं। त्यसो गर्नु हुँदैन रहेछ। संस्कृत भाषालाई ज्ञानको हैन कर्मकाण्डी मात्र बनाउने जुन तरिका थियो त्यसको विरोध गर्नुपर्ने रहेछ,' भनुभयो।

इच्छुक सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष समेत रहनुभएका प्रमुख अतिथि हिरामणि दुःखीले ईश्वरी ओझा रचित महाकाव्य 'अविश्रान्त अवनी'माथि पनि चर्चा गर्नुभएको थियो। उहाँले उक्त महाकाव्यले जनयुद्धलाई उदात्तीकरण गर्नमा महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। उक्त पुस्तक कला र विचारका दृष्टिले उच्च रहेको बताउँदै कम्युनिस्टहरूले लेख्ने साहित्य नारावादी हुन्छन् भन्नेहरूका लागि अविश्रान्त अवनी दह्रो जवाफ हुने बताउनुभयो।

'हिमाली दर्शन' २०७४ सालमा प्रकाशित भएको थियो। पुस्तकबारे बोल्दै समीक्षक गोपीरमण उपाध्यायले हालको नेपाली सिमानाभित्र पर्ने भूक्षेत्रबाट पनि विगतमा दार्शनिकहरू जन्मिएको र दर्शनको जन्म भएको मान्यता पुस्तकले स्थापित गराउन खोजेको बताउनुभयो। 'नभए यस्ता दर्शनलाई पूर्वीय या भारतीय उपमहाद्विपमा उत्पन्न भएको भन्दै आइयो। यो मन्यताविपरीत गएर मदनमणि दीक्षितले हिमाली उपमहाद्विप भन्नुभएको थियो। हिमाली दर्शनले पनि त्यही दीक्षितको जस्तै मान्यता बोकेको छ,' उपाध्यायले भनुभयो। कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टीका पोलिट ब्युरो सदस्य चन्द्रहरी सुवेदीले साहित्य र राजनीतिको अन्तरसम्बन्धका बारेमा धारणा राख्नुभएको थियो।

अविश्रान्त अवनीको मुख्य विवेचना जनसांस्कृतिक महासङ्घ चितवनका अध्यक्ष रविकिरण निर्जिवले गर्नुभएको थियो। महासङ्घ चितवनको उपाध्यक्ष बाबुराम पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासङ्घका सदस्य नारायण शर्मा विपिनले गर्नुभएको थियो।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !
www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
ww.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## मुस्ताङमा...

गठबन्धन मार्फत यो कार्य हुँदैछ। अझ गम्भीर कुरा त उक्त उत्खननका लागि एमसीसीद्वारा निकालिने विद्युत प्रसारण लाइन यसका लागि प्रयोग गरिनेछ। यो समाचारबारे सत्यतथ्य स्पष्ट पार्न र यस प्रकारका राष्ट्रघाती कदम रोक्न हाम्रो पार्टी कठपुतली बालेन्द्र सरकारसँग जोडदार माग गर्दछ।

अर्कोतिर नेपाल आयल निगम मार्फत् सरकारद्वारा पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गरी कालो बजार चलाइएको छ। अमेरिका र इरान बीचको युद्धलाई देखाएर सरकारले भन्सार शुल्क बढेको, स्वतः ढुवानी शुल्क बढेको, पूर्वाधार र सडक मर्मत शुल्क बढेको जस्ता बहाना बनाई पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। नेपालले पेट्रोलियम पदार्थ आयात गर्ने भारतबाट हो र भारतले तेलको कच्चा पदार्थ आयात गर्ने इरान र रूसबाट यसमा कुनै अवरोध भएको छैन। त्यसकारण यो मूल्य वृद्धि युद्धलाई देखाएर जनता लुट्ने प्रपञ्च हो। हामी यस प्रकारको पेट्रोलियम पदार्थको मूल्य वृद्धि घटाई सर्वसाधारण जनताका लागि यातायात र उपभोग्य वस्तु सुलभ बनाउन, कालोबजारी माथि रोक लगाउन बालेन सरकारसँग विशेष माग गर्दछौं।

*मिति : २०८३ वैशाख ४*

*सुदर्शन (प्रवक्ता)*

## लोकतान्त्रिक...

अन्तर्राष्ट्रिय मजदुर दिवस विश्वका धेरै मुलुकमा जस्तै नेपालमा पनि मनाउन गइरहेका छौं। मजदुरहरूका सङ्घर्ष र बिजयको गाथा बनेको यो दिवस सन १९९० देखि मनाउने प्रचलन अनवरत जारी छ। नेपाली मजदुरमाथि भइरहेका पेशागत एवं राजनीतिक उत्पीडन विरुद्ध क्रान्तिकारी सङ्कल्प पर्वको रूपमा आफ्ना आवाज बुलन्द गर्ने उत्प्रेरणा सिकागो सहरका मजदुरहरूले ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग राखेर गरिएको आन्दोलनको विरता, बलिदान र विजयबाट प्राप्त भएको हो। त्यही संघर्षको इतिहासबाट प्राप्त क्रान्तिकारी सङ्कल्पलाई जिवित राख्दै मजदुरहरू माथि हुने सबैखाले शोषण उत्पीडन विरुद्धको आवाजलाई उचो बनाउदै लैजानुपर्ने आवस्यकता छ।

जेन जी ृबिद्रोहृ(चुनाव हुँदै अहिले नयाँ सरकार बनेको छ।विकास, समृद्धि र वितरणको उन्नत नमुना प्रस्तुत गर्ने नारा दिएर आएको यो सरकारले सय दिनका सुधार कार्यक्रम प्रस्तुत गरेको छ। त्यसमा उल्लेखित राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत मुद्दाहरूमा सरकारको प्राथमिकता प्रति ध्यान दिने हो भने केहि गम्भीर शंसय पैदा भएका छ। राष्ट्रियताका गम्भीर मुद्दाहरूमा सरकार मौन छ। संविधान र कानुनले दिएका मौलिक अधिकारलाई समेत कुण्ठित गरेर मजदुर(विद्यार्थी संघ संगठनमाथि प्रतिबन्ध लगाउने योजना सार्वजनिक भएका छन। लगानी मैत्री व्यवस्था र कानुन बनाउने नाममा श्रमिकवर्गले उपभोग गरेका सिमित अधिकार समेत वलात खोस्ने प्रयत्न हुँदै छ। मजदुरहरूका संगठित हुने,राजनितीक आस्था राख्न पाउने र तलब, कार्यदिन, सुबिधा, सुरक्षासँग सम्बन्धित मुद्दाहरूमा पैरवी गर्न पाउने विश्वव्यापी प्रचलित मान्यतालाई चुनौती दिने कानुनको सरकारी पुर्पक्ष उदेकलाग्दो र मजदुर बिरोधी रहेको छ।

सुख, समृद्धि र वितरणमा चुस्तता एवं पारदर्शिताको चर्को नारा उठाएर गठन भएको सरकार अहिले पेट्रोलियम पदार्थ चरम मुल्य वृद्धि गराइरहेको छ। बजार मुल्य श्रमिक जनताको क्रयशक्तिको पहुच भन्दा माथि छ। प्राविधिकिकरणको नाममा सरकारले वैदेशिक ऋणको भार थप्दै गएको छ। प्राविधिकिकरण नेपालको भन्दा ऋण दाताहरूको नव( औपनिवेशिक स्वार्थ प्रेरित रहेको देखिन्छ। ऋण लिएर घ्यू खाने सिद्धान्त बोकेको जस्तो प्रतीत हुने सरकारको देशमा रोजगारीको वृद्धि गर्ने योजना बनाउनु भन्दा आफ्ना प्रतिद्वन्द्वीहरू प्रति प्रतिशोध र बेतुक गिरफ्तारीको नाटकीय चर्चा बटुल्न खोजिरहेको छ। खाडी मुलुकमा भैरहेको चर्को युद्ध र अशान्तिका कारण नेपाल श्रमिकहरूको सुरक्षा चुनौती थपिदै गएको छ। आप्रवासी नेपाली श्रमिकहरूको उद्दार र स्वदेशमा रोजगारीको ब्यवस्थापन गर्न पर्ने बेला सरकार ृनिरोको बाँसुरीृ धुन बजाइरहेको छ।

चर्को मुल्य वृद्धि,रोजगारीको अभाव,लोकतान्त्रिक अधिकार कटौतीको सरकारी योजानको बिरोध सहित हामी १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा बैशाख १ गते देखि कारखाना, श्रम प्रतिष्ठानहरूमा मजदुरहरूका मुद्दाहरूमा छलफल र जागरण कार्यक्रम सहित अभियान सन्चालन गर्दै बैशाख १८ गते देशका मुख्य सहरमा समापन सभा गर्ने छौं। निर्धारित कार्यक्रममा सक्रिय सहभागी भएर मई दिवसको गौरवशाली परम्परा कायम गर्दै जनगणतान्त्रिक ब्यवस्था स्थापना गर्ने उद्देश्यलाई आधार बनाएर एकताबद्ध हुन देशभक्त, वामपन्थी, लोकतान्त्रिक, क्रान्तिकारी शक्तिहरूलाइ हार्दिक अपील गर्दछौं।

*हाम्रा नाराहरू*

१- १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस - जिन्दावाद !
२- संसारका मजदुर तथा उपिडित जनसमुदाय - एक हौं !
३- बढ्दो महङ्गी - नियन्त्रण गर १
४- संघ संगठन माथि अङ्कुश लगाउने निति - खारेज गर !
५- मजदुरहरूको तलब,ज्याला १०० प्रतिशत - वृद्धि गर !
६- मजदुरहरूलाई स्थायी रोजगारी - सुनिश्चित गर !
७- मजदुरहरूलाई सामाजिक सुरक्षा -सुनिश्चित गर !
८- अस्थायी, करार, ठेकेदारी,ज्यालादारी प्रणाली - खारेज गर !
९- संगठित हुने,मागहरू राख्ने एवं हडतालको अधिकार - सुनिश्चित गर !
१०- हायर एण्ड फायर,नो वर्क नो पे नीति - खारेज गर !
११- मजदुरहरूमाथि भइरहेका शोषण,दमन - बन्द गर !
१२- मजदुरहरूलाई राजनितीक प्रतिनिधित्वको - व्यवस्था गर !
१३- वर्तमान र बिगतका सरकार र सरकारी उच्च पदस्थहरूको सम्पत्ति छानबिन गर !
१४- नयाँ जनवादी(समाजवादी क्रान्ति - जिन्दावाद !
१५- क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपाल - जिन्दावाद !

*क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपाल*
*केन्द्रीय समिति*

## पेट्रोलियम...

तवरले मूल्य वृद्धि गरेको विरोधमा विद्यार्थीहरू आन्दोलित भएका हुन्। पेट्रोलियम पदार्थमा मूल्यवृद्धि सँगसँगै सबै कुरामा चर्को मूल्य वृद्धि भएको छ। रास्वपाको बहुमत प्राप्त सरकार गठन भएको केही दिनमा नै मूल्यवृद्धि भएको छ। मूल्य वृद्धिको असर आर्थिक रूपमा कमजोरलाई निकै गाह्रो भएको छ। "विद्यार्थीहरूले १ लिटर पेट्रोलमा सात कर , बालेन सर किन सात कर ,घरमा हाम्रो बास छैन , किनभने घरमा ग्यास छैन , मन्त्रीहरूको सुनै सुन जनतालाई छैन नुन , नो मोर वार नो मोर ट्याक्स, बालेन सरकार मूल्यवृद्धि उपहार " जस्ता नाराहरू लेखिएका प्लेकार्ड सहित प्रदर्शन गरेका छन्।विद्यार्थीहरूले जनतालाई राहत दिन जोडदार माग गरेका छन्।

## नेपालमा...

Servicing) मा खर्च हुने जोखिम छ। यस्ता आर्थिक संरचनाले नीतिगत प्राथमिकताको क्षेत्रसँगै राजनीतिक क्षेत्रमा पनि बाह्य प्रभाव बढाउने सम्भावना रहन्छ। श्रीलंकाको हम्बनटोटा बन्दरगाह (Hambantota Port) यसको स्पष्ट उदाहरण हो, जहाँ ऋण तिर्न नसक्दा रणनीतिक सम्पत्ति नै दीर्घकालीन रूपमा विदेशी नियन्त्रणमा गएको थियो। नेपालमा पनि ठूला विमानस्थल, जलविद्युत् परियोजना तथा सडक पूर्वाधारमा बढ्दो ऋणले भविष्यमा नीति स्वतन्त्रता सीमित हुने जोखिम बढाएको छ। यस्तो अवस्था ऋण कूटनीतिको संकेत हो, जहाँ आर्थिक सहायता रणनीतिक प्रभावको माध्यम बन्छ।

*२. सैन्य सहकार्य र रणनीतिक प्रभाव विस्तार*

नवउपनिवेशवादी संरचनामा सैन्य सहकार्यलाई प्रायः सुरक्षा सहयोग वा विपद् व्यवस्थापनका नाममा प्रस्तुत गरिन्छ। तर यस्तो सहकार्यले दीर्घकालीन रणनीतिक पहुँच विस्तार गर्न सक्छ। SPP जस्ता पहलहरूले साना राष्ट्रहरूको सुरक्षा संरचनासँग प्रत्यक्ष सम्बन्ध स्थापना गर्ने प्रयास गर्छन्। यस्ता सहकार्यले तालिम, उपकरण र समन्वयको नाममा सुरक्षा नीतिमा बाह्य प्रभाव बढाउने सम्भावना रहन्छ। त्यसैगरी हिन्द-प्रशान्त रणनीति जस्ता समग्र रणनीतिक ढाँचामा प्रत्यक्ष वा परोक्ष समेटिने सम्भावना रहन्छ, जसले नेपालको परम्परागत असंलग्न परराष्ट्र नीति यस्तो संरचनाबाट प्रत्यक्ष दबाबमा पर्न सक्ने जोखिम रहन्छ।

*३. नीतिगत र कानुनी हस्तक्षेप*

विदेशी सहायता र लगानी प्रायः सर्तसहित आउने भएकाले यसले नीति निर्माण, कानुनी संरचना र कार्यान्वयन प्रक्रियामा बाह्य प्रभाव पार्ने सम्भावना रहन्छ, जसले नीतिगत स्वायत्ततामा चुनौती सिर्जना गर्छ। नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (ँम्क्ष) न्mए को करिब ०.३-०.५% मात्र रहेको देखिन्छ, जसले उत्पादनशील क्षेत्रमा सीमित बाह्य लगानीको संकेत गर्दछ। यस्तो न्यून स्तरको लगानीले औद्योगिक विकास र प्रविधि हस्तान्तरणलाई कमजोर बनाउँदै दीर्घकालमा आर्थिक संरचनात्मक कमजोरी र नीति प्राथमिकतामा बाह्य प्रभावको जोखिम बढाउँछ। ःऋत्रः जस्ता विकास सम्झौताले परियोजना छनोट, कानुनी व्याख्या र कार्यान्वयन प्रक्रियामा बाह्य मापदण्डको प्रभाव देखाउँदै राष्ट्रिय निर्णय क्षमतामा दबाब सिर्जना गर्ने सम्भावना उजागर गरेको छ। यसरी नीतिगत र कानुनी क्षेत्रमा बाह्य प्रभाव संस्थागत हुने जोखिम रहन्छ, जसका लागि स्पष्ट नीतिगत ढाँचा र सुदृढ कानुनी संरचना आवश्यक हुन्छ।

*४. सांस्कृतिक र मानसिक प्रभाव*

नवउपनिवेशवादको सबैभन्दा सूक्ष्म तर गहिरो रूप सांस्कृतिक र मानसिक प्रभाव हो। पश्चिमी जीवनशैलीलाई आधुनिकताको प्रतीकका रूपमा प्रस्तुत गरी स्थानीय परम्परा र सांस्कृतिक मूल्यहरू कमजोर बनाइन्छ। गैरसरकारी संस्था, मिडिया र शिक्षा प्रणालीको माध्यमबाट विचार, भाषा, जीवनशैली र मूल्य प्रणाली जस्ता सामाजिक संरचना परिवर्तन गरिन्छ। जब कुनै समाजले आफ्नै संस्कृतिलाई पछौटे र बाह्य संस्कृतिलाई श्रेष्ठ मान्ने प्रवृत्ति हावी हुन्छ। यही प्रक्रियाबाट मानसिक उपनिवेशीकरण (ःभलतर्बा ऋयथिलष्बष्कि) को अवस्था सृजना हुने गर्दछ।

*५. प्राकृतिक स्रोत र प्रविधिमा निर्भरता*

प्राकृतिक स्रोत र प्रविधिमा निर्भरता नवउपनिवेशवादको एक महत्वपूर्ण आयाम हो। नेपाल जलविद्युत्, कृषि तथा खनिज स्रोतका दृष्टिले सम्भावनायुक्त देश भए पनि यी क्षेत्रहरूको विकासमा बाह्य प्रविधि, लगानी र प्राविधिक जनशक्तिमा बढ्दो निर्भरता देखिन्छ। विशेषगरी जलविद्युत् क्षेत्रमा विदेशी लगानी तथा संयुक्त लगानी (व्यष्लत खभलतगचभ) मोडेल विस्तार हुँदै जाँदा उत्पादन प्रक्रिया, प्राविधिक ज्ञान र सञ्चालन क्षमतामा बाह्य प्रभाव बढ्ने सम्भावना रहन्छ। यसले दीर्घकालमा ऊर्जा उत्पादन, वितरण तथा बजार पहुँचमा असन्तुलन सिर्जना गर्न सक्छ।

त्यसैगरी कृषि क्षेत्रमा हाइब्रिड बीउ, रासायनिक मल र कीटनाशक पदार्थको प्रयोग बढ्दै जाँदा परम्परागत कृषि प्रणाली क्रमशः कमजोर हुँदै गएको छ। स्थानीय बीउ, ज्ञान र अभ्यासको स्थानमा बाह्य स्रोतमा आधारित उत्पादन प्रणाली विकसित हुँदा किसानहरू आपूर्ति श्रृंखलामा निर्भर बन्ने अवस्था सिर्जना भएको छ। यसले दीर्घकालीन रूपमा खाद्य सुरक्षा, जैविक विविधता र कृषि आत्मनिर्भरतालाई चुनौती दिन सक्छ।

यस प्रकारको प्रविधि तथा स्रोतमा आधारित निर्भरताले केवल आर्थिक पक्षमा मात्र सीमित प्रभाव पार्दैन, बरु उत्पादन संरचना, ज्ञान प्रणाली र स्रोत नियन्त्रणमै बाह्य प्रभाव स्थापित गर्ने सम्भावना बढाउँछ। त्यसैले दीर्घकालीन राष्ट्रिय स्वायत्तता सुनिश्चित गर्न स्वदेशी प्रविधि विकास, स्थानीय स्रोतको संरक्षण र आत्मनिर्भर उत्पादन प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ।

*ऐतिहासिक पृष्ठभूमि र नेपाली सन्दर्भ*

नेपाल कहिल्यै प्रत्यक्ष उपनिवेश नभए पनि यसको भूराजनीतिक अवस्थाले सधैं बाह्य शक्तिहरूको चासो आकर्षित हुँदै आएको छ। सन् १८१६ को सुगौली सन्धि र १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिपछि नेपालको बाह्य सम्बन्ध र सुरक्षा संरचनामा बाह्य प्रभाव गहिरिदै गएको देखिन्छ। २००६ को राजनीतिक परिवर्तनपछि नेपालमा विदेशी सहायता, विकास परियोजना र अन्तर्राष्ट्रिय साझेदारीको दायरा तीव्र रूपमा विस्तार भएको देखिन्छ। विकास, शान्ति र लोकतन्त्र संबर्द्धनका नाममा आएका सहयोग र पहलहरूबाट रणनीतिक प्रभाव विस्तार अझ सहज बनाएको देखिन्छ। आजको अन्तर्राष्ट्रिय प्रणालीमा प्रत्यक्ष सैन्य हस्तक्षेपभन्दा पनि आर्थिक सहायता, कूटनीतिक साझेदारी र संस्थागत सहयोगमार्फत प्रभाव विस्तार गर्ने प्रवृत्ति जब्बर बन्दै गएको छ।

भारत/चीन जस्ता उदयमान दुई ठूला शक्तिको बीचको रणनीतिक क्षेत्रमा नेपाल अवस्थित छ। यहाँ विगत केहि दशकदेखि संयुक्त राज्य अमेरिकाको सक्रियता र उपस्थिति पनि बढ्दो छ। जसका कारण नेपालको भू-राजनीतिक महत्व दिनप्रतिदिन बढ्दै गएको छ। विकास सहायता, लगानी र सुरक्षा सहयोगका बहुआयामिक सम्बन्धहरूले नेपाल क्षेत्रीय शक्ति सन्तुलनको केन्द्रबिन्दु बनिरहेको छ। यसै सन्दर्भमा, कुनै एक पक्षतर्फ अत्यधिक झुकाव राख्नाले नेपालको रणनीतिक स्वतन्त्रतामाथि गम्भीर चुनौती खडा हुन सक्छ। त्यसैले, नेपालले सन्तुलित र असंग्लन परराष्ट्र नीति अपनाएर भू-राजनीतिक चुनौती व्यवस्थापन गर्दै राष्ट्रिय सार्वभौमिकता र स्वाधीनताको रक्षालाई प्राथमिकतामा राख्नु पर्दछ।

*निष्कर्ष*

नवउपनिवेशवाद २१औं शताब्दीको अदृश्य शक्ति संरचना हो। जसले प्रत्यक्ष उपनिवेश बिना नै राष्ट्रहरूको आर्थिक, राजनीतिक, सुरक्षा र सांस्कृतिक प्रणालीमा गहिरो प्रभाव पार्दछ। नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील राष्ट्रका लागि यो प्रभाव अझ जटिल र बहुआयामिक बन्दै गएको छ। विदेशी सहायता, सैन्य सहकार्य, ऋण, प्रविधि र सांस्कृतिक प्रभावका नाममा देखिने सहयोगहरू दीर्घकालीन रणनीतिक निर्भरता सिर्जना गर्ने माध्यम हुन् सक्छ।

यस सन्दर्भमा, नेपालले नवउपनिवेशवादी प्रभावलाई सम्बोधन गर्न आर्थिक आत्मनिर्भरता, सन्तुलित परराष्ट्र नीति, पारदर्शी सम्झौता प्रणाली, सांस्कृतिक संरक्षण र प्रविधि आत्मनिर्भरता जस्ता बहुआयामिक नीति अवलम्बन गर्नु अपरिहार्य छ। यसले मात्र दीर्घकालीन राष्ट्रिय स्वाधीनता सुनिश्चित गर्न सक्छ।

त्यसैले नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राख्दै सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नु, आर्थिक आत्मनिर्भरता बढाउनु, सांस्कृतिक पहिचान मजबुत बनाउनु र नीतिगत स्वायत्तता सुनिश्चित गर्नु आजको प्रमुख ऐतिहासिक दायित्व हो। यसैमार्फत मात्र राष्ट्रिय आत्मसम्मान र नेपालको स्वाधीनता तथा सार्वभौमिकताको रक्षा सम्भव हुन्छ।

*सन्दर्भ (References)*

Kwame Nkrumah (1965) Neo–ColonialismM The Last Stage of Imperialism= Thomas Nelson & Sons=

World Bank (2024). Nepal Development Update. Washington, DC.

Asian Development Bank (2024). Asian Development OutlookM Nepal Country Report. Manila.

International Monetary Fund (2024). Nepal Article IV Consultation Report. Washington, DC.

Government of Nepal, Ministry of Finance (2024) . Public Debt Management Report. Kathmandu.

Government of Nepal & Government of India (1950). Treaty of Peace and Friendship.

Millennium Challenge Corporation (2017).. Nepal Compact Agreement.

Pant, H. V. (2020). The China–India Rivalry in South Asia. Oxford University Press.

UNDP (2023). Human Development ReportM Nepal. New York.

*३० चैत्र २०८२*

## जनघात...

र नवप्रवर्तन-केन्द्रित आपूर्ति शृंखलाहरू निर्माण गर्ने लक्ष्य राख्छ।

प्याक्स सिलिकामा संयुक्त राज्य अमेरिका, जापान, दक्षिण कोरिया, अष्ट्रेलिया, बेलायत, सिङ्गापुर, इजरायल, ग्रीस, कतार, संयुक्त अरब इमिरेट्स, नेदरल्याण्ड्स, र भारत समावेश छन्। भारतले फेब्रुअरी २०२६ मा औपचारिक रूपमा सदस्यता लिएको हो। यो संगठनमा हस्ताक्षर नगरेका सहभागीहरूमा क्यानडा, युरोपियन युनियन, ताइवान, र अर्गनाइजेशन फर इकोनोमिक को-अपरेशन एण्ड डेभलपमेन्ट छन्, जसले छलफलमा भाग लिन्छन् तर औपचारिक रूपमा घोषणा पत्रमा हस्ताक्षर गरेका छैनन्।

*नेपालमा युरेनियम रहेका सम्भावित क्षेत्रहरू*

नेपालको विभिन्न स्थानहरूमा युरेनियमको भण्डारण रहेको दाबी गरिएको छ। एक अध्ययन अनुसार मकवानपुर धियालको तीनभंगाले-कालोपानी क्षेत्र (सबैभन्दा बढी विकिरण भएको) अनुमान छ। यस्तै, मुस्ताङ लोमान्थाङ, सिन्धुलीको बुका खोला र आसपासका क्षेत्रमा युरेनियम रहेको अनुमान गरिएको छ।

यसैगरी, बैतडी बागेगढ, सानीगढ, जमरी, गोरङ्ग, र बङ्गाबगर क्षेत्रमा पनि रहेको अनुमान छ। काठमाडौंको टोखा र शिवपुरी, रसुवाको मैलुङ खोला, चरीकोट, बझाङ, र बाजुराको कोदारी गढमा पनि युरेनियम रहेको उल्लेख छ।

*यस्तो राष्ट्रघाती कदम रोक्न सरकारसँग जोडदार माग*

यसैबिच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले मुस्ताङमा युरेनियम उत्खनन् गर्न अनुमति दिने राष्ट्रघाती कदम रोक्न सरकारसँग जोडदार माग गरेको छ। पार्टीका प्रवक्ता सुदर्शनले जारी गरेको प्रेस वक्तव्यमा नेपालको मुस्ताङ जिल्ला अन्तर्गत उपल्लो मुस्ताङको लोमान्थाङमा नेपाली सेनाको रोहबरमा अमेरिका र अस्ट्रेलियाको संयुक्त प्राविधिक टोलीलाई सरकारले युरेनियम उत्खनन् गर्ने अनुमति दिँदैछ भन्ने समाचारले पार्टीको गम्भीर ध्यानाकर्षण उल्लेख गर्दै यस प्रकारका राष्ट्रघाती कदम रोक्न कठपुतली बालेन्द्र सरकारसँग जोडदार माग गरिएको हो।

वक्तव्यमा भनिएको छ, '२०८३ वैशाख ३ गते प्रकाशित एक अनलाइन पत्रिकाका अनुसार यसबारे विस्तृत जानकारी दिँदै अमेरिकी नेतृत्वको "प्याक्स सिलिका" नामक गठबन्धन मार्फत यो कार्य हुँदैछ। अझ गम्भीर कुरा त उक्त उत्खननका लागि एमसीसीद्वारा निकालिने विद्युत प्रसारण लाइन यसका लागि प्रयोग गरिनेछ। यो समाचारबारे सत्यतथ्य स्पष्ट पार्न र यस प्रकारका राष्ट्रघाती कदम रोक्न हाम्रो पार्टी कठपुतली बालेन्द्र सरकारसँग जोडदार माग गर्दछ।

अर्कोतिर नेपाल आयल निगम मार्फत् सरकारद्वारा पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गरी कालो बजार चलाइएको छ। अमेरिका र इरान बीचको युद्धलाई देखाएर सरकारले भन्सार शुल्क बढेको, स्वतः ढुवानी शुल्क बढेको, पूर्वाधार र सडक मर्मत शुल्क बढेको जस्ता बहाना बनाई पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। नेपालले पेट्रोलियम पदार्थ आयात गर्ने भारतबाट हो र भारतले तेलको कच्चा पदार्थ आयात गर्ने इरान र रूसबाट यसमा कुनै अवरोध भएको छैन। त्यसकारण यो मूल्य वृद्धि युद्धलाई देखाएर जनता लुट्ने प्रपञ्च हो। हामी यस प्रकारको पेट्रोलियम पदार्थको मूल्य वृद्धि घटाई सर्वसाधारण जनताका लागि यातायात र उपभोग्य वस्तु सुलभ बनाउन, कालोबजारी माथि रोक लगाउन बालेन सरकारसँग विशेष माग गर्दछौं।'

*...बफर स्टेट' शब्दावलीको प्रयोग : राष्ट्रको सार्वभौमिकतामाथिको घात*

विश्वकै प्राचिन स्वतन्त्र, सार्वभौम आफ्नै देशको कद होचो पार्ने गरी बफर स्टेटको संज्ञा दिए। राष्ट्रिय सहमति, बृहत छलफल परामर्श विना ६ दलको सहमति मा भनेर कथित राष्ट्रिय प्रतिवद्धता जारी गरे। राष्ट्रिय प्रतिबद्धतामा विदेशनीतिबारे उल्लिखित उक्त पदावलीले राजनीतिक दल, संविधानविद् र कूटनीतिका जानकारहरूलाई समेत झस्काएको छ।

६ वटै दलका चुनावी घोषणापत्र समेटेको भन्दै सरकारले वैशाख १ गते राष्ट्रिय प्रतिबद्धता पत्रको मसौदा सार्वजनिक गरेको थियो। जसको बुँदा नं १४ मा 'अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्ध' शीर्षकलाई समेटिएको छ।

सो बुँदामा लेखिएको छ- नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई सर्वोपरी राख्दै नेपाललाई 'बफर स्टेटबाट भाइब्रेन्ट ब्रिजको रूपमा रूपान्तरण गरी त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीको माध्यमबाट राष्ट्रिय हित सुनिश्चित गरी नेपाललाई स्वतन्त्र, तटस्थ र विश्वशान्तिमा आधारित असंलग्न राष्ट्रको रूपमा विश्वमञ्चमा स्थापित गरिनेछ।

यहाँ उल्लिखित 'बफर स्टेट' पदावलीप्रति दलदेखि कूटनीतिज्ञसम्मले आपत्ति जनाएका छन्। त्रिभुवन विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक विषयका सहप्राध्यापक प्रेमराज खनाल सरकारले विदेश नीतिका विषयमा अपरिपक्क काम गरेको बताउँछन्।

'बफर स्टेट भन्ने शब्द राजनीतिक रूपमा गलत छ। नेपाल सार्वभौम र स्वतन्त्र मुलुक हो। अहिलेसम्म कसैले उपनिवेश बनाउन सकेको छैन,' उनले भने, 'सरकार आफैँले यो शब्द प्रयोग गर्नु कूटनीतिक रूपमा सही होइन। आफैँले आफैँलाई बफर स्टेट भनेर केमा कमजोर देखाउन खोजेको हो ?'

उनले छिमेकी भारतसहित विश्वभरका धेरै मुलुक उननिवेश बन्दा नेपाललाई पुर्खाले जोगाएको स्मरण गरे।

संविधानविद् विपिन अधिकारी पनि त्यस्तो शब्द प्रयोग गर्नै नहुने बताउँछन्।

'केको बफर स्टेट नि ? त्यस्तो भन्नु हुँदैन। स्वतन्त्र परराष्ट्र नीति अपनाउने कुनै पनि मुलुकले आफूलाई बफरको हैसियतमा रहेको स्वीकार गर्दैन,' उनको भनाइ छ, 'हामी त पटक-पटक लडाइँ लडेका, सम्झौता गरेका र घुँडा टेकाएका देश हौँ।'

यसैबीच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको हालै सम्पन्न केन्द्रीय समितिको बैठकमा प्रस्तुत एवम् पारित दस्तावेजमा भनिएको छ, 'अमेरिकी साम्राज्यवादका लागि चीन प्रमुख प्रतिस्पर्धी बन्दैगएको आजको स्थितिमा अमेरिकाले चीनलाई घेराहाल्न नेपालमा प्रत्यक्ष हैकम बढाउँदै आएको छ। पहिले भारत मार्फत् आउने अमेरिका पछिल्लो चरणमा भारतमा मात्र भरपरेको छैन। एमसीसी जस्तो सैन्य परियोजना मार्फत् अमेरिकाले नेपालमा आफ्नो सिकञ्जा कस्दै लगेको छ। अमेरिकाको पक्षमा जनमत निर्माण गर्न नेपालमा अमेरिकी साम्राज्यवादद्वारा बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेसन, फ्रि तिब्बत स्टुडेन्ट मुभमेन्ट, टिओबी ९त्ष्दभतबल इचभफ्लबां द्यियम० र हामी नेपाल जस्ता अनेकौं गैरसरकारी संस्थाहरू सञ्चालन गरिँदै आएका छन्। सैन्य अखडा खडागरी चीनविरोधी गतिविधि अगाडि बढाउन अमेरिकाले नेपाल सरकारसँग एसपीपी सम्झौता अनुमोदन गराउन दवाव दिँदै आएको छ। तत्कालीन नेपाली सेना प्रमुख राजेन्द्र क्षेत्रीले हस्ताक्षर गरी एसपीपीमा सहमति जनाएको भएपनि देशभक्त शक्तिहरूको दवावका कारण तत्कालीन शेर बहादुर देउवा नेतृत्वको सरकारले त्यसलाई अनुमोदन गरेन। यो स्थितिमा नेपाली कांग्रेस लगायत पुराना संसदवादी पार्टीका नेताहरूबाट अमेरिकी स्वार्थ पुरा नहुने देखेपछि अमेरिकालाई नेपाली संसद र सरकारमा नयाँ र भरपर्दो पार्टीको आवश्यकता खड्कियो। यही आवश्यकता पुरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टीलाई अगाडि ल्याइएको हो।'

सोही दस्तावेजमा अगाडि भनिएको छ, 'जेन-जेडका नाममा गराइएको "विद्रोह", सुशीला सरकारको गठन, फागुन २१को ससदीय निर्वाचन, निर्वाचनमा रास्वपाले प्राप्तगरेको मत परिणाम र बालेन्द्र सरकार गठनको श्रृङ्खला साम्राज्यवादको योजनामा भएको प्रष्ट छ। बालेन मन्त्रीमण्डलमा समावेश गरिएका अधिकांश मन्त्रीहरू अमेरिकी गैर-सरकारी संस्थाका सञ्चालक वा त्यससँग जोडिएका अमेरिकी दलालहरू रहेका छन्। यो सरकार सामान्यतः साम्राज्यवाद र त्यसमा पनि मुख्यतः अमेरिकी साम्राज्यवादको कठपुतली सरकार हो।'

*जनघातका चाङ*

जनअधिकारसँग सम्बन्धित विद्यार्थी, मजदुर, प्राध्यापक, शिक्षक, कर्मचारी लगायतका जनसंगठनहरू खारेजी गर्ने निर्णय बालेन सरकारले गरिसकेको छ र अहिले कार्यान्वयन गर्न राज्यका सुरक्षाकर्मी परिचालन गर्ने, विश्वविद्यालयहरूमा प्रहरीले सुरक्षा दिने लगायतका निर्णय गरेको छ।

गत चैत २० मा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलको उपस्थितिमा सबै विश्वविद्यालयका उपकुलपतिहरूले हस्ताक्षरसमेत गरेका छन्।

मन्त्री पोखरेल, अनुदान आयोगका अध्यक्षसहित उपकुलपतिहरूले गरेको निर्णयमा भनिएको छ, 'विश्वविद्यालयलले विद्यार्थी संगठनहरूलाई कार्यालय स्थापनार्थ उपलब्ध गराउँदै आएको कोठा/भवन/जमिन उपलब्ध नगराउने।'

विश्वविद्यालयको परिसरभित्र विद्यार्थी संगठनहरूका ब्यानर, झण्डा, भित्ते लेखन लगायतका भौतिक संकेत देखिनै विषयहरू तत्काल हटाउने निर्णय पनि भएको छ।

विश्वविद्यालयको ऐनमा दलीय विद्यार्थी संगठनको सम्बन्धमा कुनै कानूनी व्यवस्था गरिएको भए ती नियमहरू खारेजीका लागि तीन महलको प्रस्ताव तयार गरी तत्काल आयोग मार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेस गर्ने निर्णय समते गरिएको छ।

विश्वविद्यालयका नियमावली/विनियमावली लगायतमा त्यस्तो व्यवस्था गरेको भएमा विश्वविद्यालयको कार्यकारी परिषद्/सभा वा सम्बन्धित निकायबाट ६० दिन भित्र संशोधन गर्ने निर्णय भएको छ।

दलीय विद्यार्थी संगठन हटाउने कार्यमा कुनै प्रकारको सुरक्षा चुनौती भएमा सो व्यहोराको जानकारी तत्काल सुरक्षा निकायलाई गराउने निर्णय समेत गरिएको छ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा ८६ मा उल्लेखित विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना ६० दिन भित्र हटाई ९० दिनभित्र स्टुडेन्ट काउन्सिल/भ्वाइस अफ स्टुडेन्ट संयन्त्र विकास गर्ने उल्लेख छ।

# आलोपालो

## उत्पीडनको माफी नै काफी ?



● मनु वि.क. ●

२०८२ भाद्र २३ र २४ गते योजनाबद्ध रूपमा जेजी विद्रोह गराइयो । जेनजी विद्रोहको योजना कहाँ बन्यो ? कसले बनायो ? भौतिक संरचनाहरू जलाउने योजना कता बन्यो ? यसको कुनै खोजी हुन सकेको छैन । सुशीला कार्की नेतृत्वको सरकार बन्यो । सरकारले फागुन २१को निर्वाचन गऱ्यो निर्वाचन पछि रास्वपाको सरकार बनेको छ । सरकारले प्रशासन सुधारका सय बुँदाको पाँचौ नं बुँदामा दलित तथा ऐतिहासिक रूपमा बहिस्कृत समुदाय माथि,राज्य,समाज र नीतिगत संरचनाबाट भएका अन्याय ,विभेद र अवसरवञ्चनको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको अधार तयार गर्ने १५ दिन भित्र राज्यका तर्फबाट औपचारिक क्षमा याचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने भनेको छ। सोही बुँदाको आधारमा रास्वपाका अध्यक्ष रवि लामिछानेले चैत्र १९ गतेको पहिलो संसदको बैठकमा दलित समुदायसँग माफी पनि मागेका छन् । उनले मागेको माफीलाई रास्वपा भन्ने पार्टीको तर्फबाट दलित समुदायसँग माफी मागिएको रूपमा हेरिएको छ । राज्यको तर्फबाट माफी मागिएको छैन । राज्यको तर्फबाट माफी माग्नलाई प्रधानमन्त्रीले माग्नु पर्ने थियो तर राज्यको तर्फबाट माफी माग्न सकिएको छैन । दलित समुदायसँग माफी नै काफी हो कि ? जसरी निकै प्रचार प्रसार गरिएको छ। अहिले बनेको नयाँ सरकारले दलित समुदायसँग माफी माग्नु निकै महान काम हो भन्ने खालको भ्रम छर्न खोजिएको छ । सरकारले दलित समुदायसँग माफी माग्नु पर्ने थियो। अहिलेसम्म नेपालमा बनेका सरकारले दलित समुदायसँग माफी नमागेकाले दलित माथि उत्पीडन, विभेद कायम रहेको हो । अब माफी मागियो, माफीको कमी थियो माफीले सबै दलित उत्पीडित समुदायको सबै समस्या चटक्कै सकिन्छ ,समाजमा विभेद सकिन्छ, भन्ने जस्तो सामाजिक संजालमा र समाचारहरूमा पार्न खोजिएको छ। के यत्तिले नै दलित समुदायको सबै समस्या र विभेदहरू सकिएको छ त?

दलित समुदाय तीन हजार,पैंतिस सय वर्षदेखि उत्पीडन सहँदै आएको समुदाय हो । यो समुदाय समाजमा आर्थिक रूपमा उच्च जातीय समुदाय भन्दा पछाडि पारिएको समुदाय हो । यो समुदायको काँधमा टेकेर आजका साहु,महाजनहरू ,धनी, उच्च बन्ने मौका पाए। राज्यले कानुनै बनाएर दलित समुदायमाथि उत्पीडन गर्दै आयो । ठूला जातिहरूको सेवा गर्नु भन्दै नियमहरू बनाए । खास भन्ने हो भने जन्मकै आधारमा उत्पीडित समुदायको हातको पानीसम्म चलेको छैन । आज पनि घर,समाजले दलित जातिलाई मान्छेको रूपमा नै व्यहार गर्दैन। दलित हो, मलाई कोठा दिनु त,भनेर भन्ने हो भने आज पनि कोठा पाउन नसक्ने स्थिति दलितको छ। आर्थिक रूपमा कमजोर, सामाजिक रूपमा बहिस्कृत,अछुत जाति राज्यको पहुँचको हिसाबले पहुँचबाट टाढा,शैक्षिक हिसाबले शिक्षा लिनबाट वञ्चित,समाजले राज्यले मान्छेको रूपमा नै अहिलेसम्म पनि लिन नसकेको समुदाय हो। समाजले उनीहरूलाई सिधै अछुत बनायो। समाजले उनीहरूलाई छिछि, दूरदूर गरेर राख्यो। उनीहरूको पसिना श्रम सिधै खोसेर खायो। माथिल्ला बनाएका जातिको सेवा गर्नु भन्दै सेवामा खटायो । विगतमा धारा, कुवा ,पँधेरा, पाटी, पौवा,कुवा, गुरुकुल स्कुल सबैबाट टाढा रहनु पर्छ भन्दै राख्यो ।

दलित हरूबाट उच्च जातिहरू टाढा रहे दलितहरूलाई उनीहरूले टाढा राख्न चाहे। उनीहरूको हातमा सत्ता सत्ता *बाँकी ४ पेजमा*


## स्वतन्त्र प्रेस, सबल लोकतन्त्र

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## क्रान्तिकारी...

हार होइन ।

नेपाली सेनाले आफूलाई राष्ट्रिय स्वाधीनताको पक्षमा रहेको भ्रमदिन खोजे पनि पछिल्लो चरणमा यसको राष्ट्रघाती चरित्र पर्दाफास हुँदै आएको छ। एसपीपीलाई स्वीकार्नेदेखि भदौ २४ गतेको घटनामा आफ्नै सुरक्षा घेराभित्र रहेको सिंहदरवार र राष्ट्रपति भवन लगायत देशैभरि आगजनी, तोडफोड र लुटपाटका घटना हुँदा नेपाली सेना मुकदर्शक बनेर बस्ने र सुरक्षाको नाममा सरकार प्रमुख सहित राजनीतिक नेतृत्वलाई नियन्त्रणमा लिई अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादको योजना अनुसार सुशीला सरकारको गठनमा निर्णायक भूमिका खेल्ने कामबाट नेपाली सेनाको नेतृत्व पङ्क्ति मुख्यतः अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विश्वासिलो मतियार बनेको कुरामा अब कुनै शङ्का छैन। यसका अतिरिक्त नेपालको राज्यसत्ताका सबै अङ्गहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका समेत साम्राज्यवादको इसारामा नाचेको छर्लङ्ग देखिन्छ। न्यूनतम अध्ययन तथा अनुसन्धान नै नगरी गगन थापा नेतृत्वको नेपाली काङ्ग्रेसलाई आधिकारिकता प्रदान गरेको घटनाबाट निर्वाचन आयोग समेत साम्राज्यवादीहरूको योजनामा चलेको छ भन्ने स्पष्ट भएको छ ।

निर्वाचनको सन्दर्भमा पार्टीले आयोजना गरेका पर्चा वितरण जस्ता सामान्य प्रचारात्मक कार्यक्रम पनि सुशीला सरकारले हुन दिएन । हाम्रो पार्टीका थुप्रै नेता तथा कार्यकर्ताहरू गिरफ्तारीमा परे । शान्तिपूर्ण ढङ्गले आफ्नो मत जनताका सामु राख्न पाउने सामान्य जनवादी अधिकार पनि खोसियो । यो फासीवादको चरम नमूना हो ।

यसरी यो निर्वाचनको प्रक्रियाबाट साम्राज्यवादले नेपालको शासन सत्तामा नयाँ दलालहरू भर्ति गरेर आफ्नो नव-औपनिवेशिक मिसन तत्काललाई पुरा गरेको छ। निर्वाचनमा मतगणनाको नतिजा आउँदा नआउँदै काठमाण्डौ स्थित अमेरिकी राजदूतावासले नयाँ सरकारसँग सुरक्षा सहकार्य गर्न आतुर रहेको भनी वक्तव्य दिनुले नेपालमा सैन्य अखडा खडागरी सामान्यतः पुरै दक्षिण एसिया र विशेषतः चीनलाई घेराबन्दी गर्ने अमेरिकाको साम्राज्यवादी मिसन रहेको कुरामा अव शङ्का गर्नुपर्ने ठाउँ छैन। यसरी राष्ट्रिय स्वाधीनता माथिको खतरा प्रमुख बनेर आएको वर्तमान सन्दर्भमा पार्टीले अगाडि सारेको स्वाधीन संयुक्त सरकारको कार्यनीति सही सावित भएको छ। यो स्थितिमा पार्टीको कार्यदिशालाई समृद्ध गर्न र साम्राज्यवाद विरोधी संयुक्त मोर्चाको नीतिलाई तदनुसार विकास गर्न पार्टीले विशेष ध्यान दिनु पर्दछ ।

यो स्थितिमा पार्टीले अगाडि सारेको राष्ट्रिय राजनीतिक सम्मेलन, संयुक्त मोर्चाको निर्माण र स्वाधीन संयुक्त सरकारको कार्यनीतिक कार्यक्रमलाई जोड दिएर अगाडि बढाउनु पर्दछ। कुन पार्टीलाई संयुक्त मोर्चामा ल्याउने र कुन पार्टीलाई नल्याउने भन्ने प्रश्न ती पार्टीहरूले हिजोसम्म अभ्यास गर्दै आएका राजनीतिक कार्यदिशा र कार्यक्रमका आधारमा होइन, आज राष्ट्रिय स्वाधीनतामा आएका खतराका विरुद्ध कसको के अडान हुन्छ भन्नेबाट निर्धारण गर्नु पर्दछ। यसका लागि पार्टीले सबैभन्दा पहिला संयुक्त मोर्चा निर्माणको एउटा कार्यपरिधि (त्भचकक या चभाभचभलअभ) तयार पारी त्यसलाई व्यापक जनताका बीच छलफलमा लैजानु पर्दछ। सो कार्यपरिधीमा आउने विचारका आधारमा कुन पार्टी, समूह वा व्यक्तित्वसँग संयुक्त मोर्चा गर्ने र कोसँग नगर्ने भन्ने टुँगो लगाएर संयुक्त मोर्चाको गठन प्रक्रियामा प्रवेश गर्नु पर्दछ ।

जेन-जेडका नाममा गराइएको "विद्रोह", सुशीला सरकारको गठन, फागुन २१को ससदीय निर्वाचन, निर्वाचनमा रास्वपाले प्राप्तगरेको मत परिणाम र बालेन्द्र सरकार गठनको श्रृङ्खला साम्राज्यवादको योजनामा भएको प्रष्ट छ। बालेन मन्त्रीमण्डलमा समावेश गरिएका अधिकांश मन्त्रीहरू अमेरिकी गैर-सरकारी संस्थाका सञ्चालक वा त्यससँग जोडिएका अमेरिकी दलालहरू रहेका छन्। यो सरकार सामान्यतः साम्राज्यवाद र त्यसमा पनि मुख्यतः अमेरिकी साम्राज्यवादको कठपुतली सरकार हो ।

गत भाद्र २३ र २४ गतेको जेन-जेड "विद्रोह" बारे अध्ययन गरी प्रतिवेदन पेश गर्न सुशीला कार्की नेतृत्वको कठपुतली सरकारले गौरीबहादुर कार्कीको नेतृत्वमा एउटा आयोग गठन गरेको थियो। सो आयोगले निर्वाचन पूर्व नै आफ्नो प्रतिवेदन सरकार समक्ष पेश गरेको भएपनि सुशीला सरकारले त्यसलाई सार्वजनिक गरेन। निर्वाचन परिणाम आइसकेपछि उक्त प्रतिवेदनलाई जनआस्था साप्ताहिक मार्फत बाहिर ल्याइएपछि मात्र सुशीला सरकारले उक्त रिपोर्ट सार्वजनिक गऱ्यो। सोही प्रतिवेदनले कार्वाहीको सिफारिस गरेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक लगायतका व्यक्तिलाई बालेन सरकारले गिरफ्तार गरी मुद्दा अगाडि बढाएको छ।

आयोगको रिपोर्टले २०८२ भाद्र २३ गतेको जेन-जेड विद्रोहमा भएको गोलीकाण्डबारे ओली सरकारलाई जिम्मेवार ठहराएको छ। यो निष्कर्ष तर्कसङ्गत नै देखिन्छ। तर २३ गते भन्दा पहिल्यैदेखि विध्वंशको तयारी गर्ने पात्रहरू र भाद्र २४ गते देशैभरि गरिएका आगजनी, लुटपाट र विध्वंशमा संलग्न हुने अपराधीहरूबारे गौरीबहादुर आयोगको रिपोर्टले केही बोलेको छैन। यसरी गौरीबहादुर कार्कीको प्रतिवेदन पूर्वाग्रही तथा अपूरो छ र जेन-जेड "विद्रोह" का अपराधीलाई जोगाउने उद्देश्यद्वारा प्रेरित छ। यसै गरी साम्राज्यवादी मिडिया बीबीसीले तयार पारेको डकुमेन्ट्री पनि सोही उद्देश्य पुरा गराउने खेल थियो भन्ने कुरा स्पष्ट छ।

यही चैत्र १३ गतेको बालेन्द्र साहको नेतृत्वमा गठित मन्त्री परिषदको बैठकले तत्काल सरकारले गर्नु पर्ने भनी १०० ओटा कामहरूको सूची तयार गरी त्यसलाई १४ गते सार्वजनिक गरेको छ। त्यो सूचीमा सरकारी काम छिटो छरितो गर्न प्रविधिको प्रयोग अर्थात् डिजिटलाइजेशनलाई निकै जोड दिएको छ। कामको २१औं नम्बरको सुचीमा "राष्ट्रिय परिचय पत्रलाई अनिवार्य एकल परिचय प्रणालीका रूपमा प्रयोग गर्ने तथा सबै सेवा प्रक्रियालाई फेसलेस, टाइम-बाउण्ड र ट्र्याकिङ् योग्य बनाउने ।" भनी उल्लेख गरिएको छ। यो नेपाली नागरिकताको प्रमाणपत्रलाई विस्थापित गर्ने, नेपाली नागरिक हुनुको राष्ट्रिय गौरवलाई कमजोर पार्ने र राष्ट्रिय परिचयपत्रलाई ट्र्याकिङ् योग्य बनाउने सरकारको निकै खतरनाक निर्णय हो। यसले नेपाली नागरिकलाई नेपाली पहिचानबाट विमुख पार्ने र हरेक नेपालीलाई राष्ट्रिय परिचयपत्र मार्फत् सार्म्राज्यवादको सूचना प्रणाली भित्र पारी उनीहरूका दैनिक गतिविधिको निगरानी गर्ने एउटा वैधानिक बाटो खोलिदिएको प्रस्ट छ। यसले अन्ततः नेपालको राष्ट्रिय सुरक्षा तथा नेपाली राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई साम्राज्यवादको नियन्त्रणमा पुऱ्याउने काम गरेको छ।

यस सूचीमा उल्लिखित ६० नम्बरको काममा सरकारले "निजी क्षेत्र संरक्षण तथा प्रवर्धन रणनीति" तयार गरी त्यसलाई लागु गर्ने भनेको छ। यो बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालको प्रचूर प्राकृतिक सम्पदा तथा सस्तो श्रम लुट्न साम्राज्यवादका लागि निर्वाध बाटो खोल्ने नीति हो। यसले राष्ट्रिय अर्थतन्त्रलाई ध्वस्त पार्ने र देशलाई झन पराधीन बनाउने कुरा स्पष्ट छ। यसरी बालेन नेतृत्वको सरकार गठन र त्यसले अगाडि सारेको १०० बुँदे कार्यक्रमले यो मुख्यतः अमेरिकी साम्राज्यवादको इसारामा चल्ने राष्ट्रघाती सरकार हो र यसबाट नेपालको राष्ट्रिय स्वाधीनता माथिको खतरा प्रधान भएको तथ्यलाई पुनः पुष्टि गरेको छ।

नेपालको राष्ट्रिय स्वाधीनताका विरुद्ध यतिबेला अमेरिकी साम्राज्यवाद अग्रपङ्क्तिमा भए पनि भारतीय विस्तारवाद नेपाली क्रान्तिको दुश्मन रहिआएको छ। क्षेत्रीय शक्तिका रूपमा रहेको भारतीय विस्तारवादका विरुद्ध भारत लगायत दक्षिण एसियाका क्रान्तिकारी पार्टी तथा जनताका बीचको संयुक्त मोर्चा निर्माणमा विशेष जोड दिनु पर्दछ। नेपाललाई बेवास्ता गरी त्रिदेशीय नाका लिपुलेक क्षेत्रबाट भारत र चीनले हालै व्यापार सुरुगर्न गरेको निर्णयको पार्टी विरोध गर्दछ।

पार्टी कामको समीक्षा

पार्टी कामको समीक्षा गर्दा यसलाई दुई खण्डमा गर्नु उपयुक्त देखिन्छ। पहिलो, जेन-जेड "विद्रोह" बारे तत्काल पार्टीले निकालेको निष्कर्ष, दोस्रो संसदीय निर्वाचनको बहिष्कार ।

जेन-जेड "विद्रोह" : गत भदौ २३ गतेको जेन-जेडको स्वतस्फूर्त "विद्रोह" न्यायपूर्ण रहेको र २४ गते अमेरिकी साम्राज्यवादका दलालहरूद्वारा त्यसलाई अपहरण गरिएको भनी पार्टीले त्यतिबेला मूल्याङ्कन गरेको थियो। उक्त "विद्रोह"का लागि गरिएको पूर्व तयारी; २३ गतेको "विद्रोह"; २४ गतेको आगजनी, लुटपाट तथा विध्वंश; सुशीला सरकारको गठन; सुशीला कार्कीलाई दलाइ लामाको बधाई; फागुन २१ को निर्वाचन र बालेन सरकारको गठनसम्म आइपुग्दा भाद्र २३ को "विद्रोह" एउटै श्रृङ्खलामा भएको र त्यो नेपालको शासनसत्ता परिवर्तन गर्ने अमेरिकी साम्राज्यवादी योजना र भारतीय सहमतिमा गराइएको कुरा अब कतैबाट छिपेको छैन। यसरी त्यतिबेला प्राप्त सिमित सुचनाका आधारमा भाद्र २३ र २४ लाई अलग गरेर हेर्ने पार्टीको त्यो निष्कर्ष यथार्थसँग मेल नखाएको हुनाले त्यसलाई सच्याउनु पर्दछ। जहाँसम्म भाद्र २३ को "विद्रोह"मा युवा विद्यार्थीहरूको व्यापक सहभागिताको प्रश्न छ, त्यो सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध माथिको आक्रोसका पृष्ठभूमिमा सुशासनको प्रत्याभूति र भ्रष्टाचारको अन्त्य जस्ता जनपक्षीय नाराबाट उनीहरू आकर्षित हुनुको परिणाम हो। अमेरिकी दलालहरूको भित्री योजना थाह नभएको तर बाहिर ल्याइएका नाराहरू आकर्षक रहेको आधारमा युवाहरू २३ को "विद्रोह"मा संलग्न भएका हुन्। युवाहरूको देशभक्ति, इमान्दारी र जनपृय नाराप्रतिको आकर्षणलाई दुरूपयोग गरेर साम्राज्यवाद आफ्नो उद्देश्य पुरा गर्न सफल भएका छ।

निर्वाचन बहिष्कार : केन्द्रीय समितिको यो बैठकले चितवन बैठकको निर्वाचन बहिष्कार गर्ने निर्णय र त्यसपछिका बहिष्कार कार्यक्रमहरूको समीक्षा गर्दा हामी निर्वाचनमा प्रतिक्रियावादीहरूले गरेका दमन धरपकड तथा षडयन्त्र, पार्टीको योजना तथा त्यसको कार्यान्वयन र त्यसप्रति जनताको प्रतिक्रियामा केन्द्रित हुनु पर्दछ।

सर्वप्रथम यो संसदीय निर्वाचनमा मतदाताको उत्साहजनक उपस्थिति रहेन। यो निर्वाचनका पछाडि एल्गोरिदम (ब्नियचष्तज्ञ) र डिप स्टेट (म्भभउ क्तबतभ) को ठुलो भूमिका रह्यो। त्यसमाथि, यो चुनाव अमेरिकी साम्राज्यवादले नेपाली सेना सहित राज्यका तीनओटै अङ्गहरूलाई पारेको प्रभाव र पुराना संसदवादी पार्टीहरू प्रति जनताको आक्रोशका बीचबाट गराइयो। अमेरिकी साम्राज्यवादले नयाँ र भरपर्दा दलालहरूको नेतृत्व रहेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई करिब दुईतिहाई मतको व्यवस्था गराउने काममा सुशीला सरकारलाई राम्रोगरी प्रयोग गऱ्यो। अर्कोतिर, जनताले निर्वाचनको स्वतस्फूर्त बहिष्कार पनि गरे। दार्चुलामा दुइओटा, दाङ्मा दुइओटा, बझाङ्मा एउटा, ओखलढुङ्गामा एउटा र दोलखामा एउटा गरी जम्मा सातओटा निर्वाचन बुथबाट मतपेटिकाहरू खाली फर्के। यसले संसदीय व्यवस्था, संसदवादी पार्टी र निर्वाचनप्रति जनताको विश्वास क्रमशः टुट्न थालेको देखिन्छ। यो स्थितिमा पार्टीको चितवन बैठकले गरेको सत्ता तथा व्यवस्थाको भण्डाफोर र संसदीय निर्वाचनको बहिष्कार गर्ने निर्णय सही एवम् वस्तुवादी सावित भएको छ।

पार्टीले सञ्चालन गरेको बहिष्कार कार्यक्रमको प्रचारात्मक पक्ष सामान्यतः सफल रहेको र त्यसको कार्यान्वयन पक्ष कमजोर रहेको छ। यो बहिष्कार कार्यक्रम ससदीय व्यवस्थाको भण्डाफोर गरी त्यसलाई जनताका नजरबाट गिराउन, जनसमुदायको क्रान्तिकारी भावना र चेतना समृद्धगर्न, सम्पूर्ण पार्टी पङ्क्ति तथा जनतालाई ज्वारभाटाका विरुद्ध उभिने सन्देश दिन र कम्युनिस्ट नामका दक्षिणपन्थी संशोधनवादीहरूको भन्दा भिन्न कम्युनिस्ट पार्टीको स्वतन्त्र र क्रान्तिकारी पहिचान स्थापित गर्न एक हदसम्म सफल रहेको छ। यसले संशोधनवादको भण्डाफोर गरी मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली क्रान्तिमा स्थापित गर्ने एउटा वैचारिक आधार खडा गरेको छ।

पार्टीले निर्वाचन बहिष्कारका कार्यक्रमहरूलाई एकल र संयूक्त रूपमा अगाडि बढायो। पार्टीको नेतृत्वमा सबैतिर एकल कार्यक्रमहरू सम्पन्न भए तर ती त्यति व्यवस्थित र प्रभावकारी भएनन्। सम्बन्धित पार्टी कमिटीका बैठकमा बहिष्कारका कार्यक्रमको मूर्त योजना बनाई पुरै पार्टी पङ्क्तिलाई उत्साहजनक ढङ्गले परिचालन गर्न सकिएन। पहिलो र दोस्रो चरणका प्रचारात्मक कार्यक्रमहरू सामान्यतः सफल रहेपनि तेस्रो चरणका कार्यक्रमहरू कार्यान्वयन गर्न कतिपय ब्यूरोहरूले पहल नै गरेको पाइएन। यसमा प्रतिक्रियावादी सत्ताको दमन तथा धरपकड, पार्टीमा रहेको आत्मसुरक्षावादी चिन्तन र कम्युनिस्ट नामधारी संशोधनवादी पार्टीहरूको दक्षिणपन्थी हावाले पनि काम गऱ्यो। अर्कोतर्फ, ६ ओटा पार्टीका बीच केन्द्रीय संयुक्त सङ्घर्ष समितिको निर्माणले जनताका बीचमा राम्रो सन्देश दियो। बीचमा दुई ओटा पार्टीहरू सङ्घर्ष समितिबाट अलग्गिए पनि बाँकी ४ ओटा पार्टीले संयुक्त सङ्घर्ष समितिको कामलाई सन्तोषजनक रूपमा अगाडि बढाए। यसले क्रान्तिकारी पार्टीहरूका बीचमा एउट प्रभावकारी संयुक्त मोर्चा निर्माण गर्ने आधार तयार गरेको छ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।